# पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

७८

पूर्णाङ्क

संशोधन–मण्डल

मीमांसाचार्य पण्डित श्रीबुद्धिसागर पराजुलीज्यू,

हाम्रो 'लिच्छविसंवत्‌को निर्णय'को खण्डन गर्ने हिम्मत तपाईँमा छ भने त्यस विषयका लेखहरू लेखी, प्रकाश गराई तपाईँ आफैँ शास्त्रार्थको मैदानमा उत्रनुहोस् ।

भवदीय

वि. सं. २०४७ श्रावणसङ्क्रान्ति

नयराज पन्त

संशोधन–मण्डल

का. मे. अ. द. नं. १५५/२४६

*तदिह न गुणदोषौ योजनीयावलीकौ*
*कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।*

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ कूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

( इतिहास-प्रधान त्रैमासिक पत्रिका )

२० वर्ष

२ अङ्क

सम्पादक-
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक-
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ३०/-

# विषय–सूची

१) *लिच्छविसंवत्को परिचर्चाको परीक्षा* —नयराज पन्त

सहायक —देवीप्रसाद भण्डारी

रुक्मनाथ पौडेल १–५२

क) भूमिका ३–६

ख) शङ्करमान राजवंशीले बदनियतले जानाजान बोलेका झूटा कुराहरू ६–२०

१) शकसंवत् चैत्रादि मात्र हुन्छ, कार्तिकादि हुन सक्तैन ६–९

२) नेपालसंवत्मा ८०२ जोडेपछि मात्र शकसंवत् हुन्छ ९–२०

ग) उही महीना, पक्ष, तिथि, वार र नक्षत्र दोहोरिइरहन्छन् २०–२३

घ) के रबर्ट स्वेलको सारणी अप्रामाणिक हो ? २३–२५

ङ) ताक परे तिवारी नत्र गोतामे २६–२८

च) कलिगतसंवत् अहिलेसम्म पनि चलिरहेकै छ २८

छ) पिष्टपेषण २९–३०

ज) पढ्न गाह्रो माने केही पनि बुझ्दिँदैन ३०–३१

झ) के नरेन्द्रदेवको अभिलेख अप्रामाणिक हो ? ३१–३२

ञ) शङ्करमानको दृष्टिमा सुमतितन्त्र अप्रामाणिक हुनाको कारण ३३–३८

ट) के शङ्करमान सुमतितन्त्रको विरोधमा जथाभावी लेखन छोड्लान् ? ३८–४९

ठ) श्री ३ को हुकुम र शङ्करमानका लेख ४९–५२

ड) उपसंहार ५२

२) विक्रमको सत्रौँ अठारौँ शताब्दीमा नेपालमा सारिएका केही पुस्तकका अप्रकाशित पुष्पिकावाक्य —दिनेशराज पन्त ५३–५९

३) मुगलसम्राट् औरङ्गजेबको धर्मनीति —नयराज पन्त ६०–६१

४) मेरा सैँतीसभन्दा अलि अधिक बिते वर्ष यस्तै कुराले —नयराज पन्त ६१–६२

## यस अङ्कको शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध | पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|---|---|---|---|
| २०<br>२१ | २१<br>१ | उही तिथि, | उही महीना, पक्ष, तिथि, | ३७ | २७ | लच्छविसंवतको | लिच्छविसंवत्को |
| | | | | ३९ | २७ | चत्वांरिशद् | चत्वारिंशद् |
| | | | | ४८ | ९ | एउटो | एउटा |

# लिच्छविसंवत्को परिचर्चाको परीक्षा


परीक्षक

**नयराज पन्त**

सहायक

**देवीप्रसाद भण्डारी**

**रुक्मनाथ पौडेल**

# समर्पण

लिच्छविसंवत्‌को निर्णय गर्न

सुमतितन्त्रका पहिला प्रयोक्ता

## विद्वच्छिरोमणि हेमराज शर्मा

[वि. सं. १९३५–२०१०]

तथा

## ऐतिहासिकशिरोमणि बाबुराम आचार्य

[वि. सं. १९४४–२०२९]

लाई

## यो ग्रन्थ सादर समर्पण गर्छु

वि. सं. २०४७ ज्येष्ठ २ गते बुधवार

—नयराज पन्त

# भूमिका

मेरो जन्म वि. सं. १९७० श्रावण २६ गते आइतवार भएको हो। म जन्मनुभन्दा ३३ वर्षपहिले भगवानलाल इन्द्राजीले नेपालका लिच्छविकालदेखिका अभिलेख खोजी गरी प्रकाश गराएका हुन्। उनले लिच्छविकालका अभिलेखमा देखिएका दुवै थरी संवत्का विषयमा आफ्नो विचारअनुसार ऊहापोह गरेका थिए।

म जन्मनुभन्दा २८ वर्षपहिले सेसिल वेन्डलले नेपालका लिच्छविकालका अभिलेख छपाई इतिहास तथा गणित जान्ने विद्वान्हरूका सामुन्ने पौषमा परेको अधिमास के हो भन्ने तर्कवितर्क उठाइदिए। उनैले बेलायती सङ्ग्रहालयमा रहेका नेपाली हस्तलिखित पुस्तकहरूको सूचीपत्र छपाउने सिलसिलामा मानदेवसंवत्को चर्चा परेको सुमतितन्त्रको भाग छपाइदिई सुमतितन्त्रपट्टि नेपाली इतिहासका विद्वान्हरूको ध्यान आकृष्ट गराइदिएका हुन्।

म जन्मनुभन्दा २६ वर्षपहिले जोन फेथफुल फ्लीटले मानदेवको चाँगुको अभिलेखको गणना छपाइदिई इतिहाससम्बन्धी गणित जान्ने विद्वान्हरूसमक्ष एउटा प्रस्ताव राखिदिएका हुन्।

म जन्मनुभन्दा ८ वर्षपहिले सिलभाँ लेभीले लिच्छविकालका अभिलेखमा देखिएका अधिमासलाई उपकरण मानी लिच्छविसंवत्को निर्णय गर्ने काम गरेका हुन्।

मेरो २२ वर्षको उमेर हुँदा हेमराज शर्माले मानदेवसंवत्को उल्लेख परेको सुमतितन्त्रको भाग काशीप्रसाद जायसवाललाई देखाइदिएका हुन्।

आफ्नो २५ वर्षको उमेरमा मैले सुमतितन्त्रको नाम सुनेको हुँ। जायसवालले छपाएको मानदेवसंवत्को उल्लेख परेको सुमतितन्त्रको भाग पनि मैले त्यसै वर्ष देखेको हुँ।

मेरो २६ वर्षको उमेर हुँदा बाबुराम आचार्यले सुमतितन्त्रद्वारा प्रतिपादित शकसंवत् र मानदेवसंवत्को प्रयोग गरेर लिच्छविसंवत्को निर्णय गरी मानदेवको र अंशुवर्माको समय नियत गरेका हुन्।

अहिलेसम्म धेरै विद्वान्हरूले सुमतितन्त्रद्वारा प्रतिपादित मानदेवसंवत्को उपयोग गरी इतिहासका पुस्तक लेखिसकेका छन्।

लिच्छविकालमा चलेका संवत्को विषयमा शङ्करमान राजवंशीले १७ वर्षअगाडि लिच्छविसंवत्को निष्कर्ष नामक पुस्तक लेखे। उनको सो पुस्तकमा दिइएको संवत्सम्बन्धी निर्णय अशुद्ध छ भनी बोल्नेमा पहिलो व्यक्ति म होइन। लिच्छविसंवत्को निष्कर्षको पहिलो खण्डनकर्ता भुवनलाल प्रधान हुन्, उनले यस्तो लेखेका छन्—

> शङ्करमानजीको 'लिच्छवि संवत्को निष्कर्ष' ऐतिहासिक तवरले मिल्दैन भनेर मैले सं. २०३१ सालमै नेपाली, अङ्क ६१, ऐ अङ्क ६४, गोरखापत्र २०३३–१–१९, ऐ २०३५–१०–२७ मा प्रकाशित गरिसकेको छु। यस विषयको टिप्पणी सर्वप्रथम मेरै थियो।
>
> उपरोक्त मेरा लेखहरूमा व्याख्या भएअनुसार उपरोक्त 'निष्कर्ष'–मा निम्नलिखित कुराहरू गलत छन्:–
>
> (१) अंशुवर्मा राजा भएको समय शक सं. ५०४ देखि ५१९ भन्ने।
>
> (२) स्रङ चङ गम्पोको समय शक सं. ५०२–५६० भन्ने।
>
> (३) अंशुवर्मा र हर्षवर्धन समकालीन हुन सक्तैनन् भन्ने।

(४) नरेन्द्रदेवको समय वि. सं. ६७६ देखि ७१२ सम्म भन्ने ।
(५) त्यस बखत प्रचलित पुरानो संवत्लाइ शक संवत्भन्दा २२ वर्ष पुरानो भन्ने ।
(६) अंशुवर्मा संवत् ३०१ को अभिलेखसंग सम्बन्धित मानदेवको राज्यकाल वि. सं. ९११ मा पर्दछ भन्ने ।
(७) भृकुटीको जन्म ई. सन् ५७३ मा भएको भन्ने ।
(८) ई. सन् ५९३ मा स्रङ चङ गम्पोले भृकुटी विवाह गरेको भन्ने ।
ई. सन् ६४१ मा उनको उमेर ७२ वर्ष पुगेको ठहर्न आउँछ भन्ने ।
(९) स्रङ चङ गम्पोले विवाह गरेकी चीनी राजकुमारी 'सुइ–वंश' को हुनुपर्छ भन्ने ।

(वि. सं. २०३७ मा कीर्तिपुरबाट त्रिभुवन विश्वविद्यालयका इतिहास शिक्षण समिति तथा नेपाली इतिहास, संस्कृति र पुरातत्त्व शिक्षण समितिद्वारा प्रकाशित नेपालको इतिहासका विवादास्पद विषयहरू, ३६ पृष्ठ) ।

यस अवस्थामा मेरो मात्र दुर्यश फैलाइदिने काममा शङ्करमान के उद्देश्यले लागेका छन्, यो कुरा सबैको लागि विचारणीय हुन पुगेको छ । मेरो निन्दा गर्ने क्रममा सिद्धान्तज्यौतिषको गणनामा अयनांशले केही फरक पार्दैन र शकसंवत् कार्तिकादि हुनै सक्तैन जस्ता अनर्थ कुराहरू पनि शङ्करमानले लेखेका छन् । यहाँ शङ्करमान मेरै चेला हुन्, तिनले भनेका ती कुरा ठीक छन् भनी मैले बोलिदिएँ भने पनि उपर्युक्त अयनांशसम्बन्धी कथनलाई कुनै पञ्चाङ्गकर्ताले स्वीकार गर्नेछैन । त्यस्तै शकसंवत् कार्तिकादि हुनै सक्तैन भन्ने विषय पनि भक्तपुरका मल्लकालका अभिलेख एकफेर पढिसकेको जोकोहीले पनि स्वीकार गर्नेछैन ।

नेपालमा अभिलेख राख्ने लिच्छविहरू नेपालकै हुन्, तापनि अहिले लिच्छविहरूको इतिहाससम्बन्धी चर्चा सार्वलौकिक विषय भइसकेको छ । यस कारण शङ्करमान लिच्छविसंवत्सँग सम्बद्ध आफ्नो विचारलाई देश–विदेशका विभिन्न इतिहासज्ञ विद्वान्हरूको जमातमा प्रस्तुत गरून् र उनीहरूको प्रतिक्रिया कस्तो हुन्छ त्यो पनि बुझ्ने प्रयास गरून् ।

सुमतितन्त्रको मूल वाक्य, सुमतितन्त्रकै टीकावाक्य, भोटका स–सक्य–पान–चेनको समयको परम्परा, वि. सं. १७१२ मा सारिएको हरिवंशको पुष्पिकावाक्य यी ४ थरी प्रमाणद्वारा प्रतिपादित वि. सं. ६३३ देखि उठेको मानदेवसंवत् मानी, हामी ४–५ जना (नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्त र अलि पछि रुक्मनाथ पौडेल) ले भिन्नाभिन्नै रूपमा संवत् ३१ को पौषको अधिमास (मोहनप्रसाद खनाल), संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्र (धनवज्र वज्राचार्य), संवत् ३४ को पौषको अधिमास (सेसिल बेन्डल) र संवत् ३०१ वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग (बुद्धिसागर पराजुली) यी ४ थरी तिथिमितिका गणना गरी आ–आफ्नो गणना भिडाई निर्णय गरेको कुरा इतिहास तथा गणित राम्रो नपढेका कर्मकाण्डका कुनै विशेषज्ञ पण्डितले शङ्करमानको मतको समर्थनमा—

केवलं शास्त्रमाश्रित्य न कर्तव्यो विनिर्णयः ।
युक्तिहीनविचारे तु धर्महानिः प्रजायते ।।'

---

१) वि. सं. २०४६ मा काठमाडौंबाट गिरीन्द्रमान राजवंशी र श्यामसुन्दर राजवंशीद्वारा प्रकाशित, शङ्करमान राजवंशीको लिच्छविसंवत्को परिचर्चा, ६० पृष्ठ ।

भनेर भट्टचाए भन्दैमा एकदेशीय[२] हुन सक्तैन ।

अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको मानदेवसंवत्सिवाय अर्को हुन सक्तैन भन्ने कुरो गणित तथा इतिहास दुवैको प्रमाणबाट सिद्ध भएपछि, मानदेवहरूले व्यवहार गरेको संवत् शकसंवत्सिवाय अर्को हुन सक्तैन, तर त्यसलाई गणितबाट सिद्ध गर्नचाहिं सकिएको छैन भनी मैले लेखिसकेको छु ।[३]

लिच्छवि राजा मानदेवहरूले व्यवहार गरेको संवत् शकसंवत् हुन सक्तैन, किनकि त्यस्तो मान्दा संवत् ४४९ को आषाढको अधिमास मिलाउन सकिंदैन भनी पहिलोपल्ट शकसंवत्को विरोध गर्ने व्यक्ति सिल्भाँ लेभी हुन् । इतिहासमा काललिर्णय गर्ने बरता गणितलाई मात्र प्रमाण मान्नु हुँदैन, त्यस कारण मानदेवहरूले व्यवहार गरेको संवत् शकसंवत्सिवाय अर्को हुनै सक्तैन भनी मत प्रतिपादन गर्ने रमेशचन्द्र मजूमदार हुन् । उनले आफ्नो मत प्रतिपादन गर्दा मेरो उमेर ३२ वर्षको थियो । त्यतिखेर मजूमदारले लिच्छविकालका अभिलेखहरू प्रसिद्ध सिद्धान्तज्योतिषी आर्यभटका सामानकालिक जस्ता छन्, त्यसैले त्यो समयमा कस्तो गणनापद्धति चलनचलतीमा थियो विद्वान्हरूले यस विषयको पनि खोजी गर्नुपर्छ भनी एउटा घतलाग्दो बोली बोलेका छन् । त्यसैले तिनताका वेदाङ्गज्योतिषअनुसारको गणनापद्धति व्यवहारमा थियो कि भनी म त्यसतर्फ लागेको छु, तदनुसार तिनताकाका अधिमासहरू मिलाउनैचाहिं मैले सकिसकेको छैन ।[४]

पहिले ३९६ लाई ३९५ पढ्दा, ३९५—२२=३७३ हुने हुनाले तथा केरो लक्ष्मण छत्रेको सारणीमा शक ३७३ को वैशाखमा अधिमास देखिएको हुनाले शङ्करमानको लेखा सूर्यसिद्धान्त पनि ग्राह्य थियो, नारदको मत पनि प्रामाणिक थियो । अहिले उपर्युक्त अङ्क ३९८ हो भनी निर्णय गरेपछि, ब्रह्मसिद्धान्तअनुसार अधिमास गर्ने भनेको, तर सो अधिमास नारद र भारद्वाज दुवैको मतअनुसार नमिलेको हुँदा शङ्करमानले आफ्नो अधिमास मिलाउन नयाँ मतको प्रतिपादन गरे । उनको नयाँ मतको प्रमाण के हो र सो कहाँ छ भन्ने प्रश्नको जवाफचाहिं उनी यसरी दिन्छन्—

अज्ञानलाई ज्ञानले काटे जस्तै ऋषिको वचन विज्ञानले काट्छ ।

(लिच्छविसंवत्को परिचर्चा, ६१ पृष्ठ) ।

अभिलेखमा दिएको संवत्अनुसार आफ्नो कुरा मिलेन भने स्वेच्छाले अभिलेखको अङ्क अन्यथा कल्पना गरिदिने, कसैले अभिलेखको अङ्क वास्तवरूपमा देखाइदिई गणितबाट तिम्रो कुरा मिल्दैन भनी भनिदियो भने परम्परादेखि मानिआएको गणनापद्धतिलाई नै अप्रामाणिक भनिदिने, तिम्रो मतको प्रामाण्य के छ भनी प्रश्न गर्दा मैले निकालेको 'नेपालको आफ्नै विशुद्ध मत' हो भनी गर्जन थाल्ने गरेपछि कुनै पनि कुराको निर्णय कसरी हुन्छ ?

यस कारण शङ्करमानलाई विशिष्टविज्ञानवेत्ता र नयाँ सिद्धान्तका आविष्कारक नमानी उनको मत स्वीकार गर्न सकिंदैन ।

---

२) उही, १४ पृष्ठ ।

३) वि. सं. २०४३ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नयराज पन्त (सहायक– देवीप्रसाद भण्डारी, केशवचन्द्र न्यौपाने) को लिच्छविसंवत्को निर्णय, ५५५, पृष्ठ ।

४) उही, ५७४–५७५ पृष्ठ ।

तत् प्रत्यक्षविरुद्धमुद्धतमिदं नैवास्तु वा वस्तु वा ।
हे प्रौढा गणका विचारयत तद् मध्यस्थबुद्ध्या भृशम् ।।५३।।

(सिद्धान्तशिरोमणि, भुवनकोशाधिकार)

[हे सिपालु गणितज्ञहरू हो ! प्रत्यक्ष देखिने यो वाहियात कुरालाई वाहियात भन्ने हो कि ठीक भन्ने हो तपाईंहरू मध्यस्थ भई राम्रोसँग विचार गर्नुहोस् ।]

# शंकरमान राजवंशीले बदनियतले जानाजान बोलेका झूटा कुराहरू

## १) शकसंवत् चैत्रादि मात्र हुन्छ, कार्तिकादि हुन सक्तैन ।

अंशुवर्मा ताकाको संवत् र त्यो भन्दा माथिको संवत् यी दुवै कार्तिकादि हुन् भन्ने कुरा नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेख र चाँगुको निरपेक्षको अभिलेख तथा पशुपति सूर्यघाटको विजयवतीको अभिलेखले सिद्ध गरेको छ । तर शक संवत् चैत्रादि हुनाले यो कुरा पनि मिल्दैनथ्यो ।

(लिच्छविसंवत्को परिचर्चा, १–२ पृष्ठ)

शकसंवत् चैत्रादि हो । अभिलेखको संवत् कार्तिकादि हुनाले त्यो पनि अशुद्ध छ ।

(लिच्छविसंवत्को परिचर्चा, १४ पृष्ठ)

लिच्छविकालको संवत् कार्तिकादि भएपछि मानदेवदेखि शिवदेवसम्मका संवत् शकसंवत् हुन्छ त ? किन भने शकसंवत् त चैत्रादि हो ।

(लिच्छविसंवत्को परिचर्चा, ६५ पृष्ठ)

मानदेवदेखि प्रथम शिवदेवको पालासम्मका अभिलेखका संवत् कार्तिकादि भएका हुनाले ती शकसंवत् हुन सक्तैनन् किनभने शकसंवत् चैत्रादि मात्र छ कार्तिकादि छैन भनी शङ्करमानले यहाँ दृढतापूर्वक लेखेका छन् । अत्र यसको परीक्षा गरिन्छ ।

भक्तपुर सिद्धपोखरीनजीकै सल्लाघारीसँगै रहेको पोखरीको पाटीको भित्तामा रहेको जगज्ज्योतिर् मल्लको वि. सं. १६८७ को शिलालेखमा यस्तो लेखिएको छ–

शाके १५५२ ।। नेपालसम्वत् ७५० थवगुलि वर्षस ... श्रीमन्महाराजाधिराज श्रीश्रीजयजगज्ज्योतिर्म्मल्लदेव प्रभु ठाकुरसन पौषकृष्ण एकादशी बुधानुराध-योगस आरम्भ याङान वैशाखकृष्ण द्वादशी रेवतीनक्षत्र प्रीतियोग बृहस्पतिवार कोन्हु संपूर्ण्णन सिधयकं थ्व पुष्करिणी प्रतिष्ठा याङ जुरों

[शकसंवत् १५५२ नेपाली संवत् ७५० (वि. सं. १६८७) यस वर्ष श्रीमहाराजाधिराज श्रीश्रीजय जगज्ज्योतिर्मल्लदेव प्रभु ठाकुरले पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण) एकादशी बुधवार अनुराधा-नक्षत्रको योग भएको दिनमा आरम्भ गरीकन वैशाखकृष्ण (पूर्णान्तमानले जेष्ठकृष्ण) द्वादशी रेवतीनक्षत्र प्रीतियोग बृहस्पतिवारका दिन जम्मै सिद्ध्याएर यो पोखरीको प्रतिष्ठा गरियो ।]

(वि. सं. २०१७ मा काठमाडौंबाट भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा विरचित तथा प्रकाशित इतिहास–संशोधन ५१ क्रमागत सङ्ख्याका १–२ पृष्ठ) ।

यो दिनको गणनाको विषयमा इतिहास–संशोधन ५१ क्रमागत सङ्ख्यामा यस्तो लेखिएको छ—

नेपाली संवत्‌को वत्सरारम्भ कार्तिकशुक्ल प्रतिपदादेखि हुन्छ । शकसंवत् विक्रमसंवत् कलिगतवर्षको वत्सरारम्भ चैत्रशुक्ल प्रतिपदादेखि हुन्छ । यस पद्धतिअनुसार कार्तिकशुक्ल प्रतिपदादेखि फाल्गुनकृष्ण (पूर्णान्तमानले चैत्रकृष्ण) अमावास्यासम्म नेपाली संवत्‌मा ८०१ जोडे शकसंवत्, ९३६ जोडे विक्रमसंवत्, ३९८० जोडे कलिगतवर्ष हुन्छ । चैत्रशुक्ल प्रतिपदादेखि आश्विनकृष्ण (पूर्णान्त मानले कार्तिककृष्ण) अमावास्यासम्म नेपाली संवत्‌मा ८०२ जोडे शकसंवत्, ९३७ जोडे विक्रमसंवत्, ३९८१ जोडे कलिगतवर्ष हुन्छ । तर जगज्ज्योतिर्मल्लको यस शिलालेखमा भने ने. सं. ७५० पौषकृष्ण (पूर्णान्त मानले माघकृष्ण) र वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) मा पनि शकसंवत् १५५२ नै दिइएको छ । अहिले चलेको पद्धतिअनुसार यहाँको शकसंवत् पनि चैत्रशुक्ल प्रतिपदादेखि सुरु हुने भएको भए ने. सं. ७५० पौषमा शकसंवत् १५५१ र वैशाखमा मात्र १५५२ हुनुपर्थ्यो । त्यसो नभई पौष र वैशाख दुवै महीनामा शकसंवत् १५५२ नै देखिएकाले यहाँको शकसंवत् चैत्रशुक्ल प्रतिपदादेखि सुरु भएको देखिएन, प्रत्युत कार्तिकशुक्ल प्रतिपदादेखि सुरु भएको देखिन आयो । यसको निर्णयका लागि यहाँ उल्लिखित तिथिमितिको गणना गरी आएको पञ्चाङ्ग यहाँ दिइएको छ—

ने. सं. ७५० तदनुसार श. सं. १५५१ वि. सं. १६८६ पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण) ÷

| वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|
| बुध | एकादशी | १५।३६ | अनुराधा | ३१।४० |

शकसंवत् १५५२ वि. सं. १६८७ पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण) +

| वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|
| मङ्गल | एकादशी | १५।४५ | ज्येष्ठा | ५।५० |

यसबाट नेपाली संवत्‌को जस्तै कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत्‌को प्रारम्भ मानी गणना गर्दा तिथिमिति मिल्न आएको र चैत्रशुक्ल प्रतिपदादेखि शकसंवत्‌को प्रारम्भ मानी गणना गर्दा तिथिमिति नमिलेको स्पष्ट देखियो ।

वैशाखकृष्णमा चाहिं चैत्रादि भए पनि कार्तिकादि भए पनि एउटै हुने हुँदा यहाँ दिइएको ने. सं. ७५० शकसंवत् १५५२ को गणना गर्दा मिल्न आउँछ ।

ने. सं. ७५० शकसंवत् १५५२ वि. सं. १६८७ वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) +

| वार | तिथि | घ. घ. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|
| बृहस्पति | द्वादशी | ८।१६ | रेवती | ३५।४७ | प्रीति | १६।४३ |

÷ यो गणना हामी (देवीप्रसाद, भोलानाथ र शङ्करमान) ले गरेका हौं ।

\+ यो गणना हामी (देवीप्रसाद, भोलानाथ र शङ्करमान) ले गरेका हौं ।

(इतिहास–संशोधन ५१ क्रमागत सङ्ख्याका ३–४ पृष्ठ)

जगज्ज्योतिर् मल्लको उपर्युक्त शिलालेखसँगै यसै पोखरीविषयको जितामित्र मल्लको शिलालेख पनि रहेको छ । सो शिलालेखमा यस्तो लेखिएको छ—

> ··· श्रीमन्महाराजाधिराज श्रीश्रीसुमति जयजितामित्रमल्लदेव प्रभु थाकुरसन ··· नेपालसंवत् ७९८ श्रीशाके १६०० कलिगत ४७७९ विक्रम १७३५ माघमासे शुक्लपक्षे पञ्चम्यां तिथौ रेवतीनक्षत्रे वृ(सि)द्धियोगे बृहस्पतिवासरे थ्व कुन्हु यज्ञ याङाव प्रतिष्ठा याङा दिन ।। ।।

[श्रीमहाराजाधिराज सुमति (बुद्धि सप्रेका) श्रीश्रीजयजितामित्र मल्ल प्रभु ठाकुरले नेपाली संवत् ७९८ शकसंवत् १६०० कलिगतवर्ष ४७७९ विक्रमसंवत् १७३५ माघशुक्ल श्रीपञ्चमी रेवतीनक्षत्र सिद्धियोग बृहस्पतिवारका दिन यज्ञ गरीकन प्रतिष्ठा गरिएको हो ।]

(इतिहास–संशोधन ५१ क्रमागत सङ्ख्याका ५–७ पृष्ठ)

यस दिनको गणनाको विषयमा इतिहास–संशोधन ५१ क्रमागत सङ्ख्यामा यस्तो लेखिएको छ–

> माथिको जगज्ज्योतिर्मल्लको शिलालेखमा जस्तै यहाँ पनि शक विक्रम कलिगतवर्षहरू कार्तिकशुक्ल प्रतिपदादेखि सुरु गरिएका देखिन्छन् । किनभने ने. सं. ७९८ माघमा यहाँ शक सं. १६०० वि. सं. १७३५ कलिगतवर्ष ४७७९ दिइएका छन् । आजभोलिको चलनअनुसार चैत्रशुक्लप्रतिपदादेखि यी संवत्हरू सुरु गरिएका भए ने. सं. ७९८ माघमा शक सं. १५९९ वि. सं. १७३४ कलिगतवर्ष ४७७८ मात्र हुनपर्थ्यो । यस कारण यस शिलालेखमा उल्लिखित शक विक्रम कलिगतवर्षहरू पनि ने. सं. जस्तै कार्तिकशुक्ल प्रतिपदादेखि सुरु गरिएका रहेछन् भन्ने स्पष्ट छ । गणना गरेर हेर्दा पनि यही कुरा सिद्ध हुन आउँछ ।
>
> ने. सं. ७९८ तदनुसार शक सं. १५९९ वि. सं. १७३४ कलिगतवर्ष ४७७८ माघशुक्ल ÷

| वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|
| बृहस्पति | पञ्चमी | २४।३० | उ. भा. | १३।२२ | सिद्धि | ३०।५२ |

शकसंवत् १६०० विक्रमसंवत् १७३५ कलिगतवर्ष ४७७९ माघशुक्ल ÷

| वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|
| मङ्गल | पञ्चमी | १।१ | उ. भा. | ३५।५६ | शिव | ४०।२ |

> यहाँ नेपाली संवत् जस्तै गरी कार्तिकशुक्ल प्रतिपदादेखि शक विक्रम कलिगतवर्षहरूको प्रारम्भ मानी गणना गर्दा तिथिमिति मिल्न आयो र चैत्रशुक्ल प्रतिपदादेखि शक विक्रम कलिगत वर्षहरूको प्रारम्भ मानी गणना गर्दा तिथिमिति मिल्न आएन ।
>
> यसरी माथिका जगज्ज्योतिर्मल्लका र जितामित्र मल्लका दुवै शिलालेखमा शकसंवत् विक्रमसंवत् कलिगतवर्षहरूको पनि नेपाली संवत्को जस्तै कार्तिकशुक्ल प्रतिपदादेखि सुरु गरिएको देखियो ।
>
> ÷ यो गणना हामी (देवीप्रसाद, भोलानाथ र शङ्करमान) ले गरेका हौं ।

(इतिहास–संशोधन ५१ क्रमागत सङ्ख्याका ८–९ पृष्ठ)

पहिले शङ्करमान आफैले शकसंवत् कार्तिकादि भएका अभिलेखका गणना गरेका थिए, यस कारण लिच्छविसंवत्को परिचर्चामा शकसंवत् कार्तिकादि हुनै सक्तैन भनी अहिले शङ्करमानले जो लेखे सो जानाजान बदमासी गर्ने नियतले लेखिएको हो भन्ने कुरा जो कोही पनि बुझन सक्छ ।

## २) नेपालसंवत्मा ८०२ जोडेपछि मात्र शकसंवत् हुन्छ ।

त्यसैले चाँगुको गरुडको कवचमा रहेको अभिलेखको संवत् ३१ माघ शुक्ल त्रयोदशी पुष्य नक्षत्र आइतबारको मितिको गणना त्यो वर्ष भक्तपुरको अभिलेखमा अधिमास परेको हुनाले मानदेव संवत्-बाट गणना गर्दा अधिमास नपरेकोले मिल्दैन भनेथें । त्यसलाई श्रीगुरु नयराज पन्त ज्यूले एउटा युक्ति निकाल्नुभयो र अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि उठेको हो भनी सकार्दा अभिलेखका सबै मिति ट्वाक्क मिल्छन् भनी सो युक्ति यसरी दिनुभयो—

अभिलेखको संवत् ३१ (=६३३+३१) = वि. सं. ६६४
यताबाट यो अभिलेख वि. सं ६६४ मा राखिएको देखिन्छ ।

अब यो कुरा गणनाबाट सिद्ध गरिन्छ ।

अंशुवर्मादेखिका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भन्ने कुराको सङ्केत अनन्तलिङ्गेश्वरमा रहेको नरेन्द्र देवको अभिलेखबाट पाइन्छ ।
यसकारण अभिलेखको संवत् ३१ वि. सं. ६६४ को कार्तिकदेखि वि. सं. ६६५ को आश्विनसम्म रहन्छ ।

विक्रम संवत्बाट १३५ घटाए शक संवत् आउँछ । यस कारण वि. सं. ६६४ (=६६४—१३५) = शकसंवत् ५२९ हुन्छ । यसकारण अभिलेखको संवत् ३१ शकसंवत् ५२९ कार्तिकदेखि ५३० आश्विन-सम्म रहन्छ । वेङ्कटेश केतकरको सौरार्यब्राह्मपक्षीय–तिथिगणितमा छापिएको अधिमास क्षयमास सारणीमा शकसंवत् ५३० को ज्येष्ठमा अधिमास छ । सो अधिमास अभिलेखको संवत् ३१ ज्येष्ठमा पर्छ ।

अभिलेखको संवत् ३१ को ज्येष्ठमा परेको अधिमास धर्मनिर्णय तिथिसार संग्रहको ··· ··· ··· ··· वचन अनुसार पौषमा लिइने भयो ।

(लिच्छविसंवत्को निर्णय ९–१० पृष्ठ ।)

अर्को कुरो यस्तो पनि भन्नुभएको छ ।
वि. सं. ६३३ देखि ९३७ भित्रको कुनै समयमा सुमतितन्त्रको रचना भएको हो ।

(लिच्छविसंवत्को निर्णय १३६ पृष्ठ)

सुमतितन्त्रको ग्रन्थकारले नेपालसंवत्बाट शकसंवत् ल्याउने रीति पनि यसरी दिएको छ ।
"ॐ नमः सूर्याय । नेपाल सम्वत्सर कर्मभूमौ स्थाप्य नयनाश्वनागा ८०२★ संयोज्य शककालंभवति ।"
(★ जसरी शक ४९८ मा मानदेव संवत् आरम्भ हुन्छ भने जस्तै शक ८०२ मा नेपाल संवत् आरम्भ हुन्छ भनी स्पष्ट भनेको छ ।)

नेपालसंवत्मा ८०२ जोडेपछि शकसंवत् हुन्छ भन्ने कुरा उक्त रीतबाट थाहा हुन्छ ।

सुमतितन्त्रका ग्रन्थकारलाई मानदेवसंवत् चाहिं थाहा रहेन छ, नेपाल संवत् चाहिं थाहा रहेछ भन्ने कुरा सुमतितन्त्रका ग्रन्थकारको यस लेखाइबाट बुझिन्छ ।

नेपालसंवत् चलिसकेपछि मध्यकालसम्म अधिमास मान्ने परिपाटी लिच्छविकालकै परिपाटी अनुसार थियो । मध्यकालमा अधिमास मानेका कतिपय तिथिमितिको सूची तथा त्यसको गणना मेरो लिच्छविसंवत्को निष्कर्ष नामक पुस्तकको ३८–४२ पृष्ठमा दिएको छ ।

नेपालसंवत् पनि कार्तिकादि भन्ने कुरा सर्वमान्य छ । श्रीगुरु नयराज पन्त ज्यूको युक्ति बमोजिम मध्यकालका अधिमासहरू जांच्दा निस्केको नतीजा यहाँ प्रस्तुत गरिन्छ ।

१. पेटेक ३३ पृष्ठमा प्रकाशित पाटन गचाननीको अभिलेखमा ने. सं. १३२ प्रथमाषाढ शुक्ल दिवा त्रयोदश्यां बृहस्पति दिने मैत्रनक्षत्रे भनी दिएको छ । यसमा ८०२ जोड्दा शक ९३४ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक ९३४ कार्तिकदेखि ९३५ आश्विनसम्म रहन्छ । वेङ्कटेश केतकरको सौरार्य ब्राह्मपक्षीय तिथिगणितमा दिइएको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक ९३४ ज्येष्ठमा परेको छ ।[१]

२. पेटेक ५५ पृष्ठमा प्रकाशित इण्डिया अफ लाइब्रेरीमा रहेको स्फोटिका वैद्य भन्ने पुस्तकमा ने. सं. २४० प्रथमाषाढ कृष्ण द्वितीयायां सोमदिने भनी दिइएको छ । यसमा ८०२ जोड्दा शक १०४२ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १०४२ कार्तिकदेखि १०४३ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १०४२ भाद्रमा परेको छ ।

३. पेटेक ६२ पृष्ठमा प्रकाशित केशरपुस्तकालयमा रहेको सर्वप्रकरणसंग्रह भन्ने पुस्तकमा ने. सं. २६० प्रथमाषाढ कृष्ण पञ्चम्यां पूर्वभाद्रनक्षत्रे शुक्रदिने भनी दिइएको छ । यसमा ८०२ जोड्दा शक १०६९ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १०६९ कार्तिकदेखि १०७० आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १०६९ भाद्रमा परेको छ ।

४. पेटेक ६३ पृष्ठमा प्रकाशित वीरपुस्तकालयमा रहेको चान्द्र व्याकरण भन्ने पुस्तकमा ने. सं. २७६ प्रथम पौष कृष्णदिवा चतुर्थ्यां भनी दिइएको छ । यसमा ८०२ जोड्दा शक १०७८ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १०७८ कार्तिकदेखि १०७९ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १०७८ चैत्रमा परेको छ । यो अधिमास उक्त वर्षभन्दा अगाडि नै पर्छ ।

५. पेटेक ७५ पृष्ठमा प्रकाशित ब्रिटिश म्यूजियममा रहेको पिङ्गलामत भन्ने पुस्तकमा ने. सं. ३१३ द्विराषाढ पूर्णमास्यां श्रवण नक्षत्रे बृहस्पतिवासरे भनी दिइएको छ । यसमा ८०२ जोड्दा शक १११५ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १११५ कार्तिकदेखि १११६ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र शक १११६ चैत्रमा अधिमास परेको छ । यो एउटा उहाँको युक्ति भित्र पर्‍यो ।

६. पेटेक ७५ पृष्ठमा प्रकाशित वीरपुस्तकालयमा रहेको सप्तशती भन्ने पुस्तकमा ने. सं. ३१६ प्रथमाषाढ शुक्लैकादश्यां सोमवारे भनी दिइएको छ । यसमा ८०२ जोड्दा शक १११८ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १११८ कार्तिकदेखि १११९ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १११८ भाद्रमा परेको छ ।

७. पेटेक ७६ पृष्ठमा प्रकाशित ब्रिटिश म्यूजियममा रहेको कारण्डव्यूह भन्ने पुस्तकमा ने. सं. ३१६ द्विराषाढ पूर्णमास्यां बृहस्पतिवासरे भनी दिइएको छ । यसमा ८०२ जोड्दा शक १११८ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १११८ कार्तिकदेखि १११९ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १११८ भाद्रमा परेको छ ।

८. पेटेक ९६ पृष्ठमा प्रकाशित भोटको सक्यमठमा रहेको शतसाहस्रिका प्रज्ञापारमिता भन्ने पुस्तकमा ने. सं. ४०३ प्रथमाषाढ शुक्ल पूर्णमास्यां शनिश्चरवासरे भनी दिइएको छ । यसमा ८०२ जोड्दा शक १२०५ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १२०५ कार्तिकदेखि १२०६ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १२०५ आषाढमा परेको छ ।

९. वीरपुस्तकालय चतुर्थलगत नं. २७ को नवग्रहदशाविचार भन्ने पुस्तकमा ने. सं. ४७३ द्विराषाढ कृष्ण तृतीयातिथौ शतवृष नक्षत्रे शुभयोगे शुक्रवासरे भनी दिइएको छ । यसमा ८०२ जोड्दा १२७५ शक हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १२७५ कार्तिकदेखि १२७६ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १२७५ भाद्रमा परेको छ ।

१०. पेटेक १३५ पृष्ठमा प्रकाशित पाटन बुवही मूलढोकाको तामापत्रमा ने. सं. ५११ प्रथमाषाढ शुक्ल दशम्यां प्र. एकादश्यां स्वाती नक्षत्रे शिवयोग प्र. सिद्धियोग सोमवार भनी दिइएको छ । यसमा ८०२ जोड्दा शक १३१३ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १३१३ कार्तिकदेखि १३१४ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १३१३ भाद्रमा परेको छ ।

११. पेटेक १३६ पृष्ठमा प्रकाशित वीरपुस्तकालयमा रहेको पञ्चमलगत नं. १६९२ को गुह्यसिद्धिक्रम भन्ने पुस्तकमा ने. सं. ५१४ दुराषाढमास शुक्ल पञ्चमी प्र. षष्ठम्यां तिथौ उत्तरफाल्गुन नक्षत्र परिघयोग शनिश्चरवार भनी दिइएको छ । यसमा ८०२ जोड्दा १३१६ शक हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १३१६ कार्तिकदेखि १३१७ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १३१६ श्रावणमा परेको छ ।

१२. पेटेक १५० पृष्ठमा तथा तन्त्रसूची १०४ पृष्ठमा प्रकाशित वीरपुस्तकालयमा रहेको गुह्यकालीतन्त्र भन्ने पुस्तकमा ने. सं. ५२५ दुराषाढ शुक्ल पूर्णमास्यां श्रवणनक्षत्रे प्रीतियोगे आदित्यवासरे भनी दिइएको छ । यसमा ८०२ जोड्दा शक १३२७ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १३२७ कार्तिकदेख १३२८ आश्विनसम्म .रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १३२७ आषाढमा परेको छ ।

१३. पेटेक १५८ पृष्ठमा प्रकाशित वीर पुस्तकालयमा रहेको पञ्चमलगत नं. १०७७ को दशक्रियाविधि भन्ने पुस्तकमा ने. सं. ५४४ द्विराषाढ कृष्ण द्वितीयायां बृहस्पतिवासरे भनी दिइएको छ । यसमा ८०२ जोड्दा शक १३४६ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १३४६ कार्तिकदेखि १३४७ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १३४६ आषाढमा परेको छ ।

१४. पाटन सौगल टोलको लक्ष्मीनारायणको पादपीठको अभिलेखमा ने. सं. ५७४ द्विपौष शु ··· ··· भनी दिइएको छ। यसमा ८०२ जोड्दा शक १३७६ हुन्छ। यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १३७६ कार्तिकदेखि १३७७ आश्विनसम्म रहन्छ । केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १३७६ ज्येष्ठमा परेको छ ।

१५. भक्तपुरको दत्तात्रेय मन्दिर अगाडि विष्णु मूर्तिको पादपीठमा रहेको अभिलेखमा ने. सं. ५८२ द्विपौषमास पूर्णिमास्यां तिथौ प्रितियोगे शुक्रवासरे भनी दिइएको छ। यसमा ८०२ जोड्दा शक १३८४ हुन्छ । यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १३८४ कार्तिकदेखि १३८५ आश्विनसम्म रहन्छ। केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन । शक १३८४ आषाढमा परेको छ।

१६. बनेपा स्वधाटोलको धारानिरको चैत्यको अभिलेखमा ने, सं. ६५५ प्रथमाषाढकृष्ण अमावास्यां तिथौ भनी दिइएको छ। यसमा ८०२ जोड्दा शक १४५७ हुन्छ। यो वर्ष पूर्वोक्त युक्ति अनुसार शक १४५७ कार्तिकदेखि १४५८ आश्विनसम्म रहन्छ। केतकरको अधिमास सारणीमा त्यति भित्र अधिमास पर्दैन। शक १४५७ श्रावणमा अधिमास परेको छ।

यसरी श्रीगुरु नयराज पन्त ज्यूको युक्ति नं. ५ को अभिलेख बाहेक अन्यत्र लागु नभएको कुरा स्पष्ट छ। यसलाई हेत्वाभासले दूषित भन्ने कि के भन्ने ?

(लिच्छविसंवत्को परिचर्चा, २–६ पृष्ठ)

अंशुवर्माको चाँगुको अभिलेख मैले (देवीप्रसाद, भोलानाथ र दिनेशराजसमेत सहायक भई) जो गणना गरेको छु, सो गणना हेत्वाभासले दूषित छ भनी शङ्करमानले यहाँ स्पष्टसँग लेखेका छन्। अब यस विषयको परीक्षा गरिन्छ।

सुमतितन्त्रकारले दिएको नेपालसंवत्बाट शकसंवत् ल्याउने रीति भनी माथि शङ्करमानले जुन वाक्य दिएका छन् सो अपूरो छ, पूर्वापर सङ्गति मिल्ने सुमतितन्त्रको वाक्य यस प्रकारको छ—

## सुमतितन्त्रस्य मध्ये प्रक्षिप्तं पत्रत्रयम्

### ११ क पत्रे

### १ नमः सूर्याय ॥

नेपालसम्वत्सरे कर्म्मभूमौ स्थाप्य । नयनाभ्रनागा । ८०२ । संयोज्यं शककालम्भवति ॥

तं शककालं कर्म्मभूमौ स्थाप्य ··· भूरग्नियुक्ता ३१७९ । योज्यै । एतत्कलियुगम्भवति ।

कलिवर्षन्त्रिष्ठकाल्य । इषुयपषट्शिखि सोध्यं । ३६२५ । शेष इन्दुव ···

इन्दुवर्ष कर्म्मभूमौ स्थाप्य । द्वादशगुणं १२। चैत्रादिमासपिण्डत्वम् योज्य द्वि स्थाप्य ।

(वि सं. २०३५ मा काठमाडौंबाट त्रिभुवन—विश्वविद्यालयअन्तर्गतको पाठ्यक्रम विकासकेन्द्रद्वारा प्रकाशित

नयराज पन्त (सहायक– देवीप्रसाद भण्डारी, दिनेशराज पन्त) द्वारा सम्पादित सुमतितन्त्रम्, २६९ पृष्ठ)

[सुमतितन्त्रको बीचमा थपिएका तीन पत्र

११ क पत्र

सूर्यलाई नमस्कार छ।

कर्मभूमि (पाटी) मा नेपालसंवत् लेख्नू। त्यसमा ८०२ जोड्नू योगफल शकसंवत् हुन्छ।

पाटीमा शकसंवत् लेख्नू। त्यसमा ३१७९ जोड्नू योगफल कलिगतवर्ष हुन्छ।

यसरी कलिगतवर्ष ल्याएपछि त्यसबाट ३६२५ घटाउनू, शेष इन्दुवर्ष हुन्छ।

अब पाटीमा इन्दुवर्ष लेख्नू। यसलाई १२ ले गुन्नू। आएको गुणनफलमा चैत्रादि गत महीना जोड्नू। यसरी आएको योगफललाई २ ठाउँमा राख्नू।]

ने. सं. ७९७ (वि. सं. १७३४) को हस्तलिखित पात्रो लक्ष्मीपतिसङ्ग्रहमा छ। सो पात्रो रामजी तेवारीले वि. सं २०३६ मा पूर्णिमा ४४ अङ्कमा प्रकाश गराएका छन्। सो पात्रोको शुरुमा

१ सम्वत् ७९७ चैत्रशुक्लः ॥

(पूर्णिमा ४४ अङ्क, १ पृष्ठ)

लेखिएको छ। त्यसै गरी १५ औं पृष्ठमा चाहिं यस्तो लेखिएको छ—

१ सम्वत् ७९८ कार्त्तिकशुक्लः ॥

(पूर्णिमा ४४ अङ्क, १५ पृष्ठ)

अन्तिम पत्रमा चाहिं

चंगुया ॥ शुभ ॥
यंड्या ॥ शुभ ॥
मानिग्लया ॥ मारोग्य ॥

(पूर्णिमा ४४ अङ्क, २५ पृष्ठ)

इत्यादि वाक्य लेखिएका छन्।

पूर्णिमा ४४ अङ्कमा छापिएको सो वि. सं. १७३४ को पात्रोलाई राम्ररी मन दिई हेर्ने हो भने नेपालसंवत् मात्र नेवार ज्योतिषीहरू चैत्रशुक्ल प्रतिपदादेखि आफ्नो पात्रो उठाउँथे र कातिकशुक्ल प्रतिपदामा संवत् फेर्ने गर्थे भन्ने कुरा स्पष्टसँग देखिन आउँछ।

माथि उद्धृत गरिएका वाक्यमा नेपालसंवत्मा ८०२ जोड्नू शकसंवत् हुन्छ, शकसंवत्बाट वर्षगण ल्याउनू, वर्षगणलाई १२ ले गुन्नू र सो गुणनफलमा चैत्रादि गत महीना जोड्नू भन्ने कुरा स्पष्टसँग लेखिएको छ। यो कुरा त्यहाँ मात्र लेखिएको होइन नेवार ज्योतिषीहरूले पञ्चाङ्ग गन्न प्रयोग गरेका अरू अरू पुस्तकमा पनि लेखिएको हुन्छ—

नयनाभ्रनागा ८०२ नेपालसम्वत्सरेन संयोज्यः
शाको अगवसुशरोनो, अर्कगुण, चैत्रादितो ससंजुतं...

अथ लि भास वक्षामि ।। नयनाभ्रनागा ८०२ थे नेपालसम्वत्सरन तंङत्रे जुरोम् । तंङाव शकराजवर्ष जुरोम् थ्व सकराजवर्षस योयेः शाको अगवसुसरोनो ५८७ थ्वन योयाव, अक्कंगुन १२ थ्वते याङाव, चैत्रादि मास संयुत याये

(सुमतिसिद्धान्त, सुमतितन्त्रको पाण्डु. ४२–४३ पृष्ठ)

नयनाभ्रनागा ८०२ नेपालसम्वत्सरेन संयोज्य: सकराजम्भवति:
अगवसुसरोनो ५८७ विहीन, अक्कं १२ गुनो, चेत्रादिमाससंयुतम्,

(सुमतिसिद्धान्त सुमतितन्त्रको पाण्डु. ४६ पृष्ठ)

हामीले पाएको नेपालसंवत्अनुसारको पञ्चाङ्गको चर्चा भरखरै गऱ्यौं, सो पञ्चाङ्ग चैत्रशुक्ल प्रतिपदादेखि उठेको छ भन्ने कुरा पनि भनिसक्यौं । नेवार ज्योतिषीहरू आफूले मानेको नेपालसंवत्लाई शकसवत्मा परिणत गरी चैत्रशुक्ल प्रतिपदादेखि वर्षारम्भ गरी पञ्चाङ्ग गन्ने ग्रन्थबाट नै काम गर्थे भन्ने कुरा माथि उद्धरण गरिएका ती ती ग्रन्थका अंशबाट स्पष्ट हुन्छ । नेपालसंवत्को प्रारम्भ कार्तिकशुक्ल प्रतिपदामा हुन्छ र शकसंवत्को प्रारम्भ चैत्रशुक्ल प्रतिपदामा हुन्छ भन्ने कुरा स्पष्ट छ ।

यस वर्ष (वि. सं. २०४७) को पात्रोको मुखपृष्ठमा

**श्रीशालिवाहनीय शाके १९१२**
**श्रीनेपालदेशीय संवत् १११०–११११**

लेखिएको छ । यसै वर्षको कार्तिकशुक्लपक्षमा

**श्रीशाके १९१२**

लेखिएको छ र कार्तिकशुक्ल प्रतिपदाको दिनमा

**नेपालसंवत् ११११ प्रारम्भः**

लेखिएको छ । यति कुरा देख्ता नेपालसंवत्को प्रारम्भ हुँदा

शकसंवत्—नेपालसंबत् = १९१२ — ११११ = ८०१

हुँदोरहेछ भन्ने स्पष्ट देखिन्छ । सो नेपालसंवत् ११११ वि. सं. २०४८ को कार्तिक (अमान्तमानले आश्विन) कृष्ण अमावास्यासम्म रहन्छ । शकसंवत्चाहिं चैत्रशुक्लप्रतिपदामा फिर्ने हुनाले ने. सं. ११११ को चैत्रशुक्ल प्रतिपदाका दिन शकसंवत् १९१३ हुन्छ । यस कारण त्यस दिन

शकसंवत् — नेपालसंवत् = १९१३ — ११११ = ८०२

हुन्छ । यस्तो स्थिति भएको हुनाले आफू नेपालसंवत् मान्ने तथा शकसंवत्लाई आधार मानी पञ्चाङ्ग गणना गर्ने बानी बसेका नेवार ज्योतिषीहरूले नेपालसंवत्मा ८०२ जोडी शकसंवत् ल्याई चैत्रशुक्ल प्रतिपदादेखि पञ्चाङ्गको गणना उठाएका हुन् ।

यस कारण नेपालसंवत्लाई शकसंवत्मा परिणत गर्नुपर्दा कार्तिकशुक्ल प्रतिपदादेखि चैत्र (अमान्तमानले फाल्गुन) कृष्ण अमावास्यासम्म नेपालसंवत्मा ८०१ जोड्नुपर्ने र चैत्रशुक्ल प्रतिपदादेखि कार्तिक (अमान्तमानले आश्विन) कृष्ण अमावास्यासम्म नेपालसंवत्मा ८०२ जोड्नुपर्ने कुरा स्पष्ट देखिन्छ । यो कुरा **इतिहास-संशोधन** ५१ क्रमागत सङ्ख्यामा शङ्करमान आफैंले पनि लेखिसकेका छन् । सो माथि उद्धृत गरिसकिएको छ ।[५]

यस कारण नेपालसंवत्लाई शकसंवत्मा परिणत गर्न सुमतितन्त्रले दिएको भनी अपूरो वाक्य मात्र शङ्करमानले जो उद्धरण गरे, त्यसले शङ्करमानको जानाजान बदमासी गर्ने नियतलाई प्रकट गरिदिएको छ ।

अब शङ्करमानले मध्यकालका अभिलेखमा परेका अधिमासहरू चाँगुको अंशुवर्माको अभिलेखमा परेको तिथिमितिको गणना गरे जस्तै गरी गणना गर्दा मिल्दैनन् भनी जो भनेका छन्, सो पनि उनले जानाजान बदमासी गर्ने नियतले बोलेका हुन् भनी सिद्ध गरिन्छ ।

(१)

**संवत् १३२ प्रथमाषाढशुक्लदिवा त्रयोदश्यां बृहस्पतिदिने मैत्रनक्षत्रे ।**

(पाटन गचाननीको अभिलेख, पेतेक[६] ३६ पृष्ठ)

[नेे. सं. १३२ प्रथमाषाढशुक्ल त्रयोदशी बृहस्पतिवार अनुराधानक्षत्र ।]

नेपालसंवत्को प्रारम्भ कार्तिकशुक्ल प्रतिपदादेखि हुने हुनाले तथा त्यस समयमा नेपालसंवत् र शकसंवत्को अन्तर ८०१ हुनेर १३२+८०१=९३३ हुने हुनाले, शकसंवत् ९३३ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् ९३४ को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त अभिलेखको संवत् १३२ रहन्छ । अधिमासक्षयमाससारणीमा[७] शकसंवत् ९३४ को ज्येष्ठमा अधिमास परेको छ ।

कुनकुन महीनामा परेको अधिमास कुन महीनामा मान्ने भन्ने विषयमा नारद र भारद्वाजका मत प्रचलित छन्—

> **चैत्रादि भाद्रपदान्तानि यदा सङ्क्र टच्युटचते ।**
> **आसादमासवृद्धिः स्यान्नारदस्य वचो यथा ।।**
> **अश्विन्यादिफाल्गुणान्तानि यदा सङ्क्रम त्रुटचते ।**
> **पौषमासा निवर्द्धन्ते मासवृद्धि विधीयते ।।**

---

५) यसै अङ्कको ७ पृष्ठ ।

६) वि. सं. २०४० मा रोमबाट मध्य र सुदूर पूर्वसम्बन्धी इटालीको विद्वत्संस्था (इस्तित्युतो इतालिआनो पर् इल् मेदिओ इद् इस्त्रेमो ओरियन्त्) द्वारा प्रकाशित लूच्यानो पेतेकको नेपालको मध्यकालको **इतिहास (मेडिईभल् हिस्टरि अफ् नेपाल्)**, दोस्रो संस्करण ।

७) वि. सं. १९८३ मा बीजापुरबाट दत्तात्रेय केतकरद्वारा प्रकाशित वेङ्कटेश केतकरको **सौरार्यब्राह्मपक्षीयतिथिगणितम्**का अन्तिम ५ पृष्ठमा केरो लक्ष्मण छत्रेले गनेको अधिमासक्षयमाससारणी छापिएको छ; **लिच्छविसंवत्को निर्णय**, २९३–२९७ पृष्ठ ।

ननु इति कथमयनमेव मासवृद्धिः ।।
कर्क्कटे सिंहकन्यायां तुलाकीटधनुर्द्धरे ।
भानो सङ्क्रमणे नष्टे द्विराषाढो विधीयते ।।
मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा ।
अर्क्कसङ्क्रमणे नष्टे द्विपौषं कुरुते बुधः ।।
अधिमासा यदा नष्टा रयणे द्वे सुचिन्तयेत् ।
द्विराषाढो द्विपौषश्च भारद्वाजस्य वचनं यथा ।।

(नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको **धर्मनिर्णयतिथिसारसङ्ग्रह**का २१ ख–२२ क पत्र, पेतेक १३–१४ पृष्ठ)

[नारदको मतअनुसार चैत्र, वैशाख, ज्येष्ठ, आषाढ, श्रावण र भाद्रमा अधिमास परे सो अधिमास आषाढमा मानिन्छ तथा आश्विन, कार्तिक, मार्ग, पौष, माघ र फाल्गुनमा अधिमास परे सो अधिमास पौषमा मानिन्छ ।

भारद्वाजको मतअनुसार श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग र पौषमा अधिमास परे सो अधिमास आषाढमा मानिन्छ तथा माघ, फाल्गुन, चैत्र, वैशाख, ज्येष्ठ र आषाढमा अधिमास परे सो अधिमास पौषमा मानिन्छ ।]

यस कारण ज्येष्ठमा परेको उपर्युक्त अधिमास नारदको वचनअनुसार आषाढमा मानिने भयो । यसरी अभिलेखमा दिएको अधिमास **द्वाक्क मिल्यो ।**

## (२)

## संवत् २४० प्रथमाषाढकृष्णद्वितीयायां सोमदिने ।

(इन्डिया अफिस लाइब्रेरीमा रहेको **स्फोटिकावैद्य**को पुष्पिकावाक्य, पेतेक ५१ पृष्ठ)

[नेपालसंवत् २४० प्रथमाषाढकृष्ण द्वितीया सोमवार ।]

२४०+८०१=१०४१ हुने हुनाले शकसंवत् १०४१ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १०४२ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् २४० रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १०४२ को भाद्रमा अधिमास परेको छ । माथि उद्धृत गरिएका नारद र भारद्वाज दुवैका वचनअनुसार भाद्रमा परेको यो अधिमास आषाढमा मानिने भयो । यसरी **स्फोटिकावैद्य**को पुष्पिकावाक्यमा दिएको अधिमास **द्वाक्क मिल्यो ।**

## (३)

## संवत् २६७ प्रथमाषाढकृष्णपञ्चम्यां पूर्व्वभाद्रनक्षत्रे शुक्रदिने ।

(केसर पुस्तकालयमा रहेको **सर्वप्रकरणसङ्ग्रह**को पुष्पिकावाक्य, पेतेक ६१ पृष्ठ)

[नेपालसंवत् २६७ प्रथमाषाढकृष्ण पञ्चमी शुक्रवार पूर्वभाद्रनक्षत्र ।]

२६७+८०१=१०६८ हुने हुनाले शकसंवत् १०६८ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १०६९ को

आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् २६७ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १०६९ को भाद्रमा अधिमास परेको छ । माथि उद्धृत गरिएका नारद र भारद्वाज दुवैका वचनअनुसार भाद्रमा परेको यो अधिमास आषाढमा मानिने भयो । यसरी सर्वप्रकरणसङ्ग्रहको पुष्पिकावाक्यमा दिएको अधिमास ट्वाक्क मिल्यो ।

(४)

## संवत् २७६ प्रथमपौषकृष्णदिवा चतुर्थ्याम् ।

(नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको चान्द्रव्याकरणको पुष्पिकावाक्य, पेतेक ६२ पृष्ठ)

[नेपालसंवत् २७६ प्रथमपौषकृष्ण चतुर्थी ।]

२७६+८०१=१०७७ हुने हुनाले शकसंवत् १०७७ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १०७८ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् २७६ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १०७८ को चैत्रमा अधिमास परेको छ । माथि उद्धृत गरिएको भारद्वाजको वचनअनुसार चैत्रमा परेको अधिमास पौषमा मानिने भयो । यसरी चान्द्रव्याकरणको पुष्पिकावाक्यमा दिएको अधिमास ट्वाक्क मिल्यो ।

(५)

## संवत् ३१३ द्विराषाढपूर्णमास्यां श्रवणनक्षत्रं । बृहस्पतिवासरे ।

(बेलायतको सङ्ग्रहालयमा रहेको पिङ्गलामतको पुष्पिकावाक्य, पेतेक ७४ पृष्ठ)

[नेपालसंवत् ३१३ द्वितीयाषाढ पूर्णिमा बृहस्पतिवार श्रवणनक्षत्र ।]

३१३+८०१=१११४ हुने हुनाले शकसंवत् १११४ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १११५ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ३१३ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १११५ को आश्विनमा अधिमास परेको छ । माथि उद्धृत गरिएको भारद्वाजको वचनअनुसार आश्विनमा परेको अधिमास आषाढमा मानिने भयो । यसरी पिङ्गलामतको पुष्पिकावाक्यमा दिएको अधिमास ट्वाक्क मिल्यो ।

(६)

## संवत् ३१६ प्रथमाखाढशुक्लैकादश्यां सोमवारे ।

(नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको सप्तशतीको पुष्पिकावाक्य, पेतेक ७५ पृष्ठ)

[नेपालसंवत् ३१६ प्रथमाषाढशुक्ल एकादशी सोमवार ।]

३१६+८०१=१११७ हुने हुनाले शकसंवत् १११७ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १११८ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ३१६ रहन्छ। अधिमासक्षयमाससारणीमा शकसंवत् १११८ को श्रावणमा अधिमास परेको छ। माथि उद्धृत गरिएका नारद र भारद्वाज दुवैका वचन-अनुसार श्रावणमा परेको अधिमास आषाढमा मानिने भयो । यसरी सप्तशतीको पुष्पिकावाक्यमा दिएको अधिमास ट्वाक्क मिल्यो ।

(७)

## संवत् ३१६ द्विराषाढ पूर्णमास्य बृहस्पतिवासरे ।

(बेलायतको सङ्ग्रहालयमा रहेको कारण्डव्यूहको पुष्पिकावाक्य, पेतेक ७५ पृष्ठ)

[संवत् ३१६ द्वितीयाषाढ पूर्णिमा बृहस्पतिवार ।]

३१६+८०१=१११७ हुने हुनाले शकसंवत् १११७ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १११८ को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ३१६ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १११८ को श्रावणमा अधिमास परेको छ । माथि उद्‌धृत गरिएका नारद र भारद्वाज दुवैका वचनअनुसार श्रावणमा परेको अधिमास आषाढमा मानिने भयो । यसरी कारण्डव्यूहको पुष्पिकावाक्यमा दिएको अधिमास ट्‌वाक्क मिल्यो ।

(८)

## संवत् ४०३ प्रथमाषाढशुक्ल पूर्णमस्यां शनिश्चरवासरे ।

(भोटको ससक्यमठमा रहेको शतसाहस्रिका प्रज्ञापारमिताको पुष्पिकावाक्य, पेतेक ९७ पृष्ठ)

[नेपालसंवत् ४०३ प्रथमाषाढशुक्ल पूर्णिमा शनैश्चरवार ।]

४०३+८०१=१२०४ हुने हुनाले शकसंवत् १२०४ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १२०५ को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ४०३ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १२०५ को आषाढमा अधिमास परेको छ । माथि उद्‌धृत गरिएको नारदको वचनअनुसार आषाढमा परेको यो अधिमास आषाढमा नै मानिने भयो । यसरी प्रज्ञापारमिताको पुष्पिकावाक्यमा दिएको अधिमास ट्‌वाक्क मिल्यो ।

(९)

## ने. सं. ४७३ द्विराषाढ कृष्ण तृतीयातिथौ शतबृष नक्षत्रे शुभयोगे शुक्रवासरे ।

(नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको नवग्रहदशाविचारको पुष्पिकावाक्य, लिच्छविसंवत्‌को परिचर्चा, ५ पृष्ठ)

[नेपालसंवत् ४७३ द्वितीयाषाढकृष्ण तृतीया शुक्रवार शतभिषानक्षत्र शुभयोग ।]

४७३+८०१=१२७४ हुने हुनाले शकसंवत् १२७४ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १२७५ को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्णसम्म उक्त संवत् ४७३ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १२७५ को भाद्रमा अधिमास परेको छ । माथि उद्‌धृत गरिएका नारद र भारद्वाज दुवैका वचनअनुसार भाद्रमा परेको यो अधिमास आषाढमा मानिने भयो । यसरी नवग्रहदशाविचारको पुष्पिकावाक्यमा दिएको अधिमास ट्‌वाक्क मिल्यो ।

(१०)

## ...शाकराजवर्षे १३१३ श्रीमन्नेपालिक श्रेयोस्तु संवत् ५११ प्रथमाषाढशुक्लदशम्यायाम्

(पाटन बकुबहाको मूलढोकामा टाँसिएको ताम्रपत्र, पेतेक १४१ पृष्ठ)

५११+८०१=१३१२ हुने हुनाले शकसंवत् १३१२ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १३१३ को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ५११ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १३१३ को भाद्रमा अधिमास परेको छ । माथि उद्‌धृत गरिएका नारद र भारद्वाज दुवैका वचनअनुसार भाद्रमा परेको यो अधिमास आषाढमा मानिने भयो । यसरी ताम्रपत्रमा दिएको अधिमास ट्‌वाक्क मिल्यो ।

(११)

## संवत् ५१४ दुराखाढमा[स]शुक्लपास

(नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको गुह्यसिद्धिक्रमको पुष्पिकावाक्य, पेतेक १४२ पृष्ठ)

[नेपालसंवत् ५१४ द्वितीयाषाढशुक्ल ।]

५१४+८०१=१३१५ हुने हुनाले शकसंवत् १३१५ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १३१६ को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ५१४ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १३१६ को श्रावणमा अधिमास परेको छ । माथि उद्धृत गरिएका नारद र भारद्वाज दुवैका वचनअनुसार श्रावणमा परेको यो अधिमास आषाढमा मानिने भयो । यसरी **गुह्यसिद्धिक्रमको** पुष्पिकावाक्यमा दिएको अधिमास ट्वाक्क मिल्यो ।

(१२)

## संवत् ५२५ दुराषाढशुक्ल पूर्ण्णमास्याम्

(नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको गुह्यकालीतन्त्रको पुष्पिकावाक्य, पेतेक १५८ पृष्ठ)

[नेपालसंवत् ५२५ द्वितीयाषाढशुक्ल पूर्णिमा ।]

५२५+८०१=१३२६ हुने हुनाले शकसंवत् १३२६ को कार्तिकशुक्ल प्रतिप्रदादेखि शकसंवत् १३२७ को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ५२५ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १३२७ को आषाढमा अधिमास परेको छ । माथि उद्धृत गरिएको नारदको वचनअनुसार आषाढमा परेको यो अधिमास आषाढमा नै मानिने भयो । यसरी गुह्यकालीतन्त्रको पुष्पिकावाक्यमा दिएको अधिमास ट्वाक्क मिल्यो ।

(१३)

## संवत् ५४४ द्विराषाढकृष्णद्वितीयायाम्

(नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको **दशक्रियाविधिको** पुष्पिकावाक्य, पेतेक, १६५ पृष्ठ)

[नेपालसंवत् ५४४ द्वितीयाषाढकृष्ण द्वितीया ।]

५४४+८०१=१३४५ हुने हुनाले शकसंवत् १३४५ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १३४६ को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ५४४ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १३४६ को आषाढमा अधिमास परेको छ । माथि उद्धृत गरिएको नारदको वचनअनुसार आषाढमा परेको यो अधिमास आषाढमा नै मानिने भयो । यसरी **दशक्रियाविधिको** पुष्पिकावाक्यमा दिएको अधिमास ट्वाक्क मिल्यो ।

(१४)

## संवत् ५७४ द्विपौषशु

(पाटन सौगलटोलको लक्ष्मीनारायणको पादपीठको अभिलेख, पेतेक १७३ पृष्ठ)

[नेपालसंवत् ५७४ द्वितीयपौषशुक्ल ।]

५७४+८०१=१३७५ हुने हुनाले शकसंवत् १३७५ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १३७६ को आश्विन (पूर्णान्तिमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ५७४ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १३७६ को ज्येष्ठमा अधिमास परेको छ । माथि उद्धृत गरिएको भारद्वाजको वचनअनुसार ज्येष्ठमा परेको यो अधिमास पौषमा मानिने भयो । यसरी लक्ष्मीनारायणको पादपीठमा रहेको अभिलेखमा दिएको अधिमास ट्वाक्क मिल्यो ।

(१५)

## संवत् ५८२ द्विपौषमास पूर्ण्णमास्याम्

(भक्तपुरको दत्तात्रेयअगाडिको विष्णुमूर्तिको पादपीठको अभिलेख, पेतेक १७३ पृष्ठ)

[नेपालसंवत् ५८२ द्वितीयपौष पूर्णिमा ।]

५८२+८०१=१३८३ हुने हुनाले शकसंवत् १३८३ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १३८४ को आश्विन (पूर्णान्तमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ५८२ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १३८४ को आषाढमा अधिमास परेको छ । माथि उद्धृत गरिएको नारदको वचनअनुसार आषाढमा परेको यो अधिमास आषाढमा नै मानिने भयो । यसरी विष्णुमूर्तिको अभिलेखमा दिएको अधिमास ट्वाक्क मिल्यो ।

(१६)

## नै. सं. ६५५ प्रथमाषाढकृष्ण अमावास्या

(बनेपा स्वधाटोलको चैत्यको अभिलेख, लिच्छविसंवत्को परिचर्चा, ६ पृष्ठ)

[नेपालसंवत् ६५५ प्रथमाषाढकृष्ण अमावास्या ।]

६५५+८०१=१४५६ हुने हुनाले शकसंवत् १४५६ को कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत् १४५७ को आश्विना (पूर्णान्तमानले कार्तिक) कृष्ण अमावास्यासम्म उक्त संवत् ६५५ रहन्छ । अधिमासक्षयमाससारणीमा शकसंवत् १४५७ को श्रावणमा अधिमास परेको छ । माथि उद्धृत गरिएका नारद र भारद्वाज दुवैका वचन-अनुसार श्रावणमा परेको अधिमास आषाढमा मानिने भयो । यसरी चैत्यको अभिलेखमा दिएको अधिमास ट्वाक्क मिल्यो ।

यताबाट शङ्करमानले नमिल्ने भनी दिएका सबै अधिमासहरू नेपालसंवत्लाई शकसंवत्मा परिणत गर्ने रीतिबाट शकसंवत् ल्याई त्यताबाट सारणीमा दिइएका अधिमाससँग भिडाएर हेर्दा ट्वाक्क मिल्छन् भन्ने स्पष्ट देखिन्छ । शङ्करमान यति कुरा नबुझ्ने छैनन् । यस कारण उनले लिच्छविसंवत्को परिचर्चाका २-६ पृष्ठमा जो लेखे, त्यसले उनको बदनियतलाई नै कलंङ्क पारिदिएको छ ।

# उही तिथि, वार र नक्षत्र बराबर दोहोरिइरहन्छन्

अंशुवर्मा भन्दा माथिका संवत् लिच्छवि संवत् हुनाले चाँगुको मानदेवको स्तम्भाभिलेखको संवत् ३८६ मा २२ घटाएर गणना गर्दा सोमवार आएकोले चन्द्रमसिको अर्थ सोमवार हुन्छ भनी सोझै अर्थ गरेथें । त्यसमा उहाँले साहित्यिक तुलना गरी मलाई अलमल्याउनुभयो । त्यसपछि ज्येष्ठ शुक्ल प्रति-पदामा प्राय रोहिणी नक्षत्र पर्ने हुनाले रोहिणी नक्षत्र परेको प्रतिपदा भन्नुपर्छ भनी मैले जो भनें त्यो व्याकरणको दृष्टिले गल्ति हुन गयो । अनि उहाँले मलाई ठोक्ने मौका पाउनुभयो । त्यो कुरा म मान्दछु । तर त्यतिले सन्तोष नभई अझ ठोक्ना निमित्त मेरो गणनालाई हेत्वाभासले दूषित छ भनी वि. सं. १७९२ देखि वि. सं. २०१५ सम्मका पात्रोबाट उद्धृत गरी ज्येष्ठ शुक्ल प्रतिपदा रोहिणी नक्षत्र सोमवार परेका १५ ओटा उदाहरण दिनुभयो । (पूर्णिमा ३९ अङ्क ११८–१२६ पृष्ठ) (लिच्छवि संवत्को निर्णय ३८६–३९४ पृष्ठ) अनि शङ्करमान राजवंशीले हाम्रो यस प्रश्नको के उत्तर दिने हुन् भन्नुभयो ।

देशकाल चलन विचारै नगरीकन दिनुभएको उक्त उदाहरण प्रज्ञाप्रतिष्ठानलाई पत्यार पार्न गरिएको प्रयाश भन्दछु जसमा लिच्छवि कालको गन्धै छैन। त्यसकारण यसलाई त विद्याको अपमान भनिन्छ।
(लिच्छविसंवत्को परिचर्चा, ६ पृष्ठ)

बाफरेबाफ तपाइँ त पात्रोको धनी नै हुनु हुदो रहेछ। लिच्छविकाल निर्णय गर्न तपाइँहरू बाहेक कुन चाहिं इतिहास विशेषज्ञले ती वि. सं. १७९२ देखि २०१५ सम्मको पात्रो उपयोग गर्लान् ?
(लिच्छविसंवत्को परिचर्चा, ५८ पृष्ठ)

मानदेवको चाँगुको अभिलेखमा यस्तो लेखिएको छ—

संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १
[रो]हिणीनक्षत्त्रयुक्ते चन्द्र[म]सि मुहूर्त्ते प्रशस्तेभिजिति

(वि. सं. २०३० मा काठमाडौंबाट त्रिभुवन-विश्वविद्यालयको नेपाल तथा एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेख, १० पृष्ठ)

यसको अर्थ धनवज्रले यसरी गरेका छन्—

संवत् ३८६ ज्येष्ठशुक्ल प्रतिपदा, रोहिणीनक्षत्रमा चन्द्रमा बसेमा, असल अभिजित् मुहूर्तमा।
(लिच्छविकालका अभिलेख, १४ पृ.)

नेपालको इतिहासमा काम गर्ने सबै विद्वान्हरूले सकारेको यो अर्थलाई शङ्करमान अशुद्ध भन्छन्। उनले मैले गणितद्वारा प्रामाणिक अर्थ निकालेको छु भनी यस्तो लेखेका थिए—

चाँगुको मानदेवको स्तम्भलेखमा .. लेखिएको मितिको गणना गर्दा सोमवार आएकोले प्रशस्ते अभिजिति मुहुर्ते भनी अन्वय गरे कैं रोहिणी नक्षत्रयुक्ते प्रतिपदि भनी अन्वय गरी चन्द्रमसिको अर्थ सोमवार भन्न मिल्ने भयो।

(वि. सं. २०३४ मा काठमाडौंबाट पुरातत्व विभागद्वारा प्रकाशित, रमेशजङ्ग थापाद्वारा सम्पादित प्राचीन नेपाल ४१–४२ संयुक्ताङ्कमा छापिएको शङ्करमान राजवंशीको अनुसन्धानको एक निष्कर्ष भन्ने निबन्ध, सो अङ्कको ३ पृष्ठ)

मैले शङ्करमानको उपर्युक्त अर्थगराइ अशुद्ध छ[८] भनी यस्तो लेखें—

प्रतिपद् शब्द स्त्रीलिङ्गमा छ। यस कारण प्रतिपदिको विशेषण रोहिणीनक्षत्रयुक्तायाम् हुन्छ, रोहिणीनक्षत्रयुक्ते हुन सक्तैन। पहिलेका विद्वान्हरूले रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि भनी अन्वय गरेका

८) वि. सं. २०३५ मा प्रकाशित पूर्णिमा ३९ अङ्कमा छापिएको नयराज पन्तको शङ्करमान राजवंशीका प्रलाप भन्ने निबन्ध, सो अङ्कको १४९ पृष्ठ।

थिए, तर सो अशुद्ध हो, रोहिणीनक्षत्रयुक्ते प्रतिपदि भनी अन्वय गर्नुपर्छ भनी शङ्करमानले आफ्नो विद्वत्ता प्रकट गरेका छन् । जब मानिस विद्याको अभ्यास गर्न छोडी विद्वान् हुँ भनेर दम्भ गरेर हिंड्न थाल्दछ, तब उसको बुद्धिले सत्य कुरोलाई असत्यरूपमा र असत्य कुरोलाई सत्यरूपमा देख्न थाल्दछ भन्ने कुराको उदाहरण यो हो ।

(लिच्छविसंवत्को निर्णय, उपोद्घातको ४२ पृष्ठ)

मैले देखाइदिएको व्याकरणगत अशुद्धिलाई सकारेर पनि शङ्करमान यस्तो लेख्न छोड्दैनन्—

> दोष निर्माण गर्नु सजिलो छ ठोष निर्माण गर्नु गाह्रो छ । शङ्करमानको निर्णयमा व्याकरण मूल आधार होइन । त्यो दोष हुंदैमा शङ्करमानको सिद्धान्त नै बिग्रन्छ र ?
>
> (लिच्छविसंवत्को परिचर्चा, ६० पृष्ठ)

शङ्करमानले चाँगुको अभिलेखको उपर्युक्त वाक्यको आफुखुशी अर्थ गरी उक्त अभिलेख राखेको दिन सोमवार परेको थियो भनी आफ्नो अर्थकै आधारमा कल्पित लिच्छविसंवत्को आविष्कार गरेका हुन् । अहिले उक्त अर्थगराइ नै व्याकरणविरुद्ध छ भनी स्वीकार गरिसकेपछि त्यही अनर्थमा अडेको सिद्धान्त स्वतः धराशायी भइहाल्छ ।

अभिलेखबाट सोमवार भन्ने अर्थ आउँदैन, यो कुरो निश्चित छ । तैपनि शङ्करमानको ढिपीअनुसार अभिलेखमा परेको चन्द्रमसि पदको अर्थ सोमवार नै गर्ने हो भनी स्वीकार गरे तापनि उनले निकालेको निष्कर्ष हेत्वाभासले कसरी दूषित छ भनी देखाउन म र रामजी भई वि. सं. १७९२, वि. सं. १८४९, वि. सं. १८६३, वि. सं. १८६६, वि. सं. १८७३, वि. सं. १८७६, वि. सं. १८९३, वि. सं. १९०३, वि. सं. १९१७, वि. सं. १९२०, वि. सं. १९४४, वि. सं. १९४७, वि. सं. १९७१, वि. सं. १९८८ र वि. सं. २०१५ मा पनि ज्येष्ठशुक्ल प्रतिपदामा रोहिणीनक्षत्र सोमवार अभिजित् मुहूर्त परेका उदाहरण देखाई यस्तो लेखेका थियौं—

> यस कारण चाँगुमा मानदेवले अभिलेख राखेको दिनका महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त मिलेका हुनाले सो अभिलेखको समय ३८६—२२=३६४ शाके अर्थात् वि. सं. ४९९ हो भनी शङ्करमानले जो भने, त्यसमा उनीसँग हामी सोध्छौं– महीना, पक्ष, तिथि, वार, नक्षत्र, मुहूर्त मिलेको जुन वर्ष तिमीले दियौ, त्यही वर्ष मात्रै प्रामाणिक हो, अरू वर्ष प्रामाणिक होइनन् भन्ने तिमीसँग के प्रमाण छ ?

(पूर्णिमा ३९ अङ्कमा छापिएको नयराज पन्त (सहायक– रामजी तेवारी) को लिच्छविसंवत्को निष्कर्षका रचयिता शङ्करमान राजवंशीले हाम्रो यस प्रश्नको के उत्तर दिने हुन् ? भन्ने निबन्ध, सो अङ्कको १२६ पृष्ठ, लिच्छविसंवत्को निर्णय, ३९५ पृष्ठ)

यसरी हामीले ज्येष्ठशुक्ल प्रतिपदामा रोहिणीनक्षत्र, सोमवार र अभिजित् मुहूर्त परेका जुन उदाहरण दियौं तिनमा लिच्छविकालको गन्धै छैन भन्ने आपत्ति शङ्करमानले उठाएका छन् । अहिले देवीप्रसादले गणना गरी वि. सं. ४५५, वि. सं. ४८२, वि. सं. ४९९ वि. सं. ५२६ र वि. सं. ५५३ मा पनि ज्येष्ठशुक्ल प्रतिपदामा रोहिणी-नक्षत्र सोमवार अभिजित् मुहूर्त परेका उदाहरण देखाइदिएका छन् ।[९] अभिजित् मुहूर्त प्रत्येक दिन पर्छ ।

९) यस विषयको देवीप्रसाद भण्डारीको लेख पूर्णिमा ७९ अङ्कमा छापिंदै छ ।

ज्येष्ठशुक्ल प्रतिपदामा रोहिणीनक्षत्र पनि प्राय: परिरहन्छ । रह्यो सोमवारको कुरो, त्यो पनि माथिका उदाहरण-हरूले केही वर्ष बिराएर परीरहँदो रहेछ भन्ने देखाइदिएका छन् । मानदेवको चाँगुको अभिलेखको तिथिमिति वि. सं. ४९९ मा मिल्छ भनी शङ्करमानले जुन समय दिए, सोभन्दा १७ वर्ष र ४४ वर्षअगाडि तथा २७ वर्ष र ५४ वर्ष पछाडि पनि उक्त तिथिमिति मिलेको उदाहरण प्रत्यक्ष छन् । ती वर्ष लिच्छविकालका हुन् कि होइनन् ?

पञ्चाङ्गगणनाका सम्बन्धमा शङ्करमानले जस्तो गणना गर्छन् त्यो सबैले मान्नुपर्छ तथा उनीबाहेक अरू जोसुकैले गरेको गणना पनि अप्रामाणिक हुन्छ भन्ने कुरा नसकारीकन मानदेवको चाँगुको स्तम्भलेखको समय वि. सं. ४९९ हो भनी मान्न सकिँदैन ।

# के रबर्ट स्वेलको सारणी अप्रामाणिक हो ?

लिच्छविकालको पहिलोथरी अभिलेखमा देखिएको संवत्बाट २२ घटाइदियो भने शकसंवत् हुन्छ भन्ने सिद्धान्त शङ्करमानले निकालेका छन् । यस्तो कुरा कुनै पनि ग्रन्थमा छैन । यस कारण यो सिद्धान्तको आविष्कार शङ्करमानले नै गरेका हुन् र यो सिद्धान्तको उपपत्ति पनि शङ्करमानको वचनसिवाय अरू केही छैन भन्ने स्पष्ट छ ।

विष्णुपादुकाको फेदीको अभिलेखको तिथि संवत ३९६ प्रथमाषाढ भनी पढी संशोधन–मण्डलले र धनवज्र वज्राचार्यले पनि छपाएका थिए । आफ्नो सिद्धान्तअनुसार अभिलेखको संवत्मा २२ घटाइदिए शकसंवत् हुन्छ भन्ने सम्झेका शङ्करमानले सारणीमा (३९६—२२=) शकसंवत् ३७४ मा अधिमास नपरेको बरु अघिल्लो वर्ष शकसंवत् ३७३ मा अधिमास परेको कुरा देखेकाले उक्त अभिलेखको संवत्लाई नै ३९६ को सट्टा ३९५ पढी त्यसको समय शकसंवत् ३७३ (वि. सं. ५०८) निश्चित गरिदिए र यस्तो लेखे—

> श्री धनवज्र वज्राचार्यजीले यो अभिलेखको संवत् ३९६ पढ्नुभएको छ । उहाँले ६ को अंक फुटेर भ्यात्त परेको छ भन्नुहुन्थ्यो । तर गणनाबाट ३९५ मिल्दछ ।

(वि. सं. २०३० मा काठमाडौंबाट दिलीपमान राजवंशीद्वारा प्रकाशित शङ्करमान राजवंशीको **लिच्छवि-संवत्को निष्कर्ष**, २५ पृष्ठ)

धनवज्रले ३९६ पढेका र शङ्करमानले ३९५ भनी निर्णय गरेकाले उक्त अभिलेखको संवत्को विषयमा म असमञ्जसमा परिरहेको थिएँ । म नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको सदस्य भएपछि मेरो निर्देशअनुसार प्रज्ञा–प्रतिष्ठानका ४ जना कर्मचारी देवीप्रसाद भण्डारी, केशवचन्द्र न्यौपाने, विष्णु भट्ट, विश्वनाथ भण्डारीहरूले ३ दिन लगाई उक्त अभिलेखको प्रतिलिपि ल्याए तथा देवीप्रसादले अभिलेखको संवत् ३९६ पनि होइन ३९५ पनि होइन ३९८ हो भनी ठुङ्गो लाए । उक्त अभिलेखको संवत् ३९८ हो भनी निश्चित भएपछि मैले यस्तो लेखेको थिएँ—

वास्तवमा अभिलेखको संवत् ३९८ हो भन्ने कुरा माथि भनिसकियो । ३९८—२२ = ३७६ हुन्छ, यस कारण यस अभिलेखको समय शङ्करमानको सिद्धान्तअनुसार शकसंवत् ३७६ हुन्छ । तर सारणीमा शकसंवत् ३७६ मा अधिमास छैन ।

अभिलेखमा भएको संवत्को परीक्षा नै नगरी आफ्नो गणित मिलाउन शङ्करमानले स्वेच्छाले अभिलेखको संवत् कल्पना गरेका हुन् भन्ने कुरा स्पष्ट छ । यो काम सरासर अनुचित हो ।

(लिच्छविसंवत्को निर्णय, ५६० पृष्ठ)

यसपछि शङ्करमानले यस्तो लेखेका छन्—

वेङ्कटेश केतकरको अधिमाससारणी पनि सूर्यसिद्धान्तानुसारको हो ।

(लिच्छविसंवत्को परिचर्चा, ७४ पृष्ठ)

विष्णुपादुकाको फेदीको अभिलेखको संवत् ३९८ को अधिमास ब्रह्म सिद्धान्तबाट गणना गर्दा फागुनमा अधिमास पर्न आएको छ ।

(लिच्छविसंवत्को परिचर्चा, ८ पृष्ठ)

रबर्ट स्वेलले सिद्धान्त र भारतीय पञ्चाङ्ग (द सिद्धान्तज् यान्ड् दि इन्डिअन् क्यालअन्डर्) नामक ग्रन्थ लेखेका छन् ।[१०] त्यसमा उनले आर्यसिद्धान्तअनुसार गणना गर्नका लागि वि. सं. ५५६ देखिका[११] र ब्रह्मसिद्धान्तअनुसार गणना गर्नका लागि वि. सं. ६५६ देखिका[१२] उपकरण दिएका छन् । आर्यभटले वि. सं. ५५६ मा म २३ वर्षको थिएँ भनी बोलेका र ब्रह्मगुप्तले म वि. सं. ६५५ मा जन्मिएको हुँ भनी बोलेकाले उनीहरूको कालको आसन्न समयदेखि गणना उठाउन स्वेलले ती वर्षदेखिका उपकरण दिएका हुन् भन्ने कुरा स्पष्ट हुन्छ । शङ्करमानले ब्रह्मसिद्धान्तअनुसार गणना गरी मैले अधिमास मिलाएँ भनेका छन् । ब्रह्मसिद्धान्तको गुजरात र राजपूतानामा चलनचलती छ भनी वेङ्कटेश केतकरले बोलेका छन् ।[१३] स्वेलले वि. सं. ६५६ भन्दा पहिलेका गणना ब्रह्मसिद्धान्तबाट गर्नु हुँदैन भनी देखाएका छन् । तर शङ्करमान शकसंवत् ३७५ (वि. सं. ५१०) को गणना पनि ब्रह्मसिद्धान्तबाट गर्नुपर्छ भनी आग्रह गर्छन् । शङ्करमानले ब्रह्मसिद्धान्तअनुसार आएका अधिमास भनी जुन अधिमास दिएका छन्, ती स्वेलले ब्रह्मसिद्धान्तअनुसार गणना गरी ल्याएका अधिमाससँग प्रायः मिल्दैनन् । यो कुरा तलको सारणीबाट स्पष्ट हुन्छ ।

---

१०) वि. सं. १९८१ मा कलकत्ताबाट प्रकाशित रबर्ट स्वेलको सिद्धान्त र भारतीय पञ्चाङ्ग (द सिद्धान्तज् यान्ड् दि इन्डिअन् क्यालअन्डर्) ।

११) उही, ३६८–४४० पृष्ठ ।

१२) उही, ४५६–५०५ पृष्ठ ।

१३) वि. सं. १९८० मा बम्बईबाट रायल एशियाटिक सोसाइटीद्वारा प्रकाशित, वेङ्कटेश रामकृष्ण केतकरको भारत र बाहिरका कालगणना (इन्डिअन् यान्ड् फरेन् क्रोनलजि), १९१ पृष्ठ; यसको केही भागको नयराज पन्तले गरेको संस्कृत अनुवाद पूर्णिमा ७१ अङ्क (वि. सं. २०४५) मा छापिएको छ, सो अङ्कको २५ पृष्ठ ।

सारणी[१४]

| शकसंवत् | केतकरका अधिमास | ब्रह्मसिद्धान्तअनुसारका अधिमास | |
|---|---|---|---|
| | | स्वेलले दिएका | शङ्करमानले दिएका |
| ३७५ | भाद्र | छैन | फाल्गुन |
| ४१३ | भाद्र | छैन | आश्विन |
| ४२७ | ज्येष्ठ | छैन | आषाढ |
| ४५७ | वैशाख | छैन | आषाढ |
| ४६५ | ज्येष्ठ | छैन | आषाढ |
| ४९५ | वैशाख | छैन | ज्येष्ठ |
| ४९७ | भाद्र | छैन | आश्विन |
| ५०५ | भाद्र | छैन | वैशाख |
| ५०८ | श्रावण | छैन | भाद्र |
| ७२५ | आषाढ | श्रावण | भाद्र |
| ९३४ | ज्येष्ठ | आषाढ | ज्येष्ठ |
| १०४२ | भाद्र | भाद्र | भाद्र |
| १०६९ | भाद्र | कार्तिक (अधिमास)<br>मार्ग (क्षयमास)<br>फाल्गुन (अधिमास) | कार्तिक |

यस कारण केरो लक्ष्मण छत्रे, उनका अनुयायी वेङ्कटेश केतकर तथा रबर्ट स्वेल आदि विद्वान्हरूका गणना अप्रामाणिक हुन्, ब्रह्मगुप्त नजन्मँदै उनको ब्रह्मसिद्धान्तको प्रचार भइसकेको थियो, ब्रह्मसिद्धान्तको प्रचार गुजरात र राजपूतानामा मात्र थियो भनी प्रतिष्ठित विद्वान्हरूले भनेको कुरा बाहियात हो भनी पहिले स्वीकार गर्नुपर्छ; अनि मात्र मानदेवको विष्णुपादुकाको फेदीमा रहेको अभिलेखको संवत् ३९८ प्रथमाषाढको गणना शङ्करमानले मिलाएका छन् भनी मान्न सकिन्छ ।

१४) शङ्करमानले **लिच्छविसंवत्को परिचर्चा**का ७२, ७६ पृष्ठमा इष्ट वर्षका ब्रह्मसिद्धान्तअनुसारका भनी आफूले गणना गरी ल्याएका अधिमास दिएका छन् । तुलनाका लागि उनले केतकरको ग्रन्थमा दिइएका अधिमास पनि दिएका छन् । केतकरको सारणी सूर्यसिद्धान्तअनुसारको हो, मैले ब्रह्मसिद्धान्तअनुसार गणना गरेको हुँ, त्यस कारण मेरो गणितको परीक्षा केतकरको सारणीअनुसार गर्नु हुन्न भन्ने शङ्करमानको भनाइ छ । यसैले स्वेलले ब्रह्मसिद्धान्तअनुसार गणना गरेका अधिमास यो सारणीमा दिइएका छन् । यो सारणीमा केतकरको सूर्यसिद्धान्त, स्वेलको ब्रह्मसिद्धान्त तथा शङ्करमानको ब्रह्मसिद्धान्तअनुसारका अधिमास स्पष्ट देखिन्छन् ।

# ताक परे तिवारी नत्र गोतामे

वर्षको पूर्वार्धमा अधिमास परे आषाढमा अधिमास मान्ने र वर्षको उत्तरार्धमा अधिमास परे पौषमा अधिमास मान्ने चलन लिच्छविकालमा थियो भन्ने कुरा अभिलेखमा उल्लिखित अधिमासले बताएको छ। लिच्छविकालको वर्षारम्भ कार्तिकादि हुनाले कार्तिकदेखि चैत्रसम्म वर्षको पूर्वार्द्ध हुन्छ। तब आषाढमा अधिमास हुने भयो। यो नेपालको आफ्नै विशुद्ध मत हो। यही मत अंशुवर्माले पनि अपनाएका थिए।

भारद्वाज मत र नारद मत भारतीय मत हुन्। भारद्वाज मत श्रावणादि वर्ष मान्ने र नारद मत चैत्रादि वर्ष मान्ने हुन्। गुप्तहरूले शासनमा अधिकार जमाएपछि भारतीय मत लिएका थिए। अंशुवर्माले गुप्तहरूलाई हटाएर लिच्छवि वंशमै शासन फर्काएपछि नेपालको आफ्नै विशुद्ध मत संस्थापन गरेका हुन्।

(लिच्छविसंवत्को परिचर्चा, १३ पृष्ठ)

वर्षको पूर्वार्द्धमा अधिमास परे आषाढमा र वर्षको उत्तरार्द्धमा अधिमास परे पौषमा अधिमास मान्ने नारद मत र भारद्वाज मत भारतीय मत हुन्। पूर्वोक्त सिद्धान्त अनुसार नेपालको संवत् कार्तिकादि हुनाले कार्तिक देखि चैत्रसम्म वर्षको पूर्वार्द्धमा अधिमास परे आषाढमा अधिमास मान्ने र वैशाखदेखि आश्विनसम्म वर्षको उत्तरार्द्धमा अधिमास परे पौषमा अधिमास मान्ने नेपालको आफ्नै विशुद्ध मत हो। विशुद्ध मतले पुटित भएको संवत् चोखो हो।

(लिच्छविसंवत्को परिचर्चा, ६९ पृष्ठ)

यी वाक्य शङ्करमानले आफूले वैज्ञानिक मानेको मतको प्रमाणको रूपमा लेखेका हुन्। नेपालसंवत् कार्तिकादि छ, अरू कुनै पनि संवत् कार्तिकादि छैनन्, यस कारण नेपालसंवत् नेपालकै मात्र संवत् हो भन्ने शङ्करमानको भनाइ छ। त्यसै गरी नारद र भारद्वाज दुवै भारतीय हुन्, मैले आविष्कार गरेको अधिमास मान्ने पद्धति नेपालको आफ्नै विशुद्ध मत हो भनेर पनि शङ्करमान भन्छन्। अध्ययनको कमीले गर्दा शङ्करमानले यस्ता वाक्य लेखेका हुन्, किनकि कार्तिकादि संवत्हरूमा नेपालसंवत् मात्र पर्दैन, अरूअरू संवत् पनि पर्छन् भनेर वेङ्कटेश केतकरले लेखेका छन्।[१५] अचेल हामीले व्यवहार गरिरहेको विक्रमसंवत् पनि गुजराततिर कार्तिकादि मानिन्छ भनेर शङ्कर बालकृष्ण दीक्षितले लेखेका छन्।[१६]

पूनामा छापिएको वि. सं. २०३५ को पञ्चाङ्ग महेशराज पन्तले ल्याइदिएका छन्। सो पञ्चाङ्गको मुख-पृष्ठमा यस्तो लेखिएको छ—

## शके १९०० कालयुक्तनाम संवत्सरे

---

१५) भारत र बाहिरका कालगणना, १७१–१७२ पृष्ठ; पूर्णिमा ७१ अङ्क, ५–६ पृष्ठ।

१६) वि. सं. १९८८ मा पूनाबाट आर्यभूषण छापाखानाद्वारा प्रकाशित शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिःशास्त्र, ३७३ पृष्ठ। यसै पुस्तकको शिवनाथ झारखण्डीले गरेको हिन्दी अनुवाद, वि. सं. २०३२ मा लखनउबाट हिन्दी समितिद्वारा प्रकाशित *भारतीय ज्योतिष*, ४८९ पृष्ठ।

संबत् २०३४ शुक्लनाम संवत्सरे
२०३५ प्रमोदनाम संवत्सरे
इ. स. १९७८–७९

उक्त पात्रोको कार्तिकशुक्ल प्रतिपदाको दिनमा

संवत् २०३५

लेखिएको छ। यताबाट भारतमा अहिलेसम्म पनि कार्तिकादि संवत् चलनचलतीमा रहेछ भन्ने सिद्ध हुन्छ। यो कुराको उल्लेख ज्ञानमणिले पनि गरेका छन्।[१७]

कुनकुन महीनामा परेको अधिमास कुन महीनामा मान्ने भन्ने विषयको धर्मनिर्णयतिथिसारसङ्ग्रहमा परेको नारद र भारद्वाजका वचन[१८]लाई तलको सारणीमा देखाइएको छ—

नारदको वचनअनुसारको सारणी

| अधिमास परेका महीना | अधिमास मान्ने महीना |
|---|---|
| चैत्र, वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्र | आषाढ |
| आश्विन, कार्तिक, मार्ग, पौष, माघ, फाल्गुन | पौष |

भारद्वाजको वचनअनुसारको सारणी

| अधिमास परेका महीना | अधिमास मान्ने महीना |
|---|---|
| श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग, पौष | आषाढ |
| माघ, फाल्गुन, चैत्र, वैशाख, ज्येष्ठ, आषाढ | पौष |

नेपालको इतिहासमा काम गर्ने विद्वान्हरू पुराना अभिलेखमा पाइएका अधिमासको निर्णय माथि उद्धृत नारद र भारद्वाजका वचनअनुसार गर्छन्, यो सर्वमान्य नियम हो। अहिले शङ्करमानले अधिमास मान्ने विषयमा आफ्नो नयाँ मत आविष्कार गरेका छन्। उनको मतअनुसारको सारणी यस प्रकारको बन्छ—

शङ्करमानको वचनअनुसारको सारणी

| अधिमास परेका महीना | अधिमास मान्ने महीना |
|---|---|
| कार्तिक, मार्ग, पौष, माघ, फाल्गुन, चैत्र | आषाढ |
| वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन | पौष |

---

१७) नेपालको इतिहासका विवादास्पद विषयहरू, ३९ पृष्ठ।

१८) यही अङ्कका १५–१६ पृष्ठ।

भारद्वाज भन्ने गोत्र हो। मेरो गोत्र भारद्वाज हो, देवीप्रसाद पनि भारद्वाज हुन्। हामी दुवै भारतीय होइनौं। पहिले ३९६ लाई ३९५ पढ्दा शङ्करमानलाई नारदको वचन अप्रामाणिक लागेको थिएन। अहिलेचाहिं आफ्नो मतअनुसारको गणना मिलाउन आफूखुशी नयाँ सिद्धान्त निकाल्नुपरेकोले शङ्करमान नारद र भारद्वाज दुवैलाई भारतीय ठह्र्याई अधिमास मान्ने विषयमा 'नेपालको आफ्नै विशुद्ध मत' थियो भन्छन्। उक्त 'नेपालको आफ्नै विशुद्ध मत' शङ्करमानको वचनबाहेक अन्यत्र कतै पाईंदैन।

धर्मनिर्णयतिथिसारसङ्ग्रह कसले बनायो, कहाँ बन्यो र कहिले बन्यो भन्ने बारेमा अहिलेसम्म अन्वेषण भएको छैन। अर्को कुरा वि. सं. ६५५ मा जन्मिएका ब्रह्मगुप्त नेपाली हुन् तथा ब्रह्मसिद्धान्त नेपालमा चलेको थियो भनेर पनि अहिलेसम्म कसैले सप्रमाण बोलेको छैन। यस्तो अवस्थामा शङ्करमान, आफ्नो नमिलेको गणनालाई ढाकछोप पार्न ब्रह्मगुप्तको गणितअनुसार गणना गरी 'नेपालको आफ्नै विशुद्ध मत' अनुसार अधिमास मिलाएको कुरा गर्न थालेका छन्। यस्तो शङ्करमानको अन्वेषणशैलीलाई प्रलाप नभनेर के भन्ने ?

## कलिगतसंवत् अहिलेसम्म पनि चलिरहेकै छ

**(१) सुमतितन्त्रका ग्रन्थकारले शकसंवत् ४९८ सम्म चल्यो भनीदिएको छ। हामीकहाँ अभिलेख संवत् ५२६ सम्म पाइएको छ त्यस कारण उक्त कथन अशुद्ध छ।**

**(लिच्छविसंवत्को परिचर्चा, १४ पृष्ठ)**

कलिको ३१७९ वर्ष बितेपछि शकसंवत् चल्छ भन्ने कुरा सुमतितन्त्र तथा अरूअरू ग्रन्थमा पनि लेखिएको छ, तर कलिगतसंवत् त्यसपछि पनि चलिरहेको छ। भक्तपुरका राजा जितामित्र मल्लको अभिलेखमा नेपालसंवत् ७९८, शकसंवत् १६००, विक्रमसंवत् १७३५ र कलिगतसंवत् ४७७९ सँगसँगै लेखिएका छन्।[१८]

आजभोलिको पञ्चाङ्गमा यस्तो लेखिएको हुन्छ—

**विक्रमसंवत् २०४७**
**शकसंवत् १९१२**
**कलिगतसंवत् ५०९१**
**नेपालसंवत् १११०–११११**

यस कारण सुमतितन्त्रले शकसंवत् ४९८ देखि अर्को नयाँ संवत् चल्यो भन्ने सूचना दिएको हो, शकसंवत्को लोप नै भयो भनेको होइन भन्ने स्पष्ट छ।

यस कारण यहाँ शङ्करमानले उठाएको आपत्ति अर्थहीन छ।

---

१९) यही अङ्कको ८ पृष्ठ।

# पिष्टपेषण

अब श्री गुरु नयराज पन्तज्यूले मानदेव संवत् मिलाउन निकाल्नु भएको युक्ति बमोजिम पूर्व लिच्छविकालका पनि अधिमासहरू जाँच्दा निस्केको नतिजा यहाँ प्रस्तुत गरिन्छ ।

(१) विष्णु पादुका फेदीको अभिलेखमा संवत् ३९८ प्रथमाषाढ शुक्ल १२ दिइएको छ । यसलाई कार्तिकादि शक संवत् मान्नु भएपछि उहाँको पूर्वोक्त युक्ति बमोजिम यो संवत् ३९८ कार्तिकदेखि ३९९ आश्विनसम्म रहने भयो । केतकरको अधिमास सारणीमा भने ३९७ आषाढमा अधिमास छ । यहाँ पनि सो युक्तिले फेल खाएको छ ।

(२) पाटन वाहालुखाको अभिलेखमा संवत् ४३५ द्वितीय पौष शुक्ल दिव ५ दिइएको छ । यसलाई कार्तिकादि शक संवत् मानेपछि पूर्वोक्त युक्ति बमोजिम यो संवत् ४३५ कार्तिकदेखि ४३६ आश्विनसम्म रहने भयो । केतकरको अधिमास सारणीमा ४३५ आषाढमा अधिमास छ । यहाँ पनि सो युक्तिले फेल खाएको छ ।

(३) किसिपिडीको अभिलेखमा संवत् ४४९ प्रथमाषाढ शुक्ल दशम्यां दिइएको छ । यसलाई कार्तिकादि शक संवत् मानेपछि पूर्वोक्त युक्ति बमोजिम यो संवत् ४४९ कार्तिकदेखि ४५० आश्विनसम्म रहने भयो । केतकरको अधिमास सारणीमा ४४८ फागुनमा अधिमास छ । यहाँ पनि सो युक्तिले फेल खाएको छ ।

(४) का. इ. ब्रह्म टोलको अभिलेखमा संवत् ४७९ द्वितीय आषाढ दिइएको छ । यसलाई कार्तिकादि शक संवत् मानेपछि पूर्वोक्त युक्ति बमोजिम यो संवत् ४७९ कार्तिकदेखि ४८० आश्विनसम्म रहने भयो । केतकरको अधिमास सारणीमा ४७८ भाद्रमा अधिमास छ । यहाँ पनि सो युक्तिले फेल खाएको छ ।

(५) देउपाटन त्यागल टोलको अभिलेखमा संवत् ४८७ प्रथमाषाढ शुक्ल द्वितीयायाम् दिइएको छ । यसलाई कार्तिकादि शकसंवत् मानेपछि पूर्वोक्त युक्ति बमोजिम यो संवत् ४८७ कार्तिकदेखि ४८८ आश्विनसम्म रहने भयो । केतकरको अधिमास सारणीमा ४८९ श्रावणमा अधिमास छ । यहाँ पनि उक्त युक्तिले फेल खाएको छ ।

(६) धर्मस्थलीको अभिलेखमा संवत् ५१७ प्रथमाषाढ शुक्लद्वाव श्याम् दिइएको छ । यसलाई कार्तिकादि शकसंवत् मानेपछि पूर्वोक्त युक्ति बमोजिम यो संवत् ५१७ कार्तिकदेखि ५१८ आश्विनसम्म रहने भयो । केतकरको अधिमास सारणीमा ५१९ आषाढमा अधिमास छ । यहाँ पनि उक्त युक्तिले फेल खाएको छ ।

(७) सतुङ्गलको अभिलेखमा संवत् ५१९ प्रथम पौष शुक्ल दिवा द्वादश्याम् दिइएको छ । यसलाई कार्तिकादि शकसंवत् मानेपछि पूर्वोक्त युक्ति बमोजिम यो संवत् ५१९ कार्तिकदेखि ५२० आश्विनसम्म रहने भयो । केतकरको अधिमास सारणीमा ५१९ आषाढमा अधिमास छ । यहाँ

पनि उक्त युक्तिले फेल खाएको छ ।

यसरी असत्य मानदेव संवत्लाई सत्य बनाउन खोज्दा जताततै ह्वाङ पर्दै गएको छ । कहाँ मात्र टाल्ने हो ।

(लिच्छविसंवत्को परिचर्चा, १५–१६ पृष्ठ ।)

पहिलो संवत् शकसंवत् हो भनी माने मात्र इतिहासका घटना राम्रोसँग मिल्छन् भन्ने कुरा स्पष्टसँग देखिन्छ,[२०] मानदेवदेखि प्रथम शिवदेवसम्मका नेपालका लिच्छवि राजाहरूका अभिलेखमा देखिएका संवत्लाई जुनसुकै संवत् माने पनि ती अभिलेखमा देखिएका अधिमास मिलाउन सकिंदैन[२१] भनी मैले लेखिसकेकै थिएँ। ती अधिमास मिलाउन नसकेको हुनाले नै मैले अंशुवर्माभन्दा अघिका नेपालका लिच्छवि राजाहरूले व्यवहार गरेको संवत्को निर्णय गर्न वेदाङ्गज्यौतिष सम्झनुपऱ्यो[२२] भनी लेखेको हुँ । वेदाङ्गज्यौतिष परिश्रमपूर्वक पढे तापनि त्यताबाट काम लिनचाहिं सकेको छैन भनी मैले लेखिसकेकै थिएँ।[२३] यस कारण शकसंवत् मान्दा अभिलेखमा दिएका अधिमास मिल्दैनन् भनी यहाँ शङ्करमानले जो भने, सो मेरै भनाइको अनुवाद मात्र हो ।

मानदेवदेखि प्रथम शिवदेवसम्मका अभिलेखमा देखिएका संवत्मा २२ घटाइदियो भने शकसंवत् हुन्छ तथा त्यसअनुसार गणना गर्दा ती अभिलेखमा देखिएका अधिमास ट्वाक्क मिल्छन् भन्ने शङ्करमानको दाबी छ।[२४] शङ्करमानको यो दाबी सकार्नुभन्दा पहिले रबर्ट स्वेलको सारणी अशुद्ध हो भन्ने कुरा सकार्नुपर्छ भनी माथि लेखिसकिएको छ।[२५] यस कारण यस प्रकरणमा शङ्करमानले जे लेखेका छन्, त्यसले उनको बदनियत देखाउनुभन्दा बढ्ता काम केही पनि गर्दैन ।

## पढ्न गाह्रो माने केही पनि बुझिंदैन

सायन निरयनले मात्रै ऐतिहासिक निर्णय हुने हो र ?

(लिच्छविसंवत्को परिचर्चा, ६० पृष्ठ)

दिन कहिले बढ्छ, कहिले घट्छ; वर्षमा २ पटक मात्र दिन र रात बराबर हुन्छन् । जुन दिन दिन र रात बराबर हुन्छन्, त्यस दिन सूर्य गोलसन्धिमा आइपुगेका हुन्छन् । गोलसन्धिको स्थिति स्थिर छैन । त्यस कारण फलानो दिन दिन र रात बराबर हुन्छन् भन्ने कुरा जुन शास्त्रले बोल्छ, सो पञ्चाङ्ग गर्ने शास्त्र कहलाउँछ तथा

---

२०) लिच्छविसंवत्को निर्णय, ५५५ पृष्ठ ।
२१) उही, ५६१ पृष्ठ ।
२२) उही, ३२–३४ पृष्ठ ।
२३) उही, ५७४–५७५ पृष्ठ ।
२४) लिच्छविसंवत्को परिचर्चा, ७१ पृष्ठ ।
२५) यही अङ्कका २३–२५ पृष्ठ ।

त्यसको अध्ययनले गोलसन्धिको स्थितिको ज्ञान गर्न सकिन्छ। गोलसन्धिको स्थितिबाट नै विद्वान्‌हरू तत्तत्समय-को कालनिर्धारण गर्ने गर्दछन् । यो कुरा ज्यौतिषशास्त्रमा प्रसिद्ध छ । यस विषयमा प्रसिद्ध विद्वान्‌हरूले धेरै पुस्तक लेखेका छन् । सुधाकर द्विवेदीको दिग्मीमांसा[२६] यस विषयको प्रचलित पुस्तक हो। पढेदेखि सबै कुरा बुझिन्छ, पढ्न गाह्रो मान्ने गरे केही पनि बुझिँदैन ।

स्वास्नी र आमाको भेद छुट्टचाउन नसक्ने व्यक्ति इतिहासकार बन्न पुगे झैं, यहाँ शङ्करमान पनि सायन र निरयणको भेद नजाने पनि ऐतिहासिक कालनिर्णय गर्ने निर्णायक बन्न खोजेका मात्र हुन् ।

# के नरेन्द्रदेवको अभिलेख अप्रामाणिक हो ?

टुङह्वाङ भन्ने चीनको वंशावलीमा सन् ६४१ मा नरीवावाले युस्नुकुतिलाई मारी आफ्नो राज्य निष्कण्टक बनाए भनी लेखेको छ (यो टिपोट पनि डक्टर श्री कमलप्रकाश मल्लज्यूको सौजन्यबाट प्राप्त भएको हो) । यहाँ नरीवावा भन्ने नरेन्द्रदेव र युस्नुकुति भन्ने विष्णुगुप्त हुन् ।

विष्णु गुप्तको भृङ्गारेश्वरमा रहेको अभिलेख संवत् ६५ फाल्गुनको छ । त्यसपछि चांगुको विष्णुगुप्त-को अभिलेख प्राप्त छ । त्यो अभिलेखमा संवत्‌को भाग गइसकेको छ। त्यसपछि नरेन्द्रदेवको भन्सार-चोकको संवत् ६७ पौषको पाइएको हुनाले उक्त चांगुको विष्णुगुप्तको अभिलेख संवत् ६५ र ६७ को बीचको भन्ने स्पष्ट छ । उक्त संवत् मेरो निष्कर्ष अनुसार शक ४७४ कार्तिक शुक्ल प्रतिपदाबाट उठेको हो । तब उक्त २ अभिलेखको समय निम्न प्रकार हुन्छ ।

६५+४७४=५३९ शक (वि. सं. ६७४ इ. सं. ६१७) हुन्छ ।

६६+४७५=५४१ शक (वि. सं. ६७६ इ. सं. ६१९) हुन्छ ।

यसबाट विष्णुगुप्त इ. सं. ६१७ ६१९ सम्म शासक रूपले विद्यमान छन् भन्ने स्पष्ट हुन्छ । इ. सं. ६१९ मै विष्णुगुप्तलाई हराई नरेन्द्रदेवले आफ्नो पैतृक राज्य लिएथे । त्यस बेला विष्णुगुप्त भागेथे । पछि इ. सं. ६४१ मा गएर नरेन्द्रदेवले विष्णुगुप्तलाई फेला पारी पक्रेर मारिदिए । तब नरेन्द्रदेवले विष्णु गुप्तलाई मारी आफ्नो राज्य निष्कण्टक बनाए भन्ने कुरा मेरो निष्कर्ष अनुसार मिल्दछ । किन भने शत्रु रहिरहेसम्म षड्यन्त्र भइरहन्छ ।

(लिच्छविसंवत्‌को परिचर्चा, ८० पृष्ठ)

पाटन भन्सारचोकको नरेन्द्रदेवको अभिलेखमा यस्तो लेखिएको छ—

**बलगद्वीरपदातिकुन्तविशिखप्रोताश्वनागाकुले**
**शक्त्यान्यस्पृहणीयया रणमुखे संज्ञावशेषान् द्विषः ।**

२६) वि सं. १९५६ मा काशीबाट मेडिकल हल प्रेसद्वारा प्रकाशित सुधाकर द्विवेदीको **दिग्मीमांसा** ।

कृत्वा लोकहितोद्यमप्रभवया कीर्त्या दिशो भासय-
न्नन्योन्याविहतान् प्रजासु विदधद्धर्मार्थकामान्मुदा ।।
भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातो भट्टारकमहाराजाधिराज
श्रीनरेन्द्रदेवः कुशली ··· संवत् ६७ पौषशुक्लपञ्चम्याम्

[जोशिएर अघि बढेका वीर पैदल सिपाहीहरूका भाला र बाणहरूले घाइते भएका हुँदा हात्ती घोडाहरू तर्सिएर छ्यासब्यास भएको लडाइँको मोर्चामा अरूको लागि लोभलाग्दो पराक्रमद्वारा शत्रुहरूलाई सखाप पारीकन दुनियाँको भलो गर्नुतिर लागेका, त्यताबाट भएको कीर्ति दिशाको छेउछेउसम्म फैलिएका, दुनियाँमा धर्म अर्थ कामसम्बन्धी कुरालाई परस्परमा बाधा नपुऱ्याउने पारीकन आनन्दसँग चलाउने भएका, भगवान् पशुपतिनाथको पाउको अनुग्रह पाएका, बप्प (बुवा) बाट अनुग्रह पाएका, गाथमा आराम रहेका, भट्टारक (गद्दीनशीन) महाराजाधिराज श्री नरेन्द्रदेवबाट ··· संवत् ६७ पौष शुक्ल पञ्चमी ।]

(लिच्छविकालका अभिलेख, ४५८–४६० पृष्ठ)

नरेन्द्रदेवको यो अभिलेख संवत् ६७ पौषको हो । मानदेवसंवत्अनुसार यसको समय वि. सं. ७०० हुन्छ । यताबाट वि. सं. ७०० को उत्तरार्धतिर नरेन्द्रदेवका शत्रुहरू नामावशेष भइसकेका रहेछन् भन्ने देखिन्छ। संवत् ६५ फाल्गुनको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेख पाइन्छ ।[२७] त्यसको समय मानदेवसंवत्अनुसार वि. सं. ६९८ फाल्गुन हुन्छ । शङ्करमानले उद्धृत गरेको टिपोटअनुसार सन् ६४१ (वि. सं. ६९८) मा नरेन्द्रदेवले विष्णुगुप्तलाई मारेका थिए भन्ने देखिन्छ ।[२८] यो कुरा इतिहासको घटनासँग मिल्छ पनि । किनकि वि. सं. ६९८ मा नरेन्द्रदेवले विष्णुगुप्तलाई मारेको प्रमाण चीनमा भेटिनु र वि. सं. ७०० मा नरेन्द्रदेवले मैले आफ्ना शत्रुलाई सखाप (नामावशेष) पारें भन्नु सङ्गति मिल्ने कुरा छ । उक्त शङ्करमानको अंशुवर्मसंवत्अनुसारचाहिं (६०९+६५=) वि. सं. ६७४ मा विष्णुगुप्त भीमार्जुनदेवको सहायकको रूपमा शासन गर्दै रहेका, (६०९+६७=) वि. सं. ६७६ मा नरेन्द्रदेवले आफ्ना शत्रुहरू सखाप पारेका र वि. सं. ६९८ मा विष्णुगुप्तलाई नरेन्द्रदेवले मारेका थिए भन्नुपर्ने हुन्छ । आफ्नो प्रमुख प्रतिद्वन्द्वी शत्रु विष्णुगुप्त मारिनु (वि. सं. ६९८) भन्दा २२ वर्षअगाडि नै नरेन्द्रदेवले आफ्ना भएभरका शत्रु सखाप पारें भनी लेखेहोलान् भन्न सकिंदैन ।

यस कारण नरेन्द्रदेव आफैंले राखेको अभिलेखमा लेखिएको कुरा भरपर्दो छैन शङ्करमानले कल्पना गरेको कुरा भरपर्दो छ भन्ने नसकारीकन अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६०९ देखि उठेको अंशुवर्मसंवत् हो भन्ने कुरा स्वीकार गर्न सकिंदैन ।

२७) लिच्छविकालका अभिलेख, ४४८–४४९ पृष्ठ ।

२८) शङ्करमानले लेखेको नरीवावा र युश्नुकुतिको शुद्ध उच्चारण क्रमशः नरिदेवा र युस्ना कुगुते हुन्छ भन्ने ज्ञानमणिको भनाइ छ ।

# शङ्करमानको दृष्टिमा सुमतितन्त्र अप्रामाणिक हुनाको कारण

वि. सं. २०२३ को ज्यौतिषाचार्यको अन्तिम वर्षको परीक्षामा दुइ जना परीक्षार्थी थिए । ती दुवैले नयराज दुष्ट छन्, तिनले हामीलाई अनुत्तीर्ण गराइदिन्छन् तिनकहाँ हाम्रो उत्तरपुस्तिका नजाओस् भनी विश्वविद्यालयमा निवेदन दिएका थिए । विश्वविद्यालयले सो कुरा नपत्याई नयराजकहाँ नै उत्तरपुस्तिका पठाउँदा, नभन्दै नयराजले ती दुइटैलाई फेल गरिदिए । विश्वविद्यालयले ती उत्तरपुस्तिका काशीमा पठायो । त्यहाँका परीक्षकले जाँच्दा दुवै जना उत्तीर्ण भए । विश्वविद्यालयले काशीको मात्र विश्वास नगरी सो उत्तरपुस्तिका जयपुर पनि पठायो । त्यहाँका परीक्षकले जाँच्दा पनि दुवै जना उत्तीर्ण भए । नयराजले ५० पूर्णाङ्कको उत्तरपुस्तिकामा ० नम्बर दिएकोमा उनीहरूको नम्बर त ४० भन्दा पनि बढी आयो ।

त्रिभुवन–विश्वविद्यालयका तात्कालिक उपकुलपति र उनका अनुयायीहरूको उपर्युक्त प्रचार छ । यसमा मेरो भन्नु के छ भने ती परीक्षार्थीहरूले मकहाँ उत्तरपुस्तिका नजाओस् भनी निवेदन दिएका थिए होलान्, त्यसो भए ती उत्तरपुस्तिका मकहाँ नपठाएको भए भइहाल्थ्यो ; मैले अनुत्तीर्ण गराइदिएपछि ती उत्तरपुस्तिका काशी तथा जयपुरमा पनि पठाइएका थिए होलान्, त्यहाँका विशेषज्ञले उत्तीर्ण गराई पठाइदिएका पनि होलान्, त्यसो हो भने ती विशेषज्ञलाई यहाँ बोलाई मलाई पनि बोलाई उत्तरपुस्तिकाको विषयमा सभा गराएको भए भइहाल्थ्यो । त्यस्तो केही कुरो भएन । वास्तवमा आफ्ना चाकडीदारलाई उत्तीर्ण गराउने तथा प्रथम श्रेणीमा उत्तीर्ण हुने परीक्षार्थीलाई अनुत्तीर्ण पार्ने नयराज बदमास हो भनी मेरो बदनामी पिटाउने दुइटा उद्देश्य त्रिभुवन–विश्वविश्वालयका तात्कालिक उपकुलपति र उनका अनुयायीहरूको बुद्धिमा खेलेकोले यस्तो भएको हो । यस बिषयमा मैले त्रिभुवन–विश्वविद्यालयका तात्कालिक कुलसचिव (रजिस्ट्रार) लाई लेखेको चिठी यस प्रकारको छ—

**त्रिभुवन–विश्वविद्यालयका रजिस्ट्रारज्यू,**

**श्रीमान्को ०२५।३।७ को पत्र पाएँ । मैले वि. सं. २०२३ को परीक्षाको काम गरेबापत पारिश्रमिक पाएको रहेछु ।**

**म अहिले ५५ वर्षको पुग्न लागें । आफ्नो २२ वर्षको उमेर वि. सं. १९९२ देखि प्राश्निक तथा परीक्षक भई म काम गर्न लागेको हुँ । त्रिभुवन–विश्वविद्यालयमा पनि वि. सं. २०१९ देखि आयोजक प्राश्निक परीक्षक भई मैले काम गरेको हुँ । मैले गरेको परीक्षाफल कहीं विपरीत भएको थिएन । वि. सं. २०२३ मा पनि त्रि. वि. वि. को ज्यौतिषविषयको म आयोजक प्राश्निक तथा परीक्षक पनि थिएँ । आचार्य प्रथम वर्षका १ जना परीक्षार्थीको अरूले नै दिएको अङ्कमा १ अङ्क नपुग्दा श्रीमान्को कार्यालयले आयोजकको हैसियतले मसँग सल्लाह मागेथ्यो । आचार्य तृतीय वर्षका ४ पत्रमध्ये १ पत्रको म नै प्राश्निक तथा परीक्षक थिएँ । २ जना परीक्षार्थी थिए । ती दुवै निकै अङ्क नपुगी अनुत्तीर्ण भएका थिए । ती दुवैका अङ्क अहिले पनि मसँग सुरक्षित छन् । परन्तु आश्चर्य छ, ती दुवै उत्तीर्ण भए । एक जना प्रथम श्रेणीमा निस्के । आयोजक प्राश्निक तथा परीक्षक भएको मसँग कुनै सोधपूछ गरिएन । त्यस विषयमा शङ्का उठेको भए जसरी प्रश्नसंशोधनमण्डलमा १ जनाको मात्र विश्वास नहुने हुनाले दुइ जनाबाट काम लिइन्छ, त्यसै गरी त्यस विषयमा पनि अरू अरू विशेषज्ञलाई**

बोलाई मलाई पनि राखी अरू पनि बसी छलफल गराएको भए हुन्थ्यो । कुनै कुरो भएन; खालि भित्रभित्रै गामगुम भएछ । *महानुपयोगिता वर्तते* जस्ता प्रथमपरीक्षाका विद्यार्थीले लेखे पनि अङ्क काटिने वाक्य आचार्यको उत्तरपत्रमा लेख्ने मानिस प्रथम श्रेणीमा निस्के । परीक्षाफल निस्केको भोलिपल्टै मैले श्रीमान्कहाँ यस विषयमा लिखित उजूरी पेश गरेको हुँ । अझै पनि दाबीसाथ भन्दैछु; उत्तरपत्र त्याई विशेषज्ञ बोलाई जाँच होस्; मैले अनुचित गरेको ठहरे कडासेकडा सजाय भोग्न म तयार छु ।

उत्तरपत्रमा रहेका अशुद्धिमा मैले चिह्न लाइदिएको छु । ती अशुद्ध होइनन् भनी कसैले सिद्ध गरिदिन्छ भने म कडासेकडा सजाय भोग्न सधैं तयार छु ।

त्यस किसिमका अशुद्ध उत्तर लेख्ने मनुष्य पनि आचार्यमा उत्तीर्ण हुन लागेपछि केही कालमा नेपालमा शुद्ध संस्कृत लेख्न सक्ने तथा पाठ्यग्रन्थको अर्थ गर्न सक्ने मनुष्यको अभाव हुनेछ भन्ने कुरामा केही पनि शङ्का छैन । यस कारण जानाजान विद्याको नाश गर्ने काममा मुछिन म चाहन्नँ । यस कारण त्रिभुवन–विश्वविद्यालयको परीक्षक हुनु म आफूलाई कलङ्कित भएको सम्झन्छु । यस कारण यो दुर्घटना भएपछि त्यस विश्वविद्यालयले परीक्षाबापत भनी पठाएको रुपियाँ लिन म असमर्थ छु । यस कारण नं. के. ०९५४०५ को चेक र नं. के. ०६७१६३ को चेकसमेत गरी त्यस विश्वविद्यालयले मलाई दिएको रु. १५०।– एक सय पचासको चेक थान दुइ फिर्ता पठाएको छु ।

**झर्छन् निर्झर झैं अधर्म, बहुतै छीटो छरीतो गरी,**
**उत्रन्छन् गमसाथ धर्म, बहँदै गम्भीर धारासरी ।**
**जस्तो होस् पहिलो प्रकाश यिनको, चाँडो ढिलो आखिर,**
**फुर्छन् स्वर्णमय ध्वजा विजयका, सद्धर्मकै खातिर ।।**

**—आदर्शराघव**

भवदीय–

२०२५ । ३ । १३ । ४                                                    नयराज पन्त

(वि. सं. २०२५ मा पूर्णिमा १९ अङ्कमा छापिएको नयराज पन्तको प्रतिसंस्कृत सर्वानन्दकरण भन्ने निबन्ध, सो अङ्कका २४३–२४४ पृष्ठ)

पण्डितवर पद्मप्रसाद भट्टराईज्यूको अध्यक्षतामा पञ्चाङ्गविवेचकसमिति बनेको थियो । पञ्चाङ्गसंशोधनको काम चलाउनाका लागि श्री ५ को सरकारको आदेशअनुसार एउटा योजना बनाई, पञ्चाङ्गविवेचकसमितिमार्फत श्री ५ को सरकारमा सो योजना पेश गरिएको थियो ।[२८] त्यसको सार कमसेकम राजपत्रअनङ्कित प्रथम श्रेणीका चार जना गणकको स्थायी प्रबन्ध गरियोस् भन्ने थियो । त्यसमा मैले विनापैसामा प्रतिदिन २ घण्टा आफूले काम गर्न मञ्जूर गरेको थिएँ । यो योजनामा पद्मप्रसादज्यूको पूर्ण समर्थन थियो । सो पञ्चाङ्गविवेचकसमितिको

२९) वि. सं. २०२४ मा पूर्णिमा १५ अङ्कमा छापिएको नयराज पन्तको ऐतिहासिक–शिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना भन्ने निबन्ध, सो अङ्कका ३२३–३२५ पृष्ठ ।

अध्यक्षता पद्मप्रसादज्यूबाट तात्कालिक बडागुरुज्यू खगेन्द्रराजमा सरेपछि एक दिन मैले उहाँलाई पनि हाम्रो योजनाविषयका सबै कुरा सुनाएँ, त्यस बेला पद्मप्रसादज्यू पनि त्यहीं हुनुहुन्थ्यो। त्यतिखेर उहाँ सो समितिको उपाध्यक्षजस्तो हुनुभएको थियो। त्यसै योजनाबमोजिम काम गराउन बडागुरुज्यूको पनि मञ्जूरी भयो। काम शुरू हुन आँटेको थियो, पद्मप्रसादज्यू रोगशय्यामा पर्नुभयो। पद्मप्रसादज्यूले गरेको काम त्यसपछि पण्डित बुद्धिसागर पराजुलीले गर्न थाल्नुभयो। पद्मप्रसादज्यू शास्त्रको मर्मज्ञ हुनुहुन्थ्यो।[३०] पद्मप्रसादज्यूको विद्वत्ता बुद्धिसागर पराजुलीज्यूमा छैन, यो कुरा विद्वत्समाजमा प्रसिद्ध छ। बुद्धिसागरज्यूमा विद्याको कमी भई खाली भएको भाग लोभले भरिएको रहेछ। यस कारण उहाँले ८½ हजार रुपियाँको योजना बनाउनुभई मलाई २ हजार रुपियाँ खुवाउने आफू २ हजार रुपियाँ खाने र बाँकी ४½ हजार रुपियाँले अरू काम गर्ने साँजो मिलाउनुभएछ। सो कुरामा मेरो मञ्जूरी भएन।[३१] सो योजना त्यसै गयो, पञ्चाङ्ग पनि मेरो हातबाट गयो।

मेरो परीक्षकत्वमा अनुत्तीर्ण भएका परीक्षार्थी ज्यौतिषाचार्यमा प्रथम श्रेणीमा उत्तीर्ण भई छाती फर्काई हिंड्न थाले। मैले गरी आएको पञ्चाङ्गसंशोधनको काम पनि मेरो हातबाट गयो। यताबाट सबैले 'नयराज नामर्द रहेछ' भन्ने कुरा थाहा पाए। हाम्रा समाजमा 'नामर्दकी जोई हुनुभन्दा मर्दकी कमारी हुनु बढिया' भन्ने आहान प्रख्यात छ; यसैले संशोधन-मण्डल पातलिंदै गयो। यसो हुनु पनि कुनै आश्चर्यको कुरो होइन।

**छायामपास्य महतीमपि वर्तमानामागामिनीं जगृहिरे जनतास्तरूणाम्।**
**सर्वो हि नोपगतमप्यपचीयमानं वर्धिष्णुमाश्रयमनागतमभ्युपैति ॥१४॥**

**(शिशुपालवध, ५ सर्ग)**

[श्रीकृष्णको सेना द्वारकाबाट हस्तिनापुरतिर जान लागेको थियो, बाटामा सिपाहीहरू थकाइ मार्न बसे। त्यहाँ रूखको छहारीमा बसेका सिपाहीहरू, आफू बसेको रूखको छाया ठूलै थियो तापनि सो घट्न लागेको देखेर सानै भए पनि बढ्न लागेको छायातिर सरे। मानिसहरू आफ्नो आश्रयदाताको शक्ति घट्न थालेपछि उसलाई छोडिदिन्छन् र अहिलेसम्म आफूलाई आश्रय नदिएको भए पनि शक्ति बढ्न लागेको व्यक्तिलाई पच्छयाउँछन्।]

**वि. सं. २०२८ मा** संशोधन-मण्डलमा रामजी तेवारी, देवीप्रसाद भण्डारी, महेशराज पन्त र दिनेशराज पन्त यी ४ जना बाँकी रहे। यीमध्ये रामजी, महेश, दिनेश र म एउटै भान्छामा खाने एउटै घरका व्यक्ति थियौं, बाहिरियामा देवीप्रसाद एक जना मात्र हुन्। यी ४ जना पनि उत्साहहीन भइसकेका थिए। दिनेशले खुट्टा नछोडिदिएका र अरूले पनि केही भरथेग गरिदिएकाले **पूर्णिमा** जेनतेन चल्दै थियो। संशोधन-मण्डलसँग पैसा थिएन। त्रिभुवन-विश्वविद्यालयमा ज्यौतिष पढाई महीनाको रु २२५।- म पाउँथें, त्यही[३२] पैसाको भरमा **पूर्णिमा** चलेको थियो।

---

३०) वि. सं. २०२४ मा **पूर्णिमा** १६ अङ्कमा छापिएको नयराज पन्तको बहुमत कि वास्तवमत ? भन्ने निबन्ध, सो अङ्कका ४१५-४१८ पृष्ठ।

३१) **पूर्णिमा** १९ अङ्क, २२६-२४४ पृष्ठ।

३२) वि. सं. २०३४ मा **पूर्णिमा** ३७ अङ्कमा छापिएको नवौं वर्षको आयव्ययको विवरण तथा वि. सं. २०२३ मा श्रीगुरु पं. नयराज पन्तबाट त्रिभुवन-विश्वविद्यालयमा पढाई प्राप्त रकम संशोधन-मण्डललाई दिन थाल्दा लेखिएको पत्र, सो अङ्कका ३०-३४ पृष्ठ।

वि. सं. २०३० मा पं. अम्बिकाप्रसाद अधिकारी (हाल बडागुरुज्यू) संस्कृत-अध्ययनसंस्थानको अध्यक्ष भई आउनुभयो। उहाँले मलाई—"तपाईं केही अन्वेषण गर्नुहोस्, म मिलाइदिन्छु" भन्नुभयो। उहाँसँग मेरो नातागोता केही छैन, मैले उहाँको उपकार वा सेवा केही गरेको पनि छैन। विद्याप्रेमले नै होला उहाँले त्यसो भन्नुभएको।

रामजी अलि अस्वस्थ थिए। महेशराज जर्मन रिसर्च सेन्टरको काममा लागेकाले बेफुर्सती थिए। त्यसैले म, देवीप्रसाद र दिनेशराज भई सुमतितन्त्र सम्पादन गर्ने विचार गऱ्यौं। त्रिभुवन-विश्वविद्यालयले संस्कृत-अध्ययन-संस्थानमार्फत प्रतिमहीना रु. ६००।– दिने भयो। हामी तीन जनाले दुइदुइ सय रुपियाँ बाँडी काम शुरू गऱ्यौं। आँखाको कमजोरीले गर्दा नेपाल राष्ट्रिय अभिलेखालयमा गई त्यहाँ रहेको सुमतितन्त्रको ताडपत्रको पुस्तकबाट प्रतिलिपि गर्ने सामर्थ्य ममा थिएन, गोकर्णपाठशालाका अध्यापक भएका हुनाले अड्डाको समयमा त्यहाँ गई प्रतिलिपि गर्न देवीप्रसाद पनि सक्तैनथे। यस कारण नेपाल राष्ट्रिय अभिलेखालयमा गई ताडपत्रमा रहेको सुमतितन्त्रको प्रतिलिपि ल्याउने काम दिनेशराज गर्थे, देवीप्रसाद साफी गर्थे तथा मचाहिं सो सुनी प्रेसकापी तयार गर्न लाउँथे। यसै गरी काम चल्दै थियो।

तिनताका शङ्करमान नेपाल राष्ट्रिय अभिलेखालयकै कर्मचारी थिए। एक दिन, "अघि त संशोधन-मण्डलमा पैसा नभएकोले त्यहाँबाट म निस्किएको हुँ, अब पैसा आयो म पनि सुमतितन्त्रको काममा संलग्न हुन्छु" भनी शङ्करमानले भन्नुभयो भनेर दिनेशराजले भने। "यो घरायसी काम होइन, त्रिभुवन-विश्वविद्यालयसँग शर्तनामा भइसकेको छ, अहिले मागेर त्रिभुवन-विश्वविद्यालयले हामीलाई बढी पैसा दिंदैन, यस कारण अहिले शङ्करमान-लाई यो काम लाउन सकिंदैन, यी कुरा शङ्करमानलाई सुनाइदेऊ" भनी मैले दिनेशलाई भनें। यो वि. सं. २०३१ दशैंतिरको कुरो हो।

वि. सं. २०३० कार्तिकमा शङ्करमानको लिच्छविसंवत्‌को निष्कर्ष निस्केको हो। बुद्धि पनि कम अध्ययन पनि कम हुनाले शङ्करमानको सो पुस्तक अशुद्ध छ।

**यत्र विद्वज्जनो नास्ति श्लाघ्यस्तत्राऽल्पधीरपि।**
**निरस्तपादपे देशे एरण्डोऽपि द्रुमायते ॥**

(सुभाषित)

[जहाँ विद्वान् छैनन्, त्यहाँ अलिकति पढेको मानिस पनि ठूलो कहिन्छ। जुन ठाउँमा रूख पाइँदैनन्, त्यहाँ अँडीरको बोट पनि रूख कहलाउँछ।]

उपर्युक्त वचनकै प्रभाव होला, अनभिज्ञहरूले शङ्करमानलाई फुक्र्याइदिए।[३३] इतिहास जान्ने भुवनलालले शङ्करमानको पुस्तकको त्यसै बेला निन्दा गरिदिए[३४], तर अनभिज्ञहरूको आड पाएका हुनाले शङ्करमान जथा-

---

३३) यहाँको ऐतिहासिक लेख आदिका सम्पादक श्रीशङ्करमान राजवंशीले केही शिलालेखहरूका आधारमा ज्योतिष शास्त्रानुसार गणना गरी यथा संभव प्रयास गरी तिथि मिति अधिमास आदिको निर्णय समेत गरी ढुङ्गाको बोली स्पष्ट फुटाई यो पुस्तक प्रकाश गरिदिनुभएको छ।

(लिच्छविसंवत्‌को निष्कर्षको क पृष्ठमा छापिएको बुद्धिसागर पराजुलीको ढुंगाको बोली)

३४) यही अङ्कका ३-४ पृष्ठ।

भावी बकन थाले ।[३४]

कटुकौषधोपशमनीयस्य रोगस्य सितशर्करोपशमनीयत्वे कस्य वा रोगिणः सितशर्कराप्रवृत्तिः साधीयसी न स्यात् ?

(साहित्यदर्पण, प्रथम परिच्छेद)

[पीरो औषधी खाएर निको हुने रोग चिनी–मिश्री खाएरै निको हुन्छ भने जो पनि चिनी–मिश्रीपट्टि नै बढी लहसिन्छ ।]

साहित्यदर्पणको यो वाक्यलाई मनमा राखी, शङ्करमान आफ्नै मान्छे हुन् सम्झिहाल्लान् कि भनेर मैले उनलाई नरम शब्दमा सम्झाएँ ।[३६] तर शङ्करमानको मनोभाव त्यतिखेर अर्कै भइसकेको रहेछ । उनले सुमतितन्त्रको सम्पादनकार्यमा सम्मिलित भई प्रतिमहीना केही रुपियाँ हात पार्ने आस लिएका रहेछन् र सो नपुग्दा उनी मसँग भनूँ कि सुमतितन्त्रसँग भनूँ खोकिइसकेका रहेछन् । त्यसैले उनको मन जसरी हुन्छ सुमतितन्त्रलाई अप्रामाणिक सिद्ध गर्ने काममा दगुरिसकेको रहेछ ।

पहिले नेपालसंवत्को चर्चा गर्दा शङ्करमानले यस्तो लेखेका थिए—

> वास्तवमा सो संवत् नेपालको संवत् हो र त्यसलाई नेपालसंवत् भन्ने नै ऐतिहासिक उपकरणहरूले बताउँछ । तिनमा सबभन्दा पुरानो ताडपत्रमा लेखिएको सुमतितन्त्र नामको ज्योतिष पुस्तकमा नेपाली संवत्को विषयमा पत्राङ्क १ को पहिलो पृष्ठमा अहर्गणप्रकरणमा यस्तो लेखेको छ—
>
> "ॐ नमः सूर्याय । नेपालसम्वत्सर कर्मभूमौ स्थाप्य नयनाभ्रनागा ८०२ संयोज्यं शककालम्भवति ।"
>
> (लिच्छविसंवत्को निष्कर्ष, ३१ पृष्ठ)

नेपालसंवत्को उल्लेख परेको अहिलेसम्म भेटिएकोमा सबैभन्दा पुरानो लिखत यस प्रकारको छ—

आकाशग्रहहस्तसङ्ख्निशते नेपालसम्वत्सरे ।
पौषमासे तिथौ च पञ्चदशमे शुक्ल रवेवासरे ।।

(नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको शिवधर्मशास्त्रको पुष्पिकावाक्य, पेतेक ६८ पृष्ठ)
[नेपालसंवत् २९० (वि. सं. १२२६) पौषशुक्ल पूर्णिमा आइतवार ।][३७]

थाँगुको अंशुवर्माको अभिलेखमा पाइएको तिथिमितिको गणना गर्ने क्रममा शङ्करमानले यस्तो लेखेका थिए—

> फेरि संवत् ३१ लाई वि. सं. ६३३ बाट उठेको मानदेवसंवत् मान्दा ६३३ + ३१ = ६६४ वि. सं. (शक ५२९) हुन्छ । यसबाट गणना गर्दा शुक्रवार आयो र मिलेन ।
>
> (लच्छविसंवत्को निष्कर्ष, ७ पृष्ठ)

---

३५) पुस्तक सानो आकारको हुनाले हेपेर सर्वप्रथम श्री भुवनलाल प्रधानले छेर्को हाले ।
(लिच्छविसंवत्को परिचर्चा, घ पृष्ठ)

३६) वि. सं. २०३३ मा पूर्णिमा ३५ अङ्कमा छापिएको नयराज पन्तको लिच्छविसंवत्को निष्कर्षको परीक्षा भन्ने निबन्ध, सो अङ्कका १७८–२०३ पृष्ठ ।

३७) यस कुराको उल्लेख जगदीशचन्द्र रेग्मी (सन्दर्भ २ अङ्क, अङ्ग्रेजी खण्डको १६ पृष्ठ) तथा दिनेशराज पन्त (नेपालको इतिहासका विवादास्पद विषयहरू, २५–२६ पृष्ठ) द्वारा पनि भएको छ ।

नेपालसंवत्को सबभन्दा पुरानो उल्लेख ताडपत्रमा लेखिएको सुमतितन्त्रनामक ज्यौतिषको ग्रन्थमा परेको छ भनी शङ्करमानद्वारा भनिएको र अरू लिखतमा नेपालसंवत्को स्पष्ट उल्लेखचाहिँ वि. सं. १२२६ मा पाइएकोले लिच्छविसंवत्को निष्कर्ष प्रकाश हुँदा (वि. सं. २०३० कार्तिक) सम्म शङ्करमान सुमतितन्त्रलाई वि. सं. १२२६ भन्दा पुरानो तथा प्रामाणिक पनि मान्दारहेछन् भन्ने कुरा माथि उद्धृत गरिएका लिच्छविसंवत्को निष्कर्षका उद्धरणले स्पष्ट पार्छन् ।

हामी (नयराज, देवीप्रसाद र दिनेशराज) ले सुमतितन्त्रको सम्पादन गर्न थालेपछि, अरू भनौं, शङ्करमानले मागेअनुसार यो कामको भाग हामीले उनलाई दिन नसकेपछि, शङ्करमानको दृष्टिमा सुमतितन्त्र आधुनिक कालको अप्रामाणिक ग्रन्थ बन्न आएको छ । हामीले सुमतितन्त्रको काममा हात हालेपछि निस्किएका शङ्करमानका लेखमा सुमतितन्त्रको उछित्तो गर्ने काम मात्र भएको कुरा ती लेख पढ्ने पाठकहरू स्पष्टतया बुझ्न सक्छन् । हुँदाहुँदा पहिले आफूले विक्रमको तेह्रौं शताब्दीभन्दा अगाडिको भनी मानेको सुमतितन्त्रलाई विक्रमको एक्काईसौं शताब्दीका भुवनलाल, ज्ञानमणि, माणिकलाल आदिको समकक्षमा पुऱ्याउन पनि शङ्करमानले सङ्कोच मानेका छैनन् । त्यसैले त उनी यस्तो पनि लेख्न सक्छन्—

> मानदेवसंवत्लाई पुष्टि गर्न वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन् भनी पछि लेखेका लिखतलाई उहाँ प्रस्तुत गर्नुहुन्छ । तर तथ्य उदाहरण भने दिनु हुन्न । केवल पछिका लिखतको भनाइ प्रमाण मान्ने हो भने ४ वटा त के ७ वटा पाइन्छ भनौं भुवनलालले मानेको छ, ज्ञानमणिले मानेको छ, माणिकलालले मानेको छ भनेर ज्येष्ठशुक्ल प्रतिपदामा रोहिणी नक्षत्र सोमवार परेका मितिका पात्रोहरू दिएजस्तै दिनु भए पनि त हुन्छ नि ।

(लिच्छविसंवत्को परिचर्चा, १७ पृष्ठ)

# के शङ्करमान सुमतितन्त्रको विरोधमा जथाभावी लेख्न छोड्लान् ?

वि. सं. १९९६ देखि इतिहास–संशोधन निकाल्ने उद्योगमा म लागेको हुँ, तर त्यस बेला म असफल भएँ।[३८] मैले वि. सं. २००९ देखि इतिहास–संशोधन निकाल्न लगाएँ । यो काम गर्दा मेरो मनमा स्पष्ट लक्ष्य थियो तथा अहिले पनि छँदैछ ।

हाम्रो देशमा इतिहास पढ्ने पढाउने प्रवृत्ति अङ्ग्रेजी शिक्षाले ल्याएको हो । यहाँ अङ्ग्रेजी शिक्षाको प्रवेश नहुञ्जेलसम्म कथा सुनेजस्तै गरी वंशावली सुनेर नै मानिसले आफ्नो इतिहासविषयक क्षुधा शान्त पारेका थिए । कलिगत ३००० अर्थात् विक्रमपूर्व ४४ लाई अंशुवर्माको समय मान्दा पनि सबै सन्तुष्ट नै थिए ।

---

३८) वि. सं. २०१९ मा पाटनबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास–संशोधनको प्रमाण–प्रमेयमा प्रकाशित नयराज पन्तको उपोद्घातका २२–२३ पृष्ठ ।

भगवानलाल इन्द्राजीले नेपालका २३ वटा शिलालेखहरू लगी तिनको व्याख्यासमेत गरी वि. सं. १९३७ मा छपाए । यसरी उनले इतिहास र वंशावलीलाई पर्यायवाचीका रूपमा मान्ने हाम्रो विद्वत्समाजलाई प्रामाणिक इतिहास कसरी पढ्ने भन्ने बाटो देखाइदिएका हुन् । भगवानलालको पुस्तकमा पाटन कृष्णदेवलमा रहेको वि. सं. १६९३ को सिद्धिनरसिंह मल्लको, उनले लडाईंमा शत्रुको सेनालाई धपाएको उल्लेख परेको अभिलेख तथा काठमाडौं कृष्णदेवलमा रहेको वि. सं. १७०५ को प्रताप मल्लको, उनले सिद्धिनरसिंह मल्लको किल्लामा आक्रमण गरेको उल्लेख परेको अभिलेख पनि छापिएका छन् ।

अंग्रेजी शिक्षाको बढ्दो प्रभावले 'त्रिचन्द्र कलेज' खुलेपछि सो महाविद्यालयका, 'इतिहास पढाई पढाई कपाल सेता पारिसकें' भनी गर्जना गर्ने, इतिहासविभागका अध्यक्षले यस्तो लेखेका थिए—

> अहिंसावादी जूगुलिं कोटी होमयाना च्वंबले कान्तिपुरया जुजु प्रतापमल्लं निगुप्यंगु गाँ त्यलाकाः साँ सहयात, ल्वाना लित कायगु चेष्टा मयाः ।

(वि. सं. २०१० मा प्रकाशित भैरवबहादुर प्रधान एम्. ए. को **मध्यकालीन नेपाल, ३१ पृष्ठ**)

[अहिंसावादी भएकाले कोटीहोम गरिरहेको वेलामा कान्तिपुरका राजा प्रताप मल्लले दुइचार गाउँ कब्जा पारे तापनि (राजा सिद्धिनरसिंहले) सहे, लडेर फिर्ता लिने चेष्टा गरेनन् ।]

(वि. सं. २०१० श्रीपञ्चमीमा प्रकाशित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको **इतिहास-संशोधन** १ संख्या, १४ पृष्ठ)

इतिहास विभागको अध्यक्षपदमा विराजमान इतिहासकारको उपर्युक्त लेखाइको खण्डन **इतिहास-संशोधनले** गऱ्यो । **इतिहास-संशोधनले** दिएको प्रमाण यस्तो छ—

हर्षान्नेपालवर्षे स्वरशरतुरगैरङ्किते फाल्गुनीये
पक्षे प्राप्ते वलक्षेऽमरगुरुदिवसे शङ्करर्क्षे दशम्यां ।
चक्रे जाम्बूनदीयैर्गुरुतरकलशैर्भास्वरैरेकविंशैः
नेपालक्षोणिपालः प्रथितभुजबलो भूषणं तन्मठस्य ॥
युद्धारम्भः कृतोऽस्मिन्नपि शुभदिवसे शत्रुभिर्युद्धशौण्डै-
र्दुष्टैः कोटोवरुद्धः कुटिलनृपभटैरद्भुतैः कोटिसंख्यैः ।
लीलामात्रेण शत्रूनपनयत तदा पार्थिवः पार्थतुल्यः
कोटं निर्मोचयित्वा नमुचिरिपुरिवानन्दसन्दोहमाप ॥
चत्वारिंशद्दिनान्यासन् महाहोमो महोत्सवः ।
श्रीमत्सिद्धिनृसिंहेन कलिकर्णेन कारितः ॥

(वि. सं. १६९३ को सिद्धिनरसिंह मल्लको पाटन कृष्णदेवलको शिलालेख, भगवानलाल १७ संख्या)

[नेपालीसंवत् ७५७ फाल्गुनशुदि १० बृहस्पतिवार आर्द्रा नक्षत्रका दिन, बाहुबलले प्रख्यात भएका नेपालका राजा सिद्धिनरसिंहले सुनका ठूला ठूला चहकिला २१ कलश (गजुर) ले त्यो मन्दिरलाई सिंगार्नुभयो । यो शुभ दिनमा पनि दुष्ट लड्न सिपालु कपटी शत्रु राजाका अनेकन् सिपाहीहरूले

कोट दखल गरे । त्यस बेला अर्जुन जस्ता राजाले शत्रुहरूलाई खेलबाडसँग हटाइदिनुभयो, कोट फिर्ता लिई इन्द्रजस्तै खुशी हुनुभयो । कलिकालका कर्णजस्ता सिद्धिनृसिंह राजाले ४० दिनसम्म ठूलो उत्सव गरी ठूलो होम गराउनुभयो ।]

राजा सिद्धिनृसिंहले कोटीहोम गर्न लागेको बेलामा शत्रुका सैन्यले ललितपुरमा हमला गरी कोट कब्जा पार्दा राजा सिद्धिनृसिंहले तिनीहरूलाई धपाए भन्ने भाव यस शिलालेखबाट स्पष्ट बुझिन्छ । परन्तु अहिलेभन्दा ७० वर्षभन्दा अघि छापिएर देशविदेश पिटिएको यो शिलालेख नपढ्नुभएकोले प्रिन्सिपलजी अहिंसावादी हुनाले सिद्धिनृसिंहले शत्रुले दुइचार गाउँ कब्जा गरे पनि सहे भन्ने भ्रममा आफू परी दुनियाँला पनि भ्रम फैलाउन लाग्नुभएको हो ।

(धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको इतिहास–संशोधन १ संख्या, १४–१६ पृष्ठ )

इतिहास पढाएर जीवनयापन गरेका सरकारिया पुरातत्त्व विभागको डाइरेक्टर जस्तो उच्च पदमा रहेका अधिकारसम्पन्न विद्वान्‌ले इतिहासविषयक निबन्ध लेख्दा अर्थको अनर्थ पारेका छन्‌ ।

राजा मानदेव र उहाँकी आमा राज्यवतीको प्रयासले नेपालको झण्डा गण्डकी पारीसम्म फर्फराएको थियो । त्यसै समयमा बनेको चाँगुनारायणको मुर्त्तीले त्यस बेला ललितकलाको कहाँसम्म उन्नति भएको रहेछ भन्ने कुरा राम्ररी दर्शाउँछ ।

(**परोपकार** २ वर्ष १ अङ्कमा छापिएको सरदार रुद्रराज पाँडे एम्‌. ए. को हाम्रो गौरवमय इतिहास भन्ने निबन्ध)

पछि त्रिभुवन–विश्वविद्यालयको भाइस चान्सलरको पदमा विराजमान हुन पुगेका विद्वान्‌को उपर्युक्त लेखाइको खण्डन इतिहास–संशोधनले गऱ्यो । इतिहास–संशोधनले दिएको प्रमाण यस्तो छ—

श्रीवत्साङ्कितदीप्तचारुविपुलप्रोद्‌वृत्तवक्षस्थलः
श्रीःवक्षस्तनपद्‌मबाहुरुचिरः सम्यक्‌प्रवृद्धोत्सवः ।
त्रैलोक्यभ्रमयन्त्रवर्तिविविधव्यासङ्गनित्योव्ययः
दोलाद्रौ निवसञ्जयत्यनिमिषैरभ्यर्च्यमानो हरिः ॥१॥

(चाँगुको मानदेवको अभिलेख, भगवानलाल १ सङ्ख्या)

[श्रीवत्स चिह्नले झलमल्ल भएको राम्रो फराकिलो बाटुलो छाती भएका, राम्रा छाती थून र कमल जस्ता हातले झन्‌ राम्रा भएका, आनन्दस्वरूप भएका, तीनै लोकको कलपुर्जा घुमाउने अनेकन्‌ काममा सधैं लागेका, कहिल्यै नाश नहुने दोलापर्वत (चाँगु) मा बसिरहेका, देवताहरूले पूजा गरिइरहेका विष्णु सबभन्दा ठूला हुनुहुन्छ ।]

यताबाट मानदेवभन्दा अघिदेखि नै चाँगुनारायणको प्रतिष्ठा भइरहेको थियो, जसलाई मानदेवले आफ्नो विजयवाद पूजा गरेर स्तुति गरेका हुन्‌ भन्ने कुरा स्पष्ट बुझिन्छ । मानदेवले पूजा गरी चाँगुनारायणलाई गरुडध्वज समर्पण गरे भन्दैमा चाँगुनारायणको मूर्ति नै उनले स्थापना गरे भन्ने कुरा कसरी हुन्छ ?

(वि. सं. २०११ गुरुपूर्णिमामा प्रकाशित धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको इतिहास–संशोधन २ सङ्ख्या, ३–४ पृष्ठ )

यसरी आफू जन्मनुभन्दा अगाडि नै प्रकाश भइसकेको, आफूले जुन भाषामा शिक्षा पाइयो र जुन भाषामा आफू शिक्षा दिइरहिएको छ सोही भाषामा लेखिएको, आफ्नै विषयको पुस्तकसम्म पनि नहेरेका, त्यस विभागका अध्यक्ष बनेका, परीक्षामा निर्धारित पुस्तक सरकारी महाविद्यालयमा र 'टचूशन' मा पनि पढाई धनमान जोड्दै आएका व्यक्तिलाई इतिहास-संशोधनले अप्ठेरोमा पारिदियो। यस कारण श्रेष्ठतम इतिहासकार कहलाएकाहरू इतिहास-संशोधनदेखि क्रुद्ध हुने नै भए।

क्रान्ति गरी आएर शिक्षामन्त्रीको पदमा विराजमान भएका क्रान्तिकारी इतिहासकारले लेखेको इतिहासको पुस्तकमा स्वास्नी र आमाको भेद छैन।

> माथिका सम्पूर्ण कुराहरू उपर विचार गर्दा जयस्थितिमल्ल नेपालका विभिन्न राजघरानाहरूसित सम्बन्धित देखिन्छन्। ·· आफ्नी माता राजल्लदेवीद्वारा नेपालका अघिल्ला मल्लवंशी राजाहरूसित सम्बन्ध भएकोले यिनको नेपालको गद्दीउपर वैधानिक अधिकार पनि ··· हुन जान्थ्यो।

(बालचन्द्र शर्माको नेपालको ऐतिहासिक रूपरेखा, पहिलो संस्करणको १३७ पृष्ठ)

पछि रायल नेपाल एकेडेमीका भाइस चान्सलरको पदमा विराजमान हुन पुगेका क्रान्तिकारी इतिहासज्ञको, उपर्युक्त लेखाइको खण्डन इतिहास-संशोधनले गऱ्यो। इतिहास-संशोधनले दिएको प्रमाण यस्तो छ—

श्रीमत्पाशुपताङ्घ्रिपङ्कजरजः पिगै ···
···तरिपुः स्वप्रक्रियालंकृतः।
श्रीमान् श्रीस्थितिराजमल्ल इति यः ख्यातः ··· तौ
नेपाले जयति स्म निर्मलयशो ज्योत्स्नासुधादीधितिः ॥१॥
तस्याभूद्रघुवंशजस्य धरणिप्रोद्भूतपद्मालया
प्रत्यर्थिक्षितिपालमौलिकुसुमैर्न्नीराजितांघ्रिः सती।
पत्नी धर्मधुरन्धरा वरतनू राजल्लदेवीति या
प्रख्याता विपुलप्रतापदहनालीढारिदर्पाटवी ॥२॥

(जयवागीश्वरीको स्थिति मल्लको अभिलेख, संस्कृत-सन्देश ८-९ अङ्क)

[श्रीपशुपतिका चरणकमलको धुलो ··· शत्रुलाई जितेका, आफ्नै कामले सिंगारिएका, सफा कीर्तिका किरणले चन्द्रमाजस्तै सुहाएका, श्रीस्थिति मल्ल भन्ने नामले प्रख्यात भएका राजा नेपालमा हुनुहुन्छ। रघुकुलमा जन्मेका उहाँकी (पृथ्वीमा) प्रादुर्भाव भएकी लक्ष्मी भएकी, शत्रु राजाहरूका श्रीपेचका फूलले पाउ सिंगारिएकी, पतिव्रता, खूब धर्मकर्म गर्ने, सुन्दरी (ठूलो) प्रतापको आगोले शत्रुका घमण्डरूपी वनलाई डढाएकी राजल्लदेवी भनी प्रख्यात भएकी पत्नी हुनुभयो।]

श्रीसूर्यवंशप्रभवः प्रतापः श्रीपट्टबन्तः स्थितिमल्लदेवः।
राजल्लदेव्याः पतिरिन्दुमूर्तिस्तस्यात्मजः श्रीजयधर्ममल्लः॥

(ज्योतिर्मल्लको पशुपतिको अभिलेख, भगवानलाल १६ संख्या)

[सूर्यवंशमा जन्मेका, प्रतापी, पगरी लाएका, राम्रा, राजल्लदेवीका पति स्थिति मल्ल हुनुभयो । उहाँका छोरा जयधर्ममल्ल हुनुभयो ।]

राजल्लदेवी जयस्थिति मल्लकी स्वास्नी हुन् भन्ने कुरा सबै प्राचीन लेखबाट सिद्ध हुन्छ । यस्तो छँदाछँदै पनि सबैले मानी आएको सो कुरा नमानी लालबुज्रुक्याइँ देखाई राजल्लदेवीलाई जयस्थिति मल्लकी आमा भनी लेख्नुभएकोमा सच्याउनुहोला ।

(वि. सं. २०११।३।२२।३ मा प्रकाशित लक्ष्मण सत्याल र अक्रूर कुईकेलको इतिहास–संशोधन ३ संख्या, २–४ पृष्ठ)

यसरी सामान्य ऐतिहासिक व्यक्तित्वका स्वास्नी र आमाको सम्बन्ध खुट्टचाउन पनि नसक्ने, तर इतिहासको नाउँमा धनमान कमाई विद्वान् कहलाएकाहरू इतिहास–संशोधनदेखि क्रुद्ध हुने नै भए ।

घाँटीघाँटीसम्म राजनीतिमा डुबेर मन्त्री भइसकेका, पुस्तक लेख्ने कामबाट समेत धनमान जोड्न सफल भएका, वरिष्ठ राजनीतिज्ञ तथा वरिष्ठ इतिहासकार कहलाएका डाक्टरबाजेलाई अरूले गरेको अन्वेषण आफ्नो नाउँमा दर्ता गराउने उद्योग गर्न कत्ति पनि सङ्कोच लाग्दैन ।

रत्नमल्ल'स् सक्सेशर् अमर मल्ल ।

(वि. सं. २००९ मा प्रकाशित डिल्लीरमण रेग्मीको नेपालको प्राचीन र मध्यकालको इतिहास [एन्शण्ट् याण्ड् मेड्इईभल् नेपाल्], १६४ पृष्ठ)

[रत्न मल्लका उत्तराधिकारी अमर मल्ल ।]

वास्तवमा रत्न मल्लका छोरा सूर्य मल्ल, सूर्य मल्लका छोरा अमर मल्ल हुन् । यस विषयमा इतिहास–संशोधनले यस्तो लेखेको छ—

श्री पं. अम्बिकाप्रसाद उपाध्याय एम् ए. बी एल्. को 'नेपालको इतिहास' मा —

महाराज रत्नमल्ल पिताको देहान्त भएपछि काठमाण्डुको राजगद्दीमा बसेका हुन्, ई राजा रत्नमल्लका पछि राजकुमार अमरमल्ल काठमाण्डुका राजा भए ··· इनका शेष पछि सूर्यमल्ल काठमाण्डुका राजा भए ।

(नेपालको इतिहास, ३८–३९ पृष्ठ)

रामजी उपाध्यायको 'नेपाल दिग्दर्शन' मा—

राजा यक्षमल्लका मृत्युपछि तिन्का ··· पुत्र रत्नमल्लले ··· कान्तिपुरको राज्य ... अधिकारमा गरेका थिए ...

२ अमरमल्ल ...

३ सूर्यमल्ल ···

(नेपाल दिग्दर्शन, १३९–१४१ पृष्ठ )

बालचन्द्र शर्मा एम्. ए. 'साहित्य–रत्न' को 'नेपालको ऐतिहासिक रूपरेखा' मा—

यक्षमल्लका ··· छोरा रत्नमल्लले काठमाण्डुको राज्य पाए ... ती पछि उनका छोरा अमरमल्लको ··· शासन रह्यो ··· अमरमल्ल पछि उनका छोरा सूर्यमल्ल राजा भए ।

(नेपालको ऐतिहासिक रूपरेखा, १६२–१६३ पृष्ठ)

कान्तिपुरे मल्ल राजाहरूमा प्रसिद्ध राजा कवीन्द्र प्रतापमल्ल आफ्नो वंशको क्रम आफ्नो अभिलेखमा यक्षमल्लका छोरा रत्नमल्ल, रत्नमल्लका छोरा सूर्यमल्ल, सूर्यमल्लका छोरा अमरमल्ल भनी तलको श्लोकबाट स्पष्ट गर्दछन्—

भूपः श्रीयक्षमल्लो नरपतिरतुलो रत्नमल्लोऽप्यमुष्मात्
तस्मात् श्रीसूर्यमल्लोऽवनिपतिरभवत् तत्तनूजोऽमराख्यः ।

(हनूमान्ढोकानगीचको आठकुने कृष्णजीको देवलमा रहेको प्रतापमल्लको अभिलेख)

[ठूला राजा श्री यक्षमल्ल भए, यिनीबाट रत्नमल्ल भए, ती रत्नमल्लबाट राजा श्रीसूर्यमल्ल भए, तिनका छोरा अमरमल्ल भए ।]

(वि. सं. २००९ । ६ । ५ मा प्रकाशित केशवमणि आ. दी., महेन्द्रनाथ अधिकारी, सुरेन्द्रनाथ अधिकारीको **इतिहास-संशोधन** १ सङ्ख्या, १–२ पृष्ठ)

सूर्यमल्ल ·· देर् इज् नो डाउट् लेफ्ट् अबाउट् हिज् बीइङ ए सन् आन्ड् सक्सेशर् अफ् रत्नमल्ल ।

(वि. सं. २०२३ मा प्रकाशित डिल्लीरमण रेग्मीको नेपालको मध्यकालको इतिहास [**मेड्इईभल् नेपाल**], पहिलो भागको ४७२ पृष्ठ ।)

[रत्न मल्लका छोरा तथा उत्तराधिकारी सूर्य मल्ल हुन् भन्ने कुरामा केही पनि सन्देह छैन ।]

**इतिहास-संशोधन**ले विस्तारपूर्वक दिएको प्रमाण मात्र ओल्टाई पल्टाई रेग्मीज्यूले आफ्ना गल्ती सच्याउनुभएको छ, तर उहाँले **इतिहास-संशोधन**को नाम भने लिनुभएको छैन ।[३८] यसरी अर्काको परिश्रमपूर्वक गरिएको अन्वेषणको अपहरण गरी गरी डाक्टरबाज वरिष्ठ इतिहासकार कहलाउनुभएको छ । यस कारण मौका परे राजनीति गरी मन्त्री बनी रजाइँ गर्ने, मौका नपरे अरुले अन्वेषण गरी प्रकाश गरिसकेका कुरालाई अप्रकाशित (अन्पब्लिशड्) भनी विदेशी भाषामा लेखी महान् अन्वेषक बनी लड्डू खान पल्केका धूर्तहरूको लागि **इतिहास-संशोधन** आँखाको कसिङ्गर बनेको छ ।

स्वास्नी र आमाको भेदसम्म छुट्याउन नसक्ने इतिहासकारका अनुयायी अर्का इतिहासकारले भादगाउँका प्रख्यात राजा नरेश मल्ललाई काल्पनिक व्यक्ति ठहराएका छन्—

> ने. सं. ७५१ १६३१ नै जगज्योति मल्लका शासनको अन्तिम वर्ष हो किन भने ने. सं. ७५२ १६३२ ई. को इनका छोरा जगत् प्रकाश मल्लको मोहर प्राप्त भयेको छ । सम्भवतः उनका शासनको यो प्रथम वर्ष हो ।
>
> वंशावलीहरुमा प्रायः जगज्योति मल्ल तथा जगत् प्रकाश मल्लका माझमा नरेश मल्लले शासन गरेका कुराको उल्लेख छ । तर माथी उपस्थित गरियेका प्रमाणद्वारा ई दुई राजाका माझमा नरेश मल्लको ठाउँ न भयेको कुरा बुझिन्छ । जगज्योति मल्ल पछी जगत् प्रकाश मल्ल राजा भयेका प्रमाण

---

३९) यस विषयमा वि. सं. २०२३ मा **पूर्णिमा** ११ अङ्कमा छापिएको श्रीडिल्लीरमण रेग्मीज्यूको छद्मेलपन भन्ने निबन्धमा विस्तारपूर्वक लेखिएको छ ।

बाट नरेश मल्ल नामक राजा यो समयमा भादगाउँमा कोही हुँदै न भयेको कुरो स्पष्ट छ ।

(वि. सं. २०१९ मा रायल नेपाल एकेडेमीद्वारा प्रकाशित सूर्यविक्रम ज्ञवालीको नेपाल उपत्यकाको मध्यकालीन इतिहास, ९७-९८ पृष्ठ)

पछि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको कुलपतिसम्म हुन पुगेका इतिहासकारको उपर्युक्त कथनको इतिहास-संशोधनले यसरी खण्डन गरेको छ—

वीरपुस्तकालयमा जगत्प्रकाश मल्लले बनाएको 'पारिजातहरण' नामक नाटक छ । त्यसमा स्वयं जगत्प्रकाश मल्लले आफ्नो परिचय यसरी दिएका छन्—

सूत्र ॱ मनुबंशकृतावतार ॱ महाराजाधिराज ॱ श्रीश्रीनरेशमल्लहृदयनन्दन ॱ महाकवि ॱ श्रीश्रीजयजगतप्रकाशमल्लदेवको कियो ग्रंथ पारिजातहरणनाम नाटकहजुतो नाचसो ॱ सभासद रिझै हो

(वीरपुस्तकालयको बृहत्सूची तृतीय भागमा यस नाटकको उल्लेख परेको छ)

[सूत्रधार — मनुको वंशमा जन्मेका, महाराजाधिराज, श्रीश्रीनरेश मल्लका छोरा, महाकवि, श्रीश्रीजयजगत्प्रकाश मल्ल देवले बनाएको पारिजातहरण नाटकको अभिनयले सभासद्हरू प्रसन्न हुनुहोला ।]

यसबाट जगत्प्रकाश मल्ल नरेश मल्लका छोरा हुन् भन्ने स्पष्ट बुझिन्छ । जगत्प्रकाश मल्लका छोरा जितामित्र मल्लले बनाएको वंशावली पाइन्छ । त्यसमा पनि जितामित्र मल्लले आफ्ना बाजे नरेश मल्ल हुन् भनी लेखेका छन् । जस्तै—

नृपति यक्ष मल्ल राय मल्ल भूप भुवन मल्ल प्राण मल्ल
विश्व मल्ल त्रैलोक्य मल्ल जगज्योतिर्मल्ल नरेश मल्ल जगतपरकाश मल्ल
सुमति जितामित्र मल्ल नरपति भूपतीन्द्र मल्ल जान ।
सूर्य आदि मनुबंशावलीरसिक सुनयनिधान ।
नृपगणपूजित जय जितामित्र कहय निजमति प्रवर सावित्र ।।१२–१३।।

(वीरपुस्तकालयमा रहेको दोस्रो २५१ संख्याको पुस्तकबाट । यही वंशावली जितामित्रले बनाएको 'रामायणनाटक'मा पनि परेको छ । वीरपुस्तकालयको 'बृहत्सूची' तेस्रो भागको ६१–६२ पृष्ठ हेर्नुहोस् ।)

यसबाट जगज्ज्योतिर्मल्लका छोरा नरेश मल्ल नरेश मल्लका छोरा जगत्प्रकाश मल्ल हुन् भन्ने सिद्ध हुन्छ । यस कारण जगत्प्रकाश मल्ल जगज्ज्योतिर्मल्लका छोरा होइनन्, नाति हुन् भन्ने स्पष्ट छ । भक्तपुर तलेजुचोकमा नरेश मल्लका दुइटा अभिलेख छन् । ती यी हुन्+

+ संशोधन-मण्डलद्वारा प्रकाशित अभिलेख-संग्रह ७ भागमा यी अभिलेख छापिएका छन् ।

ॐ नेपालाब्दे सप्तबाणमुनियुक्ते तथाश्विने ।
मूले शोभनयोगे च सिताष्टम्यां शनैश्चरे ।।
गवाक्षयुगलं स्वर्ण्णनिर्म्मितं गेहमण्डनं ।
श्रीश्रीनरेशमल्लोऽसौ ददौ देव्यै मनोहरम् ।।

[ने. सं. ७५७ (वि. सं. १६९४) आश्विनशुक्ल अष्टमी शनिवार मूलनक्षत्र शोभनयोगमा श्रीश्री-नरेश मल्लले मन्दिरको शोभा बढाउने राम्रा सुनका दुइ आँखीझ्याल देवीलाई चढाउनुभयो ।]

पृथ्वीषट्स्वरसंख्यया परिमिते नेपालसंवत्सरे
मासे चाश्विनके सिते भृगुदिने तोयेऽष्टसंख्यातिथौ ।
देवीमन्दिरभित्तमण्डनकरीं लक्ष्मीं श्रिया संयुतां
संयुक्तां वसुमङ्गलैः सुरचितां यत्नैश्चिरं काञ्चनैः ।।
श्रीमन्मल्लनरेशभूपतिवरो देव्यै ददौ भक्तिमान्
संयुक्तः परदेवतापदयुगध्याने सदा बुद्धिमान् ।
यद्वांछात्र परत्र लोकविषये देवीगतिः सर्व्वदा
सा कुत्रापि न विस्मरत्वनुपलं मां चामुणा कर्म्मणा ।।

सम्वत् ७६१ आश्विनशुद्धि ८।।

[ने. सं. ७६१ (वि. सं. १६९८) आश्विनशुक्ल अष्टमी शुक्रवार पूर्वाषाढानक्षत्रमा, सधैं देवीका दुइ पाउको ध्यान गर्ने, बुद्धिमान्, राजाहरूमा श्रेष्ठ भएका, भक्त श्रीश्रीनरेश मल्लले देवीको मन्दिरको भित्ताको शोभा बढाउने, यत्नपूर्वक बनाइएका सुनका लक्ष्मी र श्रीका दुइ मूर्ति तथा अष्टमङ्गल देवीलाई चढाउनुभयो ।

यो कर्मद्वारा इहलोक र परलोकमा पनि सधैं देवीमै मेरो मन जाओस् तथा देवीले पनि मलाई कहीं पनि नबिर्सनुहोला भन्ने मेरो इच्छा छ ।

ने. सं. ७६१ (वि. सं. १६९८) आश्विनशुक्ल अष्टमी ।]

यीबाहेक नरेश मल्लका पालाका अरू दुइ अभिलेख★ पनि पाइएका छन्—

नेपालाब्दे नागबाणवाजौ माघस्य शुक्लके ।
श्रीपंचम्यां तिथावत्र ऋक्षे उत्तरभद्रके ।।

★वीरपुस्तकालयद्वारा प्रकाशित शङ्करमान राजवंशीद्वारा सम्पादित 'भक्तपुर-शिलालेखसूची'मा यी दुइ अभिलेखका सारांश छापिएका छन् । यहाँ वीरपुस्तकालयमा रहेका मूल प्रतिलिपिसँग भिडाई यो पाठ दिइएको छ ।

शिवयोगे बुधदिने मीने चन्द्रे मृगे रवौ ।...
नेपालभूपालकपालरत्ने नरेशमल्ले नृपराजसिंहे ।
...श्रीश्रीनरेश मल्लदेव प्रभु ठाकुरस विजयराज्ये प्रधानाङ्ग शिवनारायण...

(ठिमी स्वग:पुखुटोलको पोखरीनिरको मन्दिरको अभिलेखबाट)

[नै. सं. ७५८ (वि. सं. १६९४) माघशुक्ल श्रीपञ्चमी बुधवार उत्तरभाद्रनक्षत्र शिवयोगमा, मीनराशिमा चन्द्रमा बसेमा, मकरराशिमा सूर्य बसेमा, नेपालका राजाहरूमा श्रेष्ठ, राजाहरूमा सिंहजस्ता नरेश मल्लले राज्य गरिरहनुभएको वेलामा ।
...श्रीश्रीनरेश मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा प्रधानाङ्ग शिवनारायण ।]

सम्वत् ७६३ वैशाखशुक्ल एकादशी प्र द्वादशी बृहस्पतिवार थ्व कुन्हु श्रीश्रीश्री-नरेश मल्ल राजाया वेलस बुदेया पीठिस थमन देवल दाङाव प्रतिष्ठा याङा

(बोडे टाँकोटोल कालिकामन्दिरको अभिलेखबाट)

[नै. सं. ७६३ (वि. सं. १७००) वैशाखशुक्ल एकादशीउप्रान्त द्वादशी बृहस्पतिवारका दिन श्रीश्री-नरेश मल्ल राजाको पालामा बोडेको पीठमा आफैंले देवल बनाई प्रतिष्ठा गरियो ।]

यसरी नरेश मल्लका र उनका पालाका यी चार अभिलेखबाट ने. सं. ७५७ (वि. सं. १६९४) देखि ने. सं. ७६३ (वि. सं. १७००) सम्म त पक्कै पनि नरेश मल्लले भक्तपुरमा शासन गरेका थिए भन्ने कुरा छर्लङ्ग देखिन्छ । यस कारण भक्तपुरमा नरेश मल्ल भन्ने राजा हुँदै भएनन् भन्ने श्रीज्ञवालीज्यूको तर्क निराधार हो भन्ने स्पष्ट छ ।

(वि. सं. २०२० । ३ । १७ मा प्रकाशित भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको इतिहास-संशोधन ५९ क्रमागत संख्या, २-६ पृष्ठ)

यसैले विद्याविषयको अन्वेषणमा विशेष बुद्धि खर्च नगरीकन पनि पछि प्रज्ञा-प्रतिष्ठानको कुलपतिको पदमा विराजमान हुन सकेका इतिहासकार र उनका अनुयायीहरू इतिहास-संशोधनदेखि क्रुद्ध हुने नै भए ।

यहाँसम्मका कुराबाट इतिहास-संशोधनहरू र संशोधन-मण्डलबाट प्रकाशित हुने जुनसुकै पुस्तकपत्रिकाहरू-प्रति पनि नराम्रो दृष्टि लिने वरिष्ठ विद्वान् कहलाएकाहरू हाम्रो देशमा प्रशस्त छन् भन्ने कुरा छर्लङ्ग भएको छ । संशोधन-मण्डललाई गिराउन भनेर नै वि. सं. २०३५ मा सन्दर्भ पत्रिका निस्क्यो । सुमतितन्त्रद्वारा प्रतिपादित मानदेवसंवत्को अप्रामाणिकता सिद्ध गर्नु नै सन्दर्भको मुख्य उद्देश्य भएको कुरा त्यसमा छापिएका लेखहरू पढ्ने जोकोहीले बुझ्न सक्छ ।

अनुत्तीर्ण भएका मनुष्य उत्तीर्ण हुनु[४०] पनि दैवसंयोगले भएको घटना होइन । मैले इतिहास-संशोधन चलाउने जुन काम गरें, त्यो कामबाट विशेष परिश्रम नगरीकन ग्रन्थकार बनी धनमान कमाउन पल्केकाहरू अप्रसन्न हुनु स्वाभाविकै थियो । हाम्रो चाकडी गर, अन्यथा तिम्रो काम चल्ने छैन भन्ने कुरा मेरो मनमा पारी मेरो तेजोवध गर्न भनेर नै मैले अनुत्तीर्ण गराएका व्यक्ति प्रथमश्रेणीमा उत्तीर्ण गराइएका हुन् ।

---

४०) यही अङ्कका ३३-३४ पृष्ठ ।

'नामर्दको जोई हुनुभन्दा मर्दको कमारी हुनु बढिया' भन्ने परम्परामा हुर्किएका शङ्करमानलाई मबाट आस वा त्रास केही पनि छैन ।

> इतिहास-संशोधनहरू छापिए थन्किए, प्रचार हुन सकेको थिएन । पछि हामीले पनि इतिहास-संशोधन निकाल्यौं र मैले सडकमा उभिएर प्रचार गर्न थालें । त्यसैले निकै हलचल मच्चियो । इतिहास-संशोधनमण्डलदेखि मानिस डराउन पनि थाले संशोधनमण्डल मानिसका आँखाका काँडा पनि हुन थाले ।
>
> (लिच्छविसंवत्‌को परिचर्चा, ख पृष्ठ)

शङ्करमानले लेखेको उपर्युक्त कथन साँचो हो, तर शङ्करमानले त्यस्तो काम कुनै विद्याप्रेमले गरेका थिएनन् । शङ्करमान इतिहास-संशोधनहरू बेच्दा बिक्रीको सयकडा २५ पाउँथे । इतिहास-संशोधनहरूको बिक्रीबाट धेरै त आउँदैनथ्यो, दैनिक २-३ रुपियाँकै मात्र भए पनि लाभ त थियो नै ।

> सुपूरा स्यात् कुनदिका सुपूरो मूषकाञ्जलिः ।
> सुसन्तुष्टः कापुरुषः स्वल्पकेनाऽपि तुष्यति ।।
>
> (सुभाषित)

[खहरे अलिकता पानीले पनि भरिन्छ । मूसाको अँजुली एक चिम्टी अन्नले पनि भरिन्छ । छोटो मानिस अलिकति पाए पनि दङ्ग पर्ने हुन्छ ।]

यताबाट शङ्करमान अलिकति पैसा पाए पनि काम गरिहाल्छन् भन्ने थाहा हुन्छ ।

संशोधन-मण्डलसँग जतिसुकै रीस उठे पनि संशोधन-मण्डलले हाम्रो मानहानि[४१] गर्‍यो भनी संशोधन-

---

४१) हुनत इतिहासका वरिष्ठ विद्वान् कहलाएकाहरूले मेरा विरुद्ध अदालतमा जाने हल्ला फिंजाएका थिए । वि. सं. २०२० को कुरा हो । भोलानाथ, धनवज्रहरूले धेरै र अरूले पनि **इतिहास-संशोधन** र **सावधान-पत्रहरू** फटाफट छपाउँदै प्रचार बढाएका थिए । यिनीहरूले रायल नेपाल एकेडेमीका भाइस चान्सलर र सदस्य-सचिवहरूले जथाभावी लेखेको कुराको प्रचार बढाउँदै लगेका थिए । साउन भदौतिरको कुरा हो, एक दिन म संस्कृतमहाविद्यालयतिर जान लागेको थिएँ, बाटामा रत्नपार्कनिर पण्डित हरिश्चन्द्र न्यौपानेसँग भेट भयो । हरिश्चन्द्रजीले 'तपाईंलाई मैले एउटा नराम्रो कुरा सुनाउनुपर्ने भयो' भन्नुभयो । मेरो मनमा कोही इष्टमित्र मरेछन् कि भन्ने रुस्को पर्‍यो । मैले 'के कुरा ?' भनी सोध्दा, 'तपाईंले आफ्ना विद्यार्थीलाई उचालेर एकेडेमीका भाइस चान्सलर र सदस्यसचिवहरूको बदनामी गराउनुभएको हुनाले तपाईंको नाउँमा एकेडेमीले नालिश दिने भयो, यो कुरा मैले नै सुनेको हुँ. हिजो दिनभर एकेडेमीमा वकिलसँग छलफल भइराखेको थियो', भनी हरिश्चन्द्रजीले भन्नुभयो । यस्तो सुनेपछि मैले हाँस्तै भनें— 'ए ! एकेडेमीमा बसेर मनपरी लेखनू भन्ने सनद सबाल छैन, उनीहरू नालिश दिऊन्, म प्रतिवादी दिउँला, जिते जितुँला, हारे झ्यालखानामा बसिदिउँला ।'

त्यतिखेर मेरो खल्तीमा **इतिहास-संशोधन** थियो । मैले एक प्रति उहाँलाई 'तपाइँ पनि हेर्नुहोस् !' भनी दिएँ ।

**पूर्णिमा** १९ अङ्कमा त्रिभुवन-विश्वविद्यालयका उपकुलपतिज्यूको कार्य प्रकाश भएपछि उनी जागेर

मण्डलका विरुद्ध अदालतमा जान वरिष्ठ विद्वान् कहलाएकाहरूलाई तलको ऐनले दिँदैन ।

> **देहायको काम कुरा गर्नु बेइज्जति ठहर्दैनः —**
> **सर्वसाधारणको हितको लागि आवश्यक भएमा, कुनै व्यक्तिलाई साँचो कुराको दोष लगाउनु वा त्यसको प्रकाशन गर्नु ।**

(गाली र बेइज्जतीको ऐन, ४ दफा)

यस अवस्थामा संशोधन–मण्डलका विरोधीहरूले थोरै पैसा खर्च गरेर नै संशोधन–मण्डललाई बदनामगराउने सजिलो साधनका रूपमा शङ्करमानलाई पाएका छन् ।

यहाँछिउ एउटो कुरा भन्नुपरेको छ । पहिले संशोधन–मण्डल र धनवज्रले पनि ३९६ भनी पढेको विष्णुपादुकाको फेदीको मानदेवको अभिलेखको संवत्‌लाई शङ्करमानले आफ्नो गणना मिलाउनको लागि ३९५ पढिदिए । वरिष्ठ इतिहासकार कहलाएका डाक्टरबाजेले मानदेवको उक्त अभिलेख प्रतिलिपिसहित छपाउनुभएको छ ।[४२] त्यहाँ उहाँले मूलमा संवत् ३९५ छपाई टिप्पणीमा चाहिं धनवज्र ३९६ पढ्छन्, राजवंशी ३९५ पढ्छन् भनी लेख्नुभएको छ । यसरी रेग्मीज्यूले स्पष्टसँग शङ्करमानको पक्ष लिनुभएको देखिन्छ । वास्तवमा उक्त अभिलेखको संवत् ३९८ हो ।[४३] आफैं अभिलेख पढ्ने हुती डाक्टरबाजेमा भएको भए उहाँको ग्रन्थमा वास्तव अङ्क ३९८ नै पर्थ्यो । अभिलेखको परीक्षा नै नगरी खालि आफ्नो गणना मिलाउन शङ्करमानले पढेको पाठलाई नै प्राधान्य दिई डाक्टरबाजेले आफ्नो ग्रन्थमा छपाएको देखिनुले त्यहाँ कुनै गूढ सम्बन्ध रहेको कुरा सूचित गर्दैन भनी भन्न सकिंदैन ।

भक्तपुरका राजाका अभिलेखमा परेका तिथिमितिको गणना गर्ने तीन जनामध्ये एक जना शङ्करमान पनि हुन् ।[४४] सो गणनाबाट त्यतिखेरका भक्तपुरका राजाहरू शकसंवत् कार्तिकादि मान्थे भन्ने स्पष्ट हुन्छ । यो कुरा शङ्करमानले नबुझ्ने विषय होइन । आफैंले गणना गरी स्पष्ट पारेको कुरोलाई अहिले कुनै कारण नदेखाई 'शकसंवत् कार्तिकादि हुनै सक्तैन' भनी अस्वीकार गर्नु झूटो बोल्नुसिवाय अरू केही होइन । आत्मसम्मान भएको, अथवा आफूप्रति विद्वत्‌समाजले कुनै असम्मान नदेखाओस् भन्ने ध्येय लिने व्यक्ति यस्तो काम गर्न सक्तैन । यस कारण शङ्करमान सत्यनिष्ठा, आत्मसम्मानहरूको वास्ता नगरी केवल तात्कालिक अर्थलाभको विचार मात्र मनमा खेलाइरहन्छन् भन्ने कुरा स्पष्ट हुन आउँछ । अतः यस प्रकारका मानिसलाई, जनसमाजमा आफ्नो प्रतिष्ठा गिर्दै गएको देखेका, संशोधन–मण्डलदेखि क्रुद्ध, प्रभावशाली मनुष्यहरूले आफ्नो हतियारको रूपमा प्रयोग गर्नु कुनै असम्भव कुरा होइन ।

---

'त्यो नयराजको नाउँमा नालिश दिन्छु !' भनी गर्जिएका थिए रे । यो कुरा मलाई प्रा. शेषराज रेग्मीले भनेका हुन् ।

तर, मैले अहिलेसम्म अदालतमा खुट्टा टेक्नुपरेकोचाहिं छैन ।

४२) वि. सं २०४० मा नयाँ दिल्लीबाट अभिनव पब्लिकेशन्स्‌द्वारा प्रकाशित डिल्लीरमण रेग्मीको प्राचीन नेपालका अभिलेख (इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल), पहिलो भागको ९ पृष्ठ ।

४३) यही अङ्कका २३–२५ पृष्ठ ।

४४) यही अङ्कका ७–८ पृष्ठ ।

अर्को कुरा, गणितको विषय भएको सुमतितन्त्र साधारण अखवारी ज्ञान भएका मनुष्यहरूले बुझ्ने विषय होइन । यस कारण सुमतितन्त्रलाई उपकरण बनाई मेरो दुर्नाम पिटाउने काम अहिले शङ्करमानले जो गरेका छन्, त्यो काम बन्द होला भन्ने सम्भावना पनि कमै देखिन्छ ।

# श्री ३ को हुकुम र शङ्करमानका लेख

अड्डामा जो हाकिम भयो उसैका नातेदार, चाकडीदारहरू उक्त अड्डामा भर्ना हुन्थे । सो प्रवृत्तिको अन्त्य गराउन श्री ३ चन्द्रले सरकारी अड्डामा नियुक्त हुन चाहनेले परीक्षामा उत्तीर्ण हुनुपर्ने नियम बनाई कर्मचारी तयार पार्ने स्रेस्तापाठशाला खोले । स्रेस्तापाठशालाको पाठ्यक्रम कालानुसार अलिअलि फरक पर्दै पनि गयो । वि. सं. १९८२–८३ तिर पास जाँच अड्डाबाट हिसाब, औंठा, स्रेस्ता र लेख यी चार विषयको परीक्षा लिइन्थ्यो । एकैपल्ट वा पटकपटक गरी जसरी पनि परीक्षा दिन पाइन्थ्यो । पास जाँच अड्डाले लिने परीक्षा तिनताकाको मजलिसघर (आजभोलिको भानु माध्यमिक विद्यालयको दक्षिणी भाग) मा सञ्चालित गरिन्थे । परीक्षामा हातमा छडी लिएका सिपाहीहरू निरीक्षकका रूपमा बसेका हुन्थे । परीक्षार्थीहरूलाई उनीहरूले एक अर्काको पुस्तिका हेर्न नपाऊन् भनी टाढाटाढा राखिएको हुन्थ्यो । परीक्षाको समय ३ घण्टा हुन्थ्यो । त्यहाँ परीक्षार्थीहरूले चोरचार गर्न पटक्कै पाउँदैनथे, अलिकति बेकाइदा गरे कि उनीहरूलाई सिपाहीहरूले कान निमोठर निकालिदिन्थे । आफ्नो १३ वर्षको उमेरमा वि. सं. १९८३ मा म पनि परीक्षामा सम्मिलित भएको थिएँ । हिसाबको जाँचको दिन थियो । जेठा गुरुज्यू हेरम्बराज प्रधान निरीक्षक थिए । मेजर कप्तान शिवप्रतापशमशेर थापा पनि निरीक्षक थिए । पास जाँच अड्डाका हाकिम पनि थिए । त्यस दिनको परीक्षा दिनेहरूमा एक जना हट्टाकट्टा राम्रो लुगा लगाएका २५–२६ वर्षका युवक पनि थिए । तिनी आधा घण्टाभित्रैमा सबै लेखी उत्तरपुस्तिका बुझाएर गए । मलाई आश्चर्य लाग्यो, तर पछि कुरा बुझियो । ती नौजवान बी. ए. पास भइसकेका सोमप्रसाद बाँसकोटा रहेछन् । तिनले श्री ३ चन्द्रकहाँ जागीरको लागि बिन्ती चढाएका रहेछन् । श्री ३ बाट 'निजामती पास देऊ' भन्ने हुकुम भएकोले उनी हामीजस्ता भुरेभुरेले दिने परीक्षा दिन आएका रहेछन् । चार पास गरेपछि सोमप्रसादलाई श्री ३ महाराजबाट खरदारी निगाह भएछ ।

बी. ए. पास भइसकेका मान्छेले सरकारी जागीर खान पुन: प्राथमिक परीक्षा दिनुपरेको मैले थाहा पाएको उदाहरण यो हो ।

> पढाईमा उत्साह दिलाउनको निम्ति महाराज चन्द्रले बी. ए. या बी. एस्सी. पास गर्ने विद्यार्थीलाई नगद पुरस्कार रु ५००।– बकस दिने व्यवस्था गरिदिएको थियो । मैले पनि पास गरेर दर्शन गर्न गएको बेला त्यो रकम पाएको थिएँ । त्यो पुरस्कारको रकमबाट मैले अलिकति सुन किनेको थिएँ, नेशनल ब्याङ्कको बार । तिनताका सुनको भाउ एक तोलाको रू २७ मात्र थियो । अहिले त्यो कुराको पत्यारै नहोला जबकि हालको भाउ तोलाको झण्डै हजार रुपियाँ पुग्न खोज्दछ ।
>
> पास भएपछि महाराजबाट मलाई सिंहदरबारस्थित जिन्सी अड्डामा अप्रेण्टिस भएर काम गर्नू भन्ने भयो र त्यस्तै काम गरिरहें । यो थियो १९८२ सालको कुरा । यस अड्डामा पं. तिलमाधव देवकोटाका जेठा छोरा लेखनाथ देवकोटा हाकिम भएर काम गर्नुहुन्थ्यो । म उहाँकै अधीनमा रहेर काम सिक्थें । माल झिकाउने, कोटेशन मगाउने सिलसिलाको लेखपढ सिकाएबमोजिम गर्दथें । यस्तो गर्दागर्दै केही समयपछि जनरल मदन– 'हजूरहजूर जनरल साहेब' को समेत चाकडीमा बस्नू

भन्ने महाराजबाट अडर भयो अनि अफिस जानु अगाडि बिहान र अफिस सकेपछि बेलुका उहाँकै साथ रहेर डुलफिर गर्नु खेल्नु इत्यादि गर्न थालें । यस्तो कार्यक्रम चलिरह्यो र भर्ना भएको पूरा तीन वर्षपछि, एक दिन फूलपातीको दिन महाराज बडामहारानी टुँडिखेल सबारी हुन सिंहदरबार लट्ठो पालेअगाडि पोटिकोमा ल्याण्डो बग्गीमा राज भएको बेला मैले दर्शन गर्ने मौका पाएँ । महाराजको मसित अंग्रेजीमा धेरै कुरा भएपछि अन्त्यमा, "नाउ यू शुड् टेक् खर्दारि (अब तिमीले खरदारी खानुपर्छ)" भन्ने भयो । म अकमक्क परेर उभिरहें । जनरल शङ्कर शमशेर त्यस बेला ल्याण्डो बग्गीको रासमा राज भएको थियो । उहाँले मर्जी भयो, 'दाम राख' । मेरो खल्तीमा दाम हुँदैनथ्यो । म अकमकिएको देखेर मेरै छेउमा उभिएका महाराजको हजूरिया आठपहरिया लप्टन सैनध्वजले गोजीबाट एक रुपियाँ झिकेर मलाई दिए अनि मैले दाम राखें । यो घटना १९८५ सालको हो ।

(वि. सं. २०३४ मा प्रकाशित केदारमणि आचार्य दीक्षितको आफ्नै कुरा, २६–२८ पृष्ठ)

राणा शासकहरूको मनोभाव आफ्नो कुरा सबैले मानून्, चाइँचुइँ नगरून् भन्ने थियो । सोमप्रसाद र केदारमणिले खरदारी पाउँदाका माथि उल्लेख गरिएका कुराबाट यही कुरा सिद्ध हुन्छ । तर यसको अर्थ राणाहरू अन्याय मात्र गर्थे भनेको होइन, उनीहरूमा न्यायबुद्धि पनि थियो ।

वि. सं. १९५६ मा राजदरबारमा पन्तपुरोहितका एक जना छोराले व्यभिचार गरे । सो अपराधमा उनी मुडिएर क्यालखानामा परे । उनको तथा उनका बाबु र दाजुभाइ सबैको सर्वस्व हरण भयो । बूढा पन्तपुरोहितलाई श्री ५ पृथ्वीवीरविक्रमबाट आफ्नो जन्मोत्सवको दिन पारी पाँच हजार रुपियाँ दान दिई काशीवास जाने हुकुम भयो । उनका साहिला छोरालाई पनि सोही दिन श्री ५ पृथ्वीवीरविक्रमबाट दुइ हजार रुपियाँ दान दिई नेपाल–खाल्डो छोडी जाने हुकुम भयो र उनी थानसिङ गई बसे ।

यी कुरा मैले मेरा मातामह र आमाबाट सुनेको हुँ ।

ती पन्तपुरोहितसँग मेरा मातामहको केही सम्बन्ध पनि थियो र १५० रुपियाँ लिनु पनि थियो । लिनुपर्ने रुपियाँको पन्तपुरोहितले गरिदिएको तमसुक मातामहसँग थियो । पन्तपुरोहित सर्वस्वमा परी काशीतिर निर्वासित भइसकेपछि एक दिन मेरा मातामहले श्री ३ वीरशमशेरकहाँ सलामीमा गई सो रुपियाँ पाऊँ भनी करा-उनुभएछ । श्री ३ बाट ऐनबमोजिम गरिदिनू भन्ने हुकुम भएछ । मेरा मातामहसँग भएको तमसुकमा साक्षी नभएकोले, त्यहाँ बसेका कर्मचारीले साक्षी नभएको कागत प्रामाणिक हुँदैन भन्ने ऐनमा छ, यस कारण तपाईं पैसा पाउनुहुन्न भनी उहाँलाई फर्काइदिएछन् । मेरा मातामह लुरुलुरु फर्की दरबारको ढोकासम्म आइपुग्नुभएको रहेछ, उहाँलाई आठपहरियाहरूले श्री ३ बाट हुकुम भयो हिड्नुहोस् भनी फेरि भित्र लगेछन् । श्री ३ वीरले मेरा मातामहलाई तमसुक पन्तपुरोहितकै हस्ताक्षरको हो त ? भनी सोधनी भएछ । मातामहले हो सरकार ! भनी बिन्ती चढाएपछि, श्री ३ बाट तमसुक ऋणीकै हस्ताक्षरको रहेछ, साक्षी नभए पनि पण्डितलाई पैसा दिनू भनी हुकुम भएछ र मेरा मातामहले पछि अड्डाबाट सो १५० रुपियाँ पाउनुभएछ ।

राणाकालमा यस्तो ऐन थियो—

**प्राइम्मिनिष्टरबाहेक अरू कसैले पनी ऐनमा विरोध पर्ने न्यायको अन्याय हुने प्रमाङ्गी दिन र अड्डाले पनी सोबमोजिम गर्न हुँदैन गरेको भए पनी बदर हुन्छ.**

(बिन्तीपत्रप्रमाङ्गीको ७ नं.)

यस कारण राणाकालमा यो ऐनअनुसार, न्यायको अन्याय पर्ने भए तापनि प्राइममिनिस्टरबाट हुकुम भएको कुरा सबैले मान्नु पर्थ्यो ।

१) सुमतितन्त्रको मूल पुस्तकमा शकसंवत् ४९८ पछि अर्को संवत् चल्छ भन्ने जुन वाक्य छ, त्यो झूटो हो ।

२) सुमतितन्त्रको टीकामा शकसंवत् ४९८ पछि मानदेवसंवत् चल्छ भनी जो लेखिएको छ, त्यो झूटो हो ।

३) वि. सं. १७१२ मा मानदेवसंवत् १०७९ हुन्छ भनी हरिवंशको पुष्पिकावाक्यमा जो लेखिएको छ, त्यो झूटो हो ।

४) भोटका स–सक्य–पान–चेन (वि. सं. १२३९–१३०८) को गणनाअनुसार नेपालमा वि. सं. ६३३ देखि नयाँ संवत् चलेको कुरा सिद्ध हुन्छ भनी पेतेकले जो लेखेका छन्, त्यो झूटो हो ।

५) पाटन भन्सारचोकमा रहेको संवत् ६७ को अभिलेखमा नरेन्द्रदेवले मैले सबै शत्रुलाई नामावशेष (नाम मात्र बाँकी रहेका) पारें भनी जो लेखेका छन्, त्यो झूटो हो ।

६) ब्रह्मगुप्त नजन्मँदै ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्ग चलेको थियो ।

७) धर्मनिर्णयतिथिसारसङ्ग्रह अप्रामाणिक पुस्तक हो ।

८) शकसंवत् कार्तिकादि हुनै सक्तैन ।

९) ज्येष्ठशुक्ल प्रतिपदामा रोहिणीनक्षत्र र सोमवार वि. सं. ४९९ मा मात्रै पर्छन् । सोभन्दा अरू वर्षमा पनि परेका छन् भनी गणितबाट जो आउँछन्, ती अप्रामाणिक हुन् ।

१०) अयनांशको अभाव भएको वेलामा वैशाख १ गते दिन र रात बराबर हुन्थे । आजभोलि चैत्र ७ गते दिन र रात बराबर हुन्छन् भनी पञ्चाङ्गकर्ताहरू जो भन्दछन्, त्यो झूटो हो ।

११) ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्ग गुजरात र राजपूतानामा चलेको छ भनी वेङ्कटेश केतकरले भनेको कुरा झूटो हो ।

१२) रबर्ट स्वेलले बनाएको सारणीमा उनले ब्रह्मसिद्धान्तअनुसार गणना गरी दिएका अधिमास अशुद्ध छन् ।

यी १२ सूत्रका कुनै उपपत्ति छैनन्, तथा यी सूत्र इतिहास तथा ज्यौतिषशास्त्रसँग प्रत्यक्ष बाझ्छन् तापनि माथि उद्धृत बिन्तीपत्रप्रमाङ्गीको ७ नं. अनुसार राणाकालमा सबैले प्राइममिनिस्टरको हुकुम माने कैं "प्रभुवर श्रीशङ्करमान राजवंशीबाट आज्ञा भएको हुनाले माथिका १२ सूत्र हामीले मान्नै पर्छ" भनी जो भन्न सक्छन् तिनैले

१) वि. सं. ११३ देखि नेपालमा लिच्छविसंवत् चल्यो ।

२) वि. सं. ६०९ देखि नेपालमा अंशुवर्मसंवत् चल्यो ।

भन्ने शङ्करमानका यी दुइटा आविष्कारलाई स्वीकार गर्न सक्छन् ।

## उपसंहार

मूर्खशिष्योपदेशेन दुष्टस्त्रीभरणेन च ।
दरिद्रैर्व्यवहारेण पण्डितोऽप्यवसीदति ।।

(चाणक्यनीतिदर्पण)

[लट्टक चेलालाई अति दिनाले, बदमास स्वास्नीलाई पाल्नाले, हरिकङ्गालसँग लेनदेन गर्नाले विद्वान्‌ले पनि दुःख पाउँछ ।]

मैले ९–१० वर्षको उमेरमा बुद्धिचानक (चाणक्यनीतिदर्पण) पढेको थिएँ। **लिच्छविसंवत्को निष्कर्ष** प्रकाश भएदेखि (वि. सं. २०३० कार्तिक, त्यतिखेर म ६० वर्ष ३ महीनाको थिएँ), **लिच्छविसंवत्को परिचर्चा** प्रकाश हुँदासम्म (वि. सं. २०४६ माघ, त्यतिखेर म ७६ वर्ष ६ महीनाको थिएँ) को बीचको १६ वर्षको अवधिभित्र निस्किएका शङ्करमानका लिच्छविसंवत्सम्बन्धी लेखमालाले मलाई

मूर्खशिष्योपदेशेन पण्डितोऽप्यवसीदति ।

यी १६ ओटा अक्षरका अर्थ विस्तारपूर्वक बुझाइदिए ।

भविष्यमा आउने नेपालका इतिहासकारहरूलाई लिच्छविसंवत्को विषयमा विक्रमको एक्काईसौं शताब्दीको पूर्वार्धमा कस्ताकस्ता प्रलापमाला निस्किएका रहेछन् भन्ने कुरा चिरस्थायी भई शङ्करमानका लेखले बुझाइदिनेछन् ।

शङ्करमान आफ्नो इच्छाअनुसार लेखन बोलन स्वतन्त्र छन्, उनलाई कुनै प्रकारले रोकतोक गर्न म सक्तिनँ ।

अब शङ्करमानलाई अति उपदेश दिने कामबाट म हटें ।

स्वाधीनो रसनाञ्चलः परिचिताः शब्दाः कियन्तः क्वचित्
क्षोणीन्द्रो न नियामकः परिषदः शान्ताः स्वतन्त्रं जगत् ।
तद् यूयं कवयो वयं वयमिति प्रस्तावनाहुंकृति
स्वच्छन्दं प्रतिसद्म गर्जथ वयं मौनव्रतालम्बिनः ।।

(सुभाषित)

[जिब्रो जता चाह्यो उतै फट्कारिइहाल्छ, केही शब्द आइहाल्छन्, राजाले कुनै दण्ड गर्दैनन्, परिषद्‌हरू शान्त भई बसिरहेका छन्, सबै मानिस स्वतन्त्र छन्, त्यस कारण तिमीहरू "हामी कवि हौं, हामी कवि हौं" भनी आफूखुशी फलाक्तै घरघरमा गर्जीरहो । हामी त चूप लागेर बस्छौं ।]

□

# विक्रमको सत्रौँ अठारौँ शताब्दीमा नेपालमा सारिएका केही पुस्तकका अप्रकाशित पुष्पिकावाक्य

– दिनेशराज पन्त

गोरखाको इतिहास तयार गर्ने प्रसङ्गमा अन्वेषणकार्य गर्दा निकै सामग्री बटुलिएका थिए। तिनमध्ये सम्बद्ध केही सामग्री **गोरखाको इतिहासका** विभिन्न भागमा छापिए। त्यहाँ नपरेका सामग्रीमध्येको सानो अंशलाई यस लेखमा दिइएको छ। वि. सं. २०३७–२०३८ मा यी सामग्री सङ्कलन गर्दा मदत गर्ने श्रीमहेशराज पन्त, श्रीऐश्वर्यधर शर्मा, श्रीरुक्मनाथ पौडेल र श्रीमाधवभक्त श्रेष्ठलाई धन्यवाद छ।

(१ सङ्ख्या)

## वि. सं. १६६१ मा सारिएको माघमाहात्म्यको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य गोरखा पोखरीथोकका दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको **पद्मपुराणको** ६७ (ख) पत्रमा लेखिएको छ। त्यस पुस्तकको लम्बाइ १३·२ अङ्गुल र चौडाइ ५·३ अङ्गुल छ।

**इति श्रीपद्मपुराणे उत्तरखंडे वशिष्ठदिलीपसंवादे पञ्चमोध्यायः ।। ।। ५ ।। ।।**
**समाप्तं माघमाहात्म्यं ।। ।।**
**संवत १६६१ समये पौष्यवदीदशमी गुरौ ।।**

[**पद्मपुराण** उत्तरखण्डमा वशिष्ठ र दिलीपको संवादमा पाँचौँ अध्याय सिद्धियो।
माघमाहात्म्य सिद्धियो।
वि. सं. १६६१ पौषकृष्ण दशमी बृहस्पतिवारमा।]

(२ सङ्ख्या)

## वि. सं. १६६६ मा सारिएको आपस्तम्बस्मृतिको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय दोस्रो ६७ सङ्ख्याको **आपस्तम्बस्मृतिको** ३७ (ख) पत्रमा लेखिएको छ। त्यस पुस्तकको लम्बाइ ११·७ अङ्गुल र चौडाइ ५·५ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ४९१/४ मा छ।

**इत्यापस्तंबप्रोक्ते धर्म्मशास्त्रे दशमोध्यायः ॥ ॥**
**समाप्तेयं स्मृतिः ॥ ॥**
**संवत् १६६६ समये श्रावणशुद्धपौर्णमास्यां लिखितमनंतभट्टेन ॥**

[आपस्तम्बले बताएको धर्मशास्त्रमा दशौँ अध्याय सकियो ।
यो धर्मशास्त्र सकियो ।
वि. सं. १६६६ शुद्धश्रावणपूर्णिमामा अनन्त भट्टले सारिसिद्धचाए ।]

(३ सङ्ख्या)

## वि. सं. १६९३ मा सारिएको आचारदीपको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य काठमाडौँ गैरीधाराका मुकुन्दराज अर्ज्यालको सङ्ग्रहमा रहेको **आचारदीपको** १९३ (क) पत्रमा लेखिएको छ । त्यस पुस्तकको लम्बाइ १२·६ अङ्गुल र चौडाइ ४·७ अङ्गुल छ ।

**इति श्रीआचारदीपे उपाध्यायनागदेवविरचिते धर्मशास्त्रे द्रव्यशुद्धिप्रकरणं समाप्तं ॥ ॥**
**श्रीशाके १५५८ ॥ ॥ श्रावणशुदिदशम्यां ॥ ॥ वारे २ संक्रमणे लिषितमिदं पुस्तकं ॥ ॥**

[नागदेव उपाध्यायले बनाएको श्रीआचारदीप नाउँको धर्मशास्त्रमा द्रव्यशुद्धिप्रकरण सकियो ।
श्रीशाके १५५८ (वि. सं. १६९३) श्रावणशुक्ल दशमी सोमवार सङ्क्रान्तिको दिन यो पुस्तक सारिसिद्धियो ।]

(४ सङ्ख्या)

## वि. सं. १७०० मा सारिएको कालीपद्धतिको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय पहिलो ५९५ सङ्ख्याको **कालीपद्धतिको** १८ (क) पत्रमा लेखिएको छ । त्यस पुस्तकको लम्बाइ १२ अङ्गुल र चौडाइ ४·७ अङ्गुल छ । त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. बी १८०/१ मा छ ।

**इति श्रीवामकेश्वरतंत्रे कालीपद्धति अष्टमः पटलः स समाप्तः ॥...**

**इदं पुस्तकं लिखितं माधवेन ॥ शके १५६५ माघवदि ९ ५**

[वामकेश्वरतन्त्रमा कालीपद्धतिनाउँको आठौँ पटल सकियो ।
शाके १५६५ (वि. सं. १७००) माघकृष्ण नवमी बृहस्पतिवार यो पुस्तक माधवले सारिसिद्धचाए ।]

(५ सङ्ख्या)

## वि. सं. १७२७ मा सारिएको तृतीयाव्रतपूजाविधिको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको **तृतीयाव्रतपूजाविधिको** ३(ख) पत्रमा लेखिएको छ ।

**इति तृतीयाव्रतपूजाविधिः ।।**
**श्रीशाके १५९२ ।। भाद्रपदमासे गंगुसर्मणे:**

[तृतीयाव्रतपूजाविधि सिद्धियो ।
श्रीशाके १५९२ (वि. सं. १७२७) भाद्रमा गंगु शर्माको लागि ।]

(६ सङ्ख्या)

## वि. सं. १७२८ मा सारिएको वाजसनेयसंहिताको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य धादिङ जिल्लाको मैधीका योगविलास अर्ज्यालको सङ्ग्रहमा रहेको **वाजसनेयसंहिताको** २७३ (क) पत्रमा लेखिएको छ । त्यस पुस्तकको लम्बाइ १२·५ अङ्गुल र चौडाइ ७·५ अङ्गुल छ । त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ई ११७४/१ मा छ ।

**इति वाजसनेयसंहितायान्दीर्ग्घपाठे वि ७ शोध्यायः ।। ।।**
**श्रीशाके १५९३ संवत् १७२८ समये आश्विन लिखितंमिदं पुस्तकं पद्मनाभशर्म्मणः ।।**

[वाजसनेयसंहिता दीर्घपाठमा २० अध्याय सिद्धियो ।
श्रीशाके १५९३ वि. सं. १७२८ आश्विनमा पद्मनाभ शर्माको यो पुस्तक सारिसिद्धियो ।]

(७ सङ्ख्या)

## वि. सं. १७४० मा सारिएको तर्कसङ्ग्रहको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य धादिङ जिल्लाको मैधी ऊखुबारी डाडागाउँका शिवप्रसाद भट्टको सङ्ग्रहमा रहेको **तर्कसङ्ग्रहको** ५ (ख) पत्रमा लेखिएको छ ।

**इति श्रीअन्तभट्टेन विरचितस्तर्कस्तर्कसंग्रहः समाप्तः ।। ।। ।। ।।**
**श्रीशाके ।।१६०५।। श्रीदामोदरेण लिखितमिदम् ।**

[श्रीअनन्त भट्टले बनाएको तर्कसङ्ग्रह सकियो ।
श्रीशाके १६०५ (वि. सं. १७४०) मा श्रीदामोदरद्वारा यो (पुस्तक) सारिसिद्धियो ।]

(८ सङ्ख्या)

## वि. सं. १७४० मा सारिएको कृष्णजन्माष्टमीव्रतकथाको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य गोरखा पोखरीथोकका सूर्यनाथ अर्ज्यालको सङ्ग्रहमा रहेको **कृष्णजन्माष्टमीव्रतकथाको** ७ (क) पत्रमा लेखिएको छ ।

**इति श्रीपद्मपुराणे नारदांबरीषसंवादे कृष्णजन्माष्टमीव्रतकथा समाप्ताः ॥
श्रीशाके १६०५ संवत् १७४० मासे ७ तिथौ ९ नक्षत्रे ८ योगे २२ वारे ५ ॥ ॥
स्वस्तिश्री लिषितं मुरलिज्योतिर्विदा लिष्यंतेः ॥**

[श्रीपद्मपुराणमा नारद र अम्बरीषको संवादमा **कृष्णजन्माष्टमीव्रतकथा** सिद्धियो ।
श्रीशाके १६०५ वि. सं. १७४० आश्विन नवमी बृहस्पतिवार तिष्यनक्षत्र साध्ययोगमा ज्योतिषी मुरलीले सारिसिद्धचाए ।]

(९ सङ्ख्या)

## वि· सं. १७५१ मा सारिएको सिद्धान्तशिरोमणिको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य सूर्यनाथ अर्ज्यालको सङ्ग्रहमा रहेको **सिद्धान्तशिरोमणिको** ४२ (क) पत्रमा लेखिएको छ ।

**इति श्रीभास्कराचार्यविरचिते सिद्धां(त)शिरोमणौ पाटीनामाध्यायः प्रथमः ॥...
शाके १६१६ मासे ४ ति ४ वारे २ लिखितं ॥**

[श्रीभास्कराचार्यले बनाएको **सिद्धान्तशिरोमणिमा** पाटी नाम गरेको पहिलो अध्याय सिद्धियो ।
शाके १६१६ (वि. सं. १७५१) आषाढ चतुर्थी सोमवार सारिसिद्धियो ।]

(१० सङ्ख्या)

## वि. सं. १७५६ मा सारिएको ऋषिपञ्चमीव्रतपूजाविधिको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य धादिङ जिल्लाको मैधी ऊखुबारीका प्रेमनाथ भट्टको सङ्ग्रहमा रहेको **ऋषि-**

पञ्चमीव्रतपूजाविधिको ६ (ख) पत्रमा लेखिएको छ ।

**श्रीशाके १६२१ मासे भाद्र रिषीकेशेन लिखितमिदं ।।**

[श्रीशाके १६२१ (वि. सं. १७५६) भाद्रमा हृषीकेशले यो (पुस्तक) सारिसिद्धचाए ।]

(११ सङ्ख्या)

## वि. सं. १७६५ मा सारिएको ध्यानको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य सूर्यनाथ अर्ज्यालको सङ्ग्रहमा रहेको ध्यानको ५ (क) पत्रमा लेखिएको छ ।

**इति ध्यानं ।। ।।**

**श्रीशाके १६३० मासे वैशाषसंक्रातौ लिखितमिदंमुपकारार्थं ।।**

[ध्यान सकियो ।
श्रीशाके १६३० (वि. सं. १७६५) वैशाखसङ्क्रान्तिमा उपकारको लागि सारिसिद्धियो ।]

(१२ सङ्ख्या)

## वि. सं. १७७३ मा सारिएको रेवन्तपूजाविधिको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको रेवन्तपूजाविधिको ६(क) पत्रमा लेखिएको छ ।

**इति रेवंतपूजाविधिः समाप्तः ।।...**

**श्रीशाके १६३८ माघमासे कृष्णपक्षे सप्तम्यां तिथौ भौमवासरे स्वातिनामनक्षत्रे समाप्तं ।।**

[रेवन्तपूजाविधि सिद्धियो ।
श्रीशाके १६३८ (वि. सं. १७७३) माघकृष्ण सप्तमी मङ्गलवार स्वातिनक्षत्रमा सारिसिद्धियो ।]

(१३ सङ्ख्या)

## वि. सं. १७७३ मा सारिएको शिवरात्रिव्रतकथाको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको शिवरात्रिव्रतकथाको ६ (ख) पत्रमा लेखिएको छ ।

**इति शिवपुराणे शिवरात्रिव्रतकथा समाप्तः ।।**
**श्रीशाके १६३८ समये चैत्रशुदि प्रतिपदातिथ्यायां शनिवासरे लिखितं समाप्तं ।।**

[शिवपुराणमा शिवरात्रिव्रतकथा सिद्धियो ।
श्रीशाके १६३८ (वि. सं. १७७३) चैत्रशुक्ल प्रतिपदा शनैश्चरवार सारिसिद्धियो ।]

(१४ सङख्या)

## वि. सं. १७७८ मा सारिएको त्रिपुरसुन्दरीराजराजेश्वरीकवचको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य दण्डपाणि अर्ज्यालको सङग्रहमा रहेको **त्रिपुरसुन्दरीराजराजेश्वरीकवचको** ४(क) पत्रमा लेखिएको छ ।

**इति श्रीकुलानंदतंत्रे त्रिपुरसुंदरीराजराजेश्वरीकवचं संपूर्णं ।।**
**श्रीशाके १६४३ समये वैशाषशुदित्रयोदस्यां गुरुवासरे कृष्णपक्षे लिखितं श्रीमद्दामोदरशर्म्मणा ।।**

[श्रीकुलानन्दतन्त्रमा त्रिपुरसुन्दरीराजराजेश्वरीकवच सिद्धियो ।
श्रीशाके १६४३ (वि. सं. १७७८) वैशाखशुक्ल त्रयोदशी बृहस्पतिवार ... श्रीदामोदर शर्माले सारिसिद्धयाए ।

(१५ सङख्या)

## वि. सं. १७८५ मा सारिएको रामस्तोत्रको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य सूर्यनाथ अर्ज्यालको संग्रहमा रहेको **रामस्तोत्रमा** लेखिएको छ ।

**इति रामस्तोत्र संपूर्ण ।।**
**श्रीशाके १६५० समये फाल्गुनवदि १ संपूर्ण**

[रामस्तोत्र सिद्धियो ।
श्रीशाके १६५० (वि. सं. १७८५) फाल्गुनकृष्ण प्रतिपदामा सारिसिद्धियो ।]

(१६ सङख्या)

## वि. सं. १७९० मा सारिएको मुहूर्तचिन्तामणिको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय चौथो १८४१ सङख्याको **मुहूर्तचिन्तामणिको** १८६(क) पत्रमा

लेखिएको छ । त्यस पुस्तकको लम्बाइ १४ अङ्गुल र चौडाइ ४·६ अङ्गुल छ । त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. बी ३४१/५ मा छ ।

**इति श्रीदैवज्ञानंतसुतदैवज्ञरामविरचितायां स्वकृ(त)मुहूर्त्तचिंतामणिटीकायां प्रमिताक्षरायां गृहप्रवेशप्रकरणं समाप्तिमगमत् ।। ।।**

**व्योमअंकधनविक्रमसंवत् १७९० मासि श्रावणसितेतरपक्षे ।। ।।**

**लोकराम ३० प्रमिते तिथिसंज्ञे विप्रवर्ज्यविदुषो व्यलीलिखत् ।। ।।**

**लिखितमिदं पुस्तकं वीरेश्वरोपाध्यायेन**

[दैवज्ञ श्रीअनन्तका छोरा दैवज्ञ रामले बनाएको मुहूर्त्तचिन्तामणिको उनैले बनाएको प्रमिताक्षरा टीकामा गृहप्रवेशप्रकरण सकियो ।

वि. सं. १७९० श्रावणकृष्ण अमावास्यामा विद्वान् असल ब्राह्मणले सारिसिद्धचाए ।

यो पुस्तक वीरेश्वर उपाध्यायले सारिसिद्धचाए ।]

(१७ सङ्ख्या)

## वि. सं. १७९३ मा सारिएको नरकचतुर्दशीस्नानपाठको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको **नरकचतुर्दशीस्नानपाठमा** लेखिएको छ ।

**नर्कचतुर्दशीस्नानपाठः ।। ...**

**श्रीशाके १६५८ मासे ७ कृष्णदशम्यां लिषितं पुस्तकं समाप्तं शुभं ।। मुरलीधरस्येदं पुस्तकं ।।**

[नरकचतुर्दशीस्नानपाठ सकियो ।

श्रीशाके १६५८ (वि. सं. १७९३) आश्विनकृष्ण दशमीमा यो पुस्तक सारिसिद्धियो । कल्याण होस् ।

यो पुस्तक मुरलीधरको हो ।]

(१८ सङ्ख्या)

## वि. सं. १७९६ मा सारिएको वर्णकोशको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको **वर्णकोशको** ६ (क) पत्रमा लेखिएको छ ।

**इति श्रीइंदुमौलिविरचिते वर्णकोशे प्रथमकल्पः समाप्तं ।।**

**श्रीशाके १६६१ मा ३**

[श्रीइन्दुमौलिले बनाएको **वर्णकोशमा** प्रथम कल्प सिद्धियो ।

श्रीशाके १६६१ (वि. सं. १७९६) ज्येष्ठ ।]

# मुगलसम्राट् औरङ्गजेबको धर्मनीति

—नयराज पन्त

आफ्ना साक्षात् बाबुलाई थुनेर
जेठा दाज्यूलाइ पक्री गिँडेर ।
देखाई सो टाउको बाबुलाई
छानी छानी बन्धुलाई निभाई ॥१॥

यस विधिसँग आफ्नो पुष्ट पारी प्रभाव
मुगलकुलज सम्राट्पुत्र औरङ्गजेब ।
मुसलिम बल पाई भैगएथे अठारौँ
शतकजनित पन्ध्रौँ वर्षमा भारतेश ॥२॥

अठारौँ शतकजनित पन्ध्रौँ वर्ष = वि. सं. १७१५ ।

भरतवसुमतीमा बास गर्ने समस्त
जन मुसलिम होऊन्, हून् अरू ता विनष्ट ।
यस नयतिर लागे भूप औरङ्गजेब
अकबर–नयको ता घट्न लाग्यो प्रभाव ॥३॥

हिन्दूको नाश होओस्, धरणितलमहाँ ती बनून् नामशेष,
होओस् हिन्दूहरूका सब सुरगृहको शीघ्रताले विनाश ।
यस्तो इच्छा भएका अतिशय बलिया भूप औरङ्गजेब
लागे हिन्दूहरूको सबतिर कसिई नष्ट गर्न प्रभाव ॥४॥

हिन्दूका देवताका सदनहरू बलै ढालिए यत्रतत्र,
हिन्दूका देवमूर्ति प्रहरणविधिले फोडिए यत्रतत्र ।
हिन्दूका देवमूर्ति प्रकटित विधिले पारिए दुष्पवित्र,
हिन्दूको तीर्थयात्रा अतिशय करले पारियो कष्टसाध्य ॥५॥

हिन्दूले तिर्नुपर्ने विविध करहरू बढ्न लागे क्रमैले,
हिन्दू जागीर खाने जन मुलुकभरी घट्न लागे क्रमैले ।
हिन्दूको धर्म छोडी मुसलिम मतमा पस्न जानेहरूले
राम्रो सम्मान पाए, मुसलिम जनता बढ्न लाग्यो क्रमैले ॥६॥

हिन्दूको दुर्दशा भो सबतिर यसरी, रोक्न त्यो यत्न गर्थे
क्यै हिन्दू, किन्तु ठूला मुगलनृपतिको मार ती खूप खान्थे ।
यो अत्याचार रोक्नाकन अति दरिलो शक्ति देखापरेन,
भो आर्यावर्त सारा मुगल–कुनयको दुष्टताको शिकार ॥७॥

वि. सं. २०३७।५।२९।१

# मेरा सैँतीसभन्दा अलि अधिक बिते वर्ष यस्तै कुराले

–नयराज पन्त

राजा छन् देवता झैं नरपतिगृहमा, ती न लिन्छन् न दिन्छन्,
राजा छैनन् प्रजाको पहुँचविषयमा, पूज्य मात्रै तिनी हुन् ।
सानैमा यो सुनेथें अनुभव पछि यै गर्न लागें क्रमैले,
मेरा सैँतीसभन्दा अलि अधिक बिते वर्ष यस्तै कुराले ॥१॥

हर्ताकर्ता सबैका, अधिपति सबका छन् महाराज खास,
जल्ले जान्यो रिझायो उनकन, उसमा पर्छ लक्ष्मीकटाक्ष ।
साह्रै गाह्रो छ किन्तु प्रभुवरपदको सामुमा पुग्नलाई,
बाठा खोज्छन् त्यसैले प्रभुवर पदमा पुग्न क्यै सूत्रलाई ॥२॥

अङ्ग्रेजी बोल्न जाने अलिकति बढिया मिल्छ जागीर नानी,
छन् केही पाकशाले जनहरु, जसले पढ्दछन् देववाणी।
पूजा आजाहरूको विधिकन त्यतिले नै पुगेको छ सम्फ,
पढ्दामा देववाणी अधिक अब यहाँ लाभ पो के हुनेछ ? ।।३।।

स्रेस्ता औँठा हिसाबप्रभृतिकन पढी औ दिई चार पास,
नौसिन्दा भै कमाऊ दश अनि रुपियाँ एक प्रत्येक मास ।
सुब्बा होऊ कमाऊ अनि सय रुपियाँ मासिकी वृत्तिबाट,
काजी होऊ र बग्गी चढ, प्रतिमहीना वृत्ति खाऊ हजार ।।४।।

श्रीश्रीश्रीका पियारा अनुजसुतहरू चीफसाहेब आदि
ठूलाठूला अनेकौँ प्रभुवरहरु छन् राज्यमा शक्तिशाली ।
बिस्तारै चाकडीले प्रभुवरहरुका एक ढोका समाऊ,
आफू खाऊ, खुवाऊ स्वजनकन, तिमी ह्वौ रवाफी, रमाऊ ।।५।।

ठूला साना अनेकौँ नरपतिगृहमा दान भै नै रहन्छन्,
ठूल्ठूला दान सोझै नृपतिगुरुहरू प्राय आफैँ सह्यार्छन् ।
सान्साना पारिदिन्छन् निजजनकन वा चाकडीदारलाई,
आफूमा छन् कृपालु क्षितिपगुरु भने मिल्छ क्यै खानलाई ।।६।।

खान्थ्यो जागीर थोरै, तर पनि अहिले घूसले भो धनी त्यो,
भन्ने चर्चा विचर्चा पनि घरघरमा प्राय भै नै रहन्थ्यो ।
मेरो भो जन्म जैले, जुन मुलुकमहाँ, जातिमा, वंशमाहाँ,
यस्तै यस्ता कुरा नै त्यस समय थिए जन्मभूआदिमाहाँ ।।७।।

वि. सं २०४६।५।२८।४

□

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)    का. मे. अ. द. नं. १५५/२४६

कार्यालय
**संशोधन-मण्डल**
वटु सवलबहाल
ग-१-५३०
काठमाडौँ ३
नेपाल
फोन नं. २-२०४९२

# वि.सं. २०४७ श्रावण

यस अङ्कको मूल्य रु. ३०।-

मुद्रक
लुम्ब प्रेस
नयाँ बानेश्वर
ख १, ३७३ काठमाडौँ-१
नेपाल
फोन नं. ४-७३५८६